सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१९ जेठ २०८३, मंगलबार (2 June 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ५० ■ पृष्ठ ८ | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. १०/-

■ रास्वपा सभापति रवि लामिछाने दिल्लीमा

## आज भाजपा नेतृत्व र विदेशमन्त्रीसँग वार्ता



लामिछाने नेतृत्वको टोलीलाई दिल्ली विमानस्थलमा भाजपाका राष्ट्रिय महासचिव अरुण सिंह र विदेश विभाग प्रमुख विजय चौथाइवालेले स्वागत गरे ।

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पाँचदिने औपचारिक भ्रमणका क्रममा सोमबार अपराह्न नयाँदिल्ली पुगेका छन् । भारतको सत्तारूढ भारतीय जनता पार्टीका अध्यक्ष नितिन नवीनको निमन्त्रणामा भएको उनको दिल्ली भ्रमणलाई राजनीतिक र कूटनीतिक वृत्तमा चासोपूर्वक हेरिएको छ ।

सभापति लामिछानेको प्रतिनिधिमण्डलमा सहमहामन्त्री विपिन आचार्य, विदेश विभाग प्रमुख तथा सांसद दीपक बोहोरा तथा लामिछानेपत्नी निकिता पौडेल छन् । लामिछानेले मंगलबार भाजपा अध्यक्ष नितिन र विदेशमन्त्री डा. एस. जयशंकरसँग औपचारिक वार्ता गर्ने तय भएको छ । त्यस्तै, बुधबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग शिष्टाचार भेट तय भएको उच्च कूटनीतिक स्रोतले बताएको छ । भेटमा सभापति लामिछानेले भारतसँग नेपालका प्राथमिकताहरूबारे छलफल गर्नेछन् ।


लामिछाने नेतृत्वको प्रतिनिधिमण्डललाई नयाँदिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय

» पृष्ठ २ मा क्रमशः

# कर्मचारीको तलब बढ्दा ढुकुटीमा थप ६० अर्ब व्ययभार

■ मन्त्रालयसहित विभाग/कार्यालय खारेज, मर्जर, हस्तान्तरण र पुनर्संरचना तथा दरबन्दी कटौतीबाट बचत हुने रकम प्रशासनलाई दक्ष बनाउन उपयोग गर्ने सरकारको नीति

### ■ अब कुन तहको कर्मचारीको तलब कति पुग्यो ?



| तह | हालको तलब | १०% वृद्धि भएको तलब | थपिएको प्रोत्साहन भत्ता | महँगी भत्ता | साउनदेखि पाउने तलब | ग्रेडबापत थपिने अधिकतम रकम |
|---|---|---|---|---|---|---|
| मुख्यसचिव | ७७,२११ | ७,७२१ | ८,४९३ | ५,००० | ९८,४२५ | अधिकतम २ ग्रेडको ५,५८४ |
| सचिव | ७२,०८२ | ७,२०८ | ७,९२९ | ५,००० | ९२,२१९ | अधिकतम २ ग्रेडको ५,२१३ |
| सहसचिव | ५६,७८७ | ५,६७८ | ६,२४६ | ५,००० | ७३,७११ | अधिकतम ७ ग्रेडको १४,३७५ |
| उपसचिव | ४८,७३७ | ४,८७३ | ५,३६१ | ५,००० | ६३,९७१ | अधिकतम ८ ग्रेडको १४,१०० |
| शाखा अधिकृत | ४३,६८९ | ४,३६८ | ४,८०५ | ५,००० | ५७,८६२ | अधिकतम ८ ग्रेडको १२,६३९ |
| नासु | ३४,७३० | ३,४७३ | ३,८२० | ५,००० | ४७,०२३ | अधिकतम १० ग्रेडको १२,५५९ |
| खरिदार | ३२,९०२ | ३,२९० | ३,६१९ | ५,००० | ४४,८११ | अधिकतम १० ग्रेडको ११,८९८ |
| कार्यालय सहयोगी (पाँचौं) | ३२,८५६ | ३,२८५ | ३,६१४ | ५,००० | ४४,७५५ | अधिकतम ४ ग्रेडको ४,७५२ |

**सुवास भट्ट**/नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्षदेखि लागू हुने गरी बजेटमार्फत घोषणा गरेको तलब वृद्धिले राज्यकोषमा थप ६० अर्ब रुपैयाँ व्ययभार हुने भएको छ । आर्थिक वर्ष ०८३/८४ को बजेटले राष्ट्रसेवक कर्मचारीका लागि हाल खाइपाइ आएको तलबमा १० प्रतिशत वृद्धि गरेर पुगेकोमा अरू १० प्रतिशत प्रोत्साहनसहित कुल २१ प्रतिशत तलब वृद्धि गरेको हो ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार अहिले राज्यकोषबाट तलब/पारिश्रमिक बुझ्नेहरूको संख्या झन्डै ६ लाख छ । अर्थ मन्त्रालयले तलब बढ्दा कति व्ययभार थपिन्छ भनेर अध्ययन गरेको छ । बजेटलेखन टिममा समेत रहेका मन्त्रालयका सहसचिव डा. धनीराम शर्माका अनुसार ६ लाख कर्मचारीको तलब बढ्दा वार्षिक

» पृष्ठ २ मा क्रमशः

■ बजेटमा कर्मचारीको पारिश्रमिक र सुविधामा दुई खर्ब ३७ अर्ब विनियोजन

■ निर्वाचित र राजनीतिक पदाधिकारी, न्यायाधीशलगायतका लागि अलग्गै निर्णय गर्नुपर्ने

(पृष्ठ २)

### कुन-कुन निकाय हुँदै छन् खारेज, मर्जर, हस्तान्तरण र पुनर्संरचना ?

मुख्य अधिकार तल्ला तहमा हस्तान्तरण भएका, जिम्मेवारी दोहोरिएका, कम आवश्यक देखिएका र बोझिलो संगठन संरचना भएका प्रकृतिका ३१ निकाय खारेज गर्ने घोषणा सरकारले बजेटमार्फत गरेको छ । त्यस्तै, ६ निकाय मर्जर, ६ हस्तान्तरण र १८ निकायको पुनर्संरचना गरिनेछ । सरकारले मन्त्रालयको संख्या १८ मा झारेपछि कम आवश्यक ठानिएका तलका निकाय पनि खारेज गर्ने घोषणा गरेको हो । मन्त्रालयसहित विभाग, कार्यालय र दरबन्दी कटौतीबाट बचत हुने रकम प्रशासनलाई दक्ष बनाउन उपयोग गर्ने नीति लिएको बजेट वक्तव्यमा उल्लेख छ ।

बदलिँदो आर्थिक कूटनीतिलाई मध्यनजर गरी डेनमार्क, ब्राजिल र दक्षिण अफ्रिकामा रहेका नेपाली दूतावास र चीनको छेन्दुमा रहेको नेपाली महावाणिज्य दूतावास, अमेरिकाको सानफ्रान्सिस्कोमा र भारतको विशाखापटनममा रहेको महावाणिज्य दूतावास खारेज गर्ने घोषणा बजेटले गरेको छ । त्यस्तै, कृषि मन्त्रालयअन्तर्गतका कपास विकास समिति, पशु विकास फर्म कार्यसञ्चालन कोष र राष्ट्रिय किसान आयोग, सञ्चार मन्त्रालयमातहतको न्यूनतम पारिश्रमिक निर्धारण समिति, शिक्षा मन्त्रालयअन्तर्गतका केन्द्रीय आयोजना कार्यान्वयन इकाइ, बर्दीबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना र सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना छन् । त्यस्तै, ऊर्जा मन्त्रालयमातहतका पूर्वाधार विकास इकाइ, कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजना, जोखिमयुक्त पहिरो व्यवस्थापन आयोजना, प्रणाली तथा एकीकृत बाली जल व्यवस्थापन कार्यक्रम र जलस्रोत संरक्षण आयोजना छन् ।

खारेज हुने निकायमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, बादी समुदाय उत्थान विकास समिति, उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समिति र पिछडिएको समुदाय उत्थान विकास समिति छन् । वन मन्त्रालयमातहतको चुरे उत्थानशील आयोजना र कानुन मन्त्रालयअन्तर्गतको केन्द्रीय कानुन पुस्तकालय विकास समितिसमेत खारेजीको सूचीमा छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयतर्फ जलमार्ग आयोजना तथा सहरी विकास मन्त्रालयअन्तर्गतको जग्गा विकास चक्रकोष र नगर विकास समितिहरूसमेत खारेज हुनेछन् । महिला मन्त्रालयअन्तर्गत रहेका समाज कल्याण परिषद् र राष्ट्रिय बाल अधिकार परिषद् खारेज हुने सूचीमा छन् । युवा मन्त्रालयमातहतको फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट खेलमैदान तथा खेलग्राम पूर्वाधार निर्माण समिति पनि खारेज हुँदै छन् ।

## बिचौलिया भट्ट र शंकर ग्रुपले बैंकको मात्रै ५४ करोड दुरुपयोग गरेको सिआइबीको निष्कर्ष

**नवराज मैनाली**/नयाँ पत्रिका

बिचौलिया दीपक भट्ट र शंकर ग्रुपले गरेका आर्थिक अपचलनबारे सरकारी निकायहरूले अनुसन्धान टुंग्याएका छन् । उनीहरूविरुद्ध पाँचवटा मुद्दा दायर गर्न रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालय पुगेको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट एउटा तथा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)बाट चार मुद्दा दायर गर्न सिफारिस भएको हो ।

सिआइबीले धितोपत्र कसुर, बिमा कसुर तथा बैंकिङ कसुरमा अनुसन्धान सकाएको छ । धितोपत्रको कसुरमा दुईवटा छुट्टाछुट्टै मुद्दा दायर गर्न सिफारिस गरिएको छ । सिआइबीले बैंकिङ कसुरमा भट्ट र शंकर ग्रुपले हिमालयन बैंकबाट लिएको ५४ करोड रुपैयाँ दुरुपयोग गरेको

» पृष्ठ २ मा क्रमशः



दीपक भट्ट

### ■ धितोपत्रको कसुरमा १० कम्पनीको संलग्नता

भट्ट र शंकर ग्रुपको मिलेमतोमा भएको धितोपत्रसम्बन्धी कसुरमा १० कम्पनी र त्यसमा आबद्ध ७० भन्दा धेरै व्यक्तिको संलग्नता रहेको निष्कर्ष सिआइबीको छ । हिमालयन रि-इन्स्योरेन्स र यसका सहायक कम्पनीहरूको संलग्नता रहेको सिआइबीले जनाएको छ । यसमा हिमालयन रिसहित नेपाल माइक्रो इन्स्योरेन्स, हिमालयन सेक्युरिटी बैंकर लिमिटेड, हिमालयन क्यापसर्भ लिमिटेड, हिमालयन इन्भेष्टमेन्ट बैंक लिमिटेड, क्रेस्ट माइक्रो इन्स्योरेन्स, प्रोएक्टिभ माइक्रो इन्स्योरेन्स, हिमालयन लाइफ इन्स्योरेन्स, गार्जियन माइक्रो लाइफ र भृकुटी स्टक ब्रोकर कम्पनीको मिलेमतो रहेको धितोपत्र बोर्ड र सिआइबीको निष्कर्ष छ ।

कांग्रेसले बनायो 'छाया सरकार'

## आङ्देम्बे 'प्रधानमन्त्री'

**यसअघि केपी ओलीको नेतृत्वमा नेकपाको सरकार हुँदा पनि कांग्रेसले छाया सरकारको अभ्यास गरेको थियो, जसको नेतृत्व तत्कालीन पार्टी सभापति तथा संसदीय दलका नेता शेरबहादुर देउवाले गरेका थिए**



भीष्मराज आङ्देम्बे

**प्रेम गौतम**/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल कांग्रेसले 'छाया सरकार' बनाएको छ । सरकारको कामकारबाहीको निगरानी गर्ने र संसदीय कामकारबाहीलाई प्रभावकारी बनाउने भन्दै सांसदहरूलाई प्रधानमन्त्रीदेखि मन्त्रीसम्मको जिम्मेवारी तोकेको हो ।

संसदीय दलका नेता भीष्मराज आङ्देम्बेलाई 'छाया प्रधानमन्त्री' तोकेको कांग्रेसले बाँकी १७ वटै मन्त्रालयमा छायामन्त्री बनाएको छ । आङ्देम्बेले नै

» पृष्ठ २ मा क्रमशः

### ■ यस्तो छ १८ सदस्यीय छाया मन्त्रिपरिषद्

- **गृह** : प्रकाशसिंह कार्की
- **अर्थ** : नरेन्द्रकुमार केरुङ
- **परराष्ट्र** : सुनीलबहादुर थापा
- **पूर्वाधार विकास** : मोहन आचार्य
- **शिक्षा तथा खेलकुद** : डा. फिर्दोष आलम
- **स्वास्थ्य तथा खाद्य स्वच्छता** : चन्द्रमोहन यादव
- **उद्योग, वाणिज्य तथा आपूर्ति** : विष्णुबहादुर खड्का
- **कृषि, वन तथा पर्यावरण** : डा. प्रमिलाकुमारी गच्छदार
- **कानुन, न्याय तथा संसदीय मामिला** : खम्मबहादुर खाती
- **रक्षा** : खड्ग शाही
- **सूचना तथा सञ्चार** : मनमाया विश्वकर्मा
- **युवा, श्रम तथा रोजगार** : गीता गुरुङ
- **विज्ञान, प्रविधि तथा नवप्रवर्तन** : सन्दीप राना
- **ऊर्जा, जलस्रोत तथा सिँचाइ** : सन्तोष सुब्बा
- **महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा** : गंगालक्ष्मी अवाल
- **भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन** : जनकराज गिरी
- **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन** : योगेश गौचन



● राजनीतिक विश्लेषक विजयकान्त कर्ण भन्छन्-

**जनतामा परेको अप्ठ्यारोबारे छाया सरकारले खबरदारी गर्न सक्छ**

■ विद्यालय छात्रवृत्तिमा राजधानीका दुई महानगर

## काठमाडौंमा मापदण्डबाट छानिन्छन्, गरिन्छ अनुगमन ललितपुरमा वडाको सिफारिस र विद्यालयको निर्णयबाट छनोट

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले विद्यालयस्तरको छात्रवृत्ति वितरण स्पष्ट मापदण्ड, छनोट समिति र प्रत्यक्ष अनुगमनमार्फत पारदर्शी बनाउँदै हजारौं विपन्न तथा जेहेनदार विद्यार्थीलाई निजी विद्यालयमा निःशुल्क अध्ययनको अवसर उपलब्ध गराइरहेको छ । तर, त्यससँगै जोडिएको ललितपुर महानगरपालिकामा भने छात्रवृत्ति वितरण प्रक्रिया अझै अपारदर्शी र विद्यालय तथा वडास्तरको सिफारिसमा निर्भर छ ।

ललितपुरमा निजी विद्यालयले पठाएको सूची र वडाध्यक्षको सिफारिसलाई महानगरले प्रायः सोझै स्वीकृत गर्ने गरेको छ । छात्रवृत्तिमा समावेश भएका विद्यार्थी वास्तवमै लक्षित वर्गका हुन् वा होइनन् भन्ने विषयमा प्रभावकारी छानबिन र अनुगमनको व्यवस्था छैन । परिणामतः छात्रवृत्तिको अवसर वास्तविक विपन्न, असहाय र जेहेनदार विद्यार्थीले पाएका छन् भन्ने सुनिश्चित गर्ने अवस्था देखिँदैन ।

देशको संघीय राजधानीभित्र पर्ने काठमाडौं र ललितपुर महानगरपालिकामा अब्बल सामुदायिक विद्यालयदेखि महँगा र गुणस्तरीय निजी विद्यालयहरू

» पृष्ठ २ मा क्रमशः

**काठमाडौं महानगरमा स्पष्ट मापदण्ड, छनोट समिति र प्रत्यक्ष अनुगमनमार्फत पारदर्शी हुँदा वास्तविक विपन्न, असहाय र जेहेनदार विद्यार्थीलाई अवसर छ । तर, ललितपुर महानगरमा भने छात्रवृत्ति वितरण प्रक्रिया अझै अपारदर्शी र विद्यालयको निर्णय तथा वडास्तरको सिफारिसमा निर्भर छ ।**

यस वर्ष काठमाडौंमा १ देखि १० सम्म २० हजार पाँच सयहाराहारीलाई छात्रवृत्ति प्रदान हुँदै, ललितपुरमा करिब १३ हजार विद्यार्थीले छात्रवृत्ति सुविधा पाउन सक्ने कोटा भए पनि छनोट प्रक्रियामा प्रश्न



**सुनिता डंगोल**, कार्यवाहक मेयर, काठमाडौं महानगर



**चिरिबाबु महर्जन**, मेयर, ललितपुर महानगर



● काठमाडौं महानगरका शिक्षा अधिकृत **ओमप्रसाद गौतम** भन्छन्-

**जेठ मसान्तभित्र सबै विद्यालयहरूमा सिफारिस गर्छौं**

कक्षा ११ र १२ मा परीक्षा लिएर विद्यार्थी छनोट गरिसकेका छौं । कक्षा १ देखि १० सम्मका लागि पनि जेठ मसान्तभित्र सबै निजी विद्यालयमा छात्रवृत्तिका विद्यार्थी सिफारिस गरिन्छ । छनोट भएका विद्यार्थीलाई पूर्ण छात्रवृत्ति उपलब्ध गराउन सबै निजी विद्यालयलाई पत्राचार गरिसकेका छौं । हाल महानगरको छात्रवृत्ति छनोट समितिले अन्तिम सूची तयार पार्ने काम गरिरहेको छ ।



● ललितपुर महानगरका शिक्षा अधिकृत **अशेषकान्त पौडेल** भन्छन्-

**महानगर आफैँले विद्यार्थी छनोट गर्दैन**

हाल वडाध्यक्षको सिफारिस र विद्यालयले पठाएको सूचीका आधारमा छात्रवृत्तिसम्बन्धी निर्णय हुन्छ । महानगर आफैँले विद्यार्थी छनोट गर्दैन । विपन्न वर्गका हकमा वडाध्यक्षको सिफारिस आवश्यक पर्छ भने अन्य विद्यार्थीको हकमा विद्यालयले पठाएको विवरणकै आधारमा निर्णय हुन्छ । ती विवरणको स्वतन्त्र रूपमा छानबिन र प्रमाणीकरण गर्ने संयन्त्र भने हामीसँग छैन ।

### प्रधानमन्त्रीको अभिव्यक्तिविरुद्ध चौतर्फी विरोध




संसद्मै उभिएर माफी माग्न र अभिव्यक्ति अभिलेखबाट हटाउन विपक्षी दलहरूको माग

(विस्तृत पृष्ठ ३)

### अदालतबाट किनारा लागिसकेका मुद्दामा पनि कर छुटको व्यवस्था

राज्यकोषमा आउने सुनिश्चित भइसकेको राजस्वसमेत गुम्ने जोखिम

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# बकपत्र र साक्षी परीक्षणमा न्यायाधीशको निगरानी सुनिश्चित गर्न निर्देशन

**काठमाडौं**/ प्रधानन्यायाधीश मनोजकुमार शर्माले बयान, बकपत्र साथै साक्षी परीक्षणमा न्यायाधीशको निगरानी सुनिश्चित गर्न निर्देशन दिएका छन्। शर्माले उच्च अदालतका मुख्यन्यायाधीश तथा मुख्य भई काम गर्ने न्यायाधीशहरूलाई सोमबार सूचना प्रविधिको प्रयोगमा जोड दिनुपर्ने भन्दै २२ बुँदे निर्देशन दिएका हुन्। 'पक्षको बयान, साक्षीको बकपत्र तथा प्रमाण परीक्षण गर्दा न्यायाधीशको प्रभावकारी निगरानी र सम्भव भएसम्म प्रविधि तथा उपकरणको प्रयोग सुनिश्चित गर्नुहोला। बयान र बकपत्रको शुद्धता, स्वैच्छिकता, गोपनीयता, अभिलेखीकरण र अदालतको नियन्त्रण कायम हुने गरी कार्यविधिको पालना गर्नुहोला। यस चरणमा हुने त्रुटिले मुद्दाको निष्पक्षता प्रभावित गर्न सक्ने भएकाले विशेष सतर्कता अपनाउनुहोला,' शर्माले भने।

शर्माले न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि, बक्यौता मुद्दा न्यूनीकरण, सुशासन, पारदर्शिता, प्रविधिको प्रभावकारी प्रयोग, सेवाप्रवाहमा सुधार र विकृति-विसंगतिप्रति शून्य सहनशीलताको नीति कार्यान्वयनसमेतका लागि विशेष ध्यानाकर्षण गराएका हुन्। उनले थपे, 'मुकाम छोड्दा अनिवार्य रूपमा बिदा स्वीकृत गराउने, अदालतपरिसरमा अनुशासन कायम गर्ने र सुरक्षाको संवेदनशीलताअनुसार आवश्यक व्यवस्था मिलाउनुहोला।' न्यायाधीश र कर्मचारी दुवैलाई आचारसंहिता पालना गर्न, अनुशासन र मर्यादित व्यवहार तथा सेवाप्रवाहप्रतिको उत्तरदायित्व कडाइका साथ पालना गर्नसमेत उनले भनेका छन्।

अदालती प्रक्रियालाई डिजिटल बनाउन र प्रविधिमैत्री बनाउनसमेत उनले न्यायाधीशहरूलाई निर्देशन दिए। उनले भने, 'भौतिक उपस्थितिमा लाग्ने समय, खर्च र असुविधा कम गर्न अनलाइन बहस, भिडियो कन्फरेन्सिङमार्फत साक्षी तथा विशेषज्ञको बकपत्र, म्यादथप, बयान र अन्य अदालती कार्यविधिगत प्रक्रियामा विस्तार गर्नुहोला। सम्भव भएसम्म इजलासमा हुने सुनुवाइको लाइभ स्ट्रिमिङका लागि आवश्यक प्राविधिक र व्यवस्थापकीय मापदण्ड तयार गरी कार्यान्वयनमा लैजानुहोला।'

उनले मुद्दाको कारबाही अवस्थाबारे एसएमएस, इमेल, सफ्टवेयर तथा अन्य डिजिटल माध्यमबाट पक्ष र सरोकारवालालाई जानकारी दिने कार्यलाई प्रभावकारी बनाउनुपर्ने बताएका थिए। अदालतहरूबिच पत्राचार र कागजात आदान-प्रदान पनि सकेसम्म सफ्टवेयर तथा इमेलमार्फत गर्ने व्यवस्था मिलाउन एवं मिसिल, फैसला, अभिलेख र कारबाही अवस्थाको डिजिटल प्रविष्टिलाई उच्च प्राथमिकतामा राख्न निर्देशित गरे। शर्माले थपे, 'म्याद तामेलीको प्रारम्भिक चरणदेखि नै सही ठेगाना, तामेलदारको जिम्मेवारी, म्यादको डिजिटल अभिलेख राखी अनुगमन र त्रुटि देखिएमा तत्काल सुधारको व्यवस्था मिलाउनुहोला।'

उनले गुनासो र सुझावलाई सम्बोधन गर्न पनि प्रविधिको प्रयोग गर्नुपर्ने उल्लेख गरे। यसका लागि अदालतको आधिकारिक इमेल/ह्वाट्सएप/भाइबर, टोल-फ्री नम्बर, अनलाइन गुनासो प्रणालीमध्ये आवश्यक माध्यम सञ्चालन गर्ने व्यवस्था मिलाउन निर्देशन दिए।

प्रधानन्यायाधीश शर्माले पेसी सूची समयमा प्रकाशन गर्न, प्रकाशन हुन नसकेमा कारण खुलाउन, तोकिएको समयमै इजलासमा बस्न, सुनुवाइ भएका मुद्दाको आदेश वा फैसलाको अवस्था सफ्टवेयरमा समयमै अद्यावधिक गर्ने व्यवस्था मिलाउन भनेका हुन्। साथै, हेर्न नभ्याइने, हेर्न नमिल्ने वा अनावश्यक स्थगित हुने अवस्थालाई न्यूनीकरण गर्न मुद्दा व्यवस्थापन, इजलास व्यवस्थापन र कानुन व्यवसायीसँगको समन्वयलाई व्यवस्थित गर्नसमेत निर्देशन दिएका छन्। फैसलाको पूर्णपाठ तयारीमा ढिलाइ हुने विषयबारे शर्माले भने, 'फैसलाको पूर्णपाठ तयार हुन लामो समय लाग्दा न्यायपालिकाप्रति नकारात्मक टिप्पणी हुने र मुद्दाका पक्षको न्यायप्राप्ति नै प्रभावित हुने भएकाले कानुनले तोकेको अवधिभित्र फैसला तयार गर्ने/गराउने विषयलाई उच्चप्राथमिकता दिनुहोला। फैसला लेखनको बक्यौता, सोको कारण, जिम्मेवार इजलास/शाखा र सुधार कार्यतालिका तयार गरी नियमित अनुगमन गर्नुहोला।'

# गोदावरी जंगलमा लागुऔषधको भण्डार

**काठमाडौं**/ युवाहरूमा लागुऔषध कारोबार र प्रयोगको डरलाग्दो विस्तारलाई स्पष्ट पार्ने प्रमाण सोमबार गोदावरी जंगलमा प्रहरी अपरेसनमा भेटिएको छ। सशस्त्रको इन्टेलिजेन्स ब्युरोको टोलीले गोदावरी नगरपालिका- २, बिशंखुनारायण मन्दिरनजिकै जंगलमा पतकरले छोपेर भण्डारण गरेको अवस्थामा दुई लाख १० हजार ६४० क्याप्सुल ट्रमाडोल हाइड्रोक्लोराइड क्याप्सुल बरामद गरेको हो। कारोबार गर्ने समूहकै व्यक्तिलाई पक्रेर अनुसन्धान गरेपछि लागुऔषध भण्डार फेला परेको हो। प्रहरी अधिकारीका अनुसार लागुऔषध अपरेसनमा यो बरामद अहिलेसम्मकै ठुलोमध्येको हो।

सूचनाका आधारमा ब्युरोले १२ जेठमा गिरोहका वीरध्वज तामाङलाई पक्राउ गरी ठिमी वृत्तमा राखेर अनुसन्धान गरेको थियो। लागुऔषधका मुख्य धनी काभ्रेपलाञ्चोकका ३८ वर्षीय शान्तबहादुर तामाङ भएकोसमेत खुलेको छ। उनलाई पनि सोमबार सशस्त्रले पक्राउ गरिसकेको छ। उनी ट्याक्सीचालक हुन्। तामाङको प्रदेश ०१-००२ ज ८८६३ नम्बरको ट्याक्सीसमेत बरामद गरी नेपाल प्रहरीलाई बुझाइएको सशस्त्रका प्रवक्ता डिआइजी विष्णुप्रसाद भट्टले बताए। अनुसन्धानका क्रममा ट्याक्सीचालक तामाङले उक्त लागुऔषध कलंकीबाट गोदावरी जंगलमा लगेर लुकाएको खुलेको छ। उनीसहित धेरै व्यक्तिको संलग्नतामा लागुऔषध ओसारपसार तथा कारोबार भएको आशंकामा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।



दुई लाख १० हजार ६४० क्याप्सुल ट्रमाडोल हाइड्रोक्लोराइड क्याप्सुल जंगलमा पतकरले छोपेर लुकाएको अवस्थामा बरामद

## आज भाजपा...

पृष्ठ १ बाट क्रमशः

विमानस्थलमा भाजपा अध्यक्षको सचिवालय हेर्ने राष्ट्रिय महासचिव अरुण सिंह र विदेश विभाग इन्चार्ज विजय चौथाइवाले तथा भारतका लागि कार्यवाहक नेपाली राजदूत डा. सुरेन्द्र थापाले स्वागत गरेका छन्। सिंह र चौथाइवालेले सभापति लामिछानेलाई स्वागत गर्दै ट्विटसमेत गरेका छन्।

पछिल्लो चुनावबाट संसद्को सबैभन्दा ठुलो दलका रूपमा रास्वपा उदाएपछि भारत भ्रमण गर्ने पहिलो शीर्ष नेता लामिछाने हुन्। दुई देशका सत्तारूढ दलका शीर्ष नेताहरूबिचको यो पहिलो भेटवार्ता हो। 'मंगलबार सभापति लामिछानेलाई भाजपा नेतृत्वले पार्टी मुख्यालयमा स्वागत गर्ने कार्यक्रम छ, जहाँ लामिछाने र अध्यक्ष नितिनबिच दिवाभोजसहित वार्ता हुनेछ,' भाजपा विदेश विभाग स्रोतले नयाँ पत्रिकासँग भन्यो।

नेपालमा गत भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि ५ फागुनमा भएको चुनावी परिणामबाट रास्वपाले करिब दुईतिहाइ मत हासिल गरेसँगै भारतीय प्रधानमन्त्री मोदीले रास्वपा सभापति लामिछाने र वरिष्ठ नेता शाह (हाल प्रधानमन्त्री)लाई टेलिफोन गरेर बधाई दिएका थिए।

भाजपा विदेश विभाग इन्चार्ज चौथाइवालेले भाजपा र रास्वपाबिचको सम्बन्ध सुदृढीकरणमा यो भ्रमण केन्द्रित रहेको जानकारी दिएका छन्। 'भाजपाले नेपालको सत्तारूढ रास्वपासँग नियमित कुराकानी गर्ने च्यानल स्थापना गर्न खोजिरहेको छ। हामी निश्चय नै दुई पार्टीबिच संवाद सेटअप गर्नेछौँ। यो हाम्रा लागि पनि नयाँ हो। हामी आशावादी छौँ कि यसले एक प्रकारको नियमित संवादको ढोका खुल्नेछ,' भारतीय मिडिया द प्रिन्टलाई चौथाइवालेले सोमबार भनेका छन्।

नयाँदिल्लीस्थित नेपाल-भारत सम्बन्धका जानकार नविता श्रीकान्तले सभापति लामिछानेको भ्रमणले परम्परागत कूटनीतिभन्दा बाहिर गएर रचनात्मक संलग्नताका लागि दुवै पक्षलाई अवसर प्रदान गरेको टिप्पणी गरिन्। 'दिल्लीको अहिले चासो कुनै खास राजनीतिक दलमा नभएर एक स्थिर, लोकतान्त्रिक र समृद्ध नेपालका लागि हो। सभापति लामिछानेको भ्रमणले दुई छिमेकीहरूबिचको आपसी विश्वास गहिरो बनाउँदै नेपालको लोकतान्त्रिक जग बलियो बनाउन योगदान पुऱ्याउन सक्छ,' श्रीकान्तले टेलिफोनमा भनिन्, 'नेपाल भारतको विस्तारित आर्थिक साझेदारीको सञ्जालबाट लाभान्वित हुन विशिष्ट स्थितिमा छ। लामिछानेको भ्रमण नेपालका लागि भारतसँगको एक विश्वसनीय साझेदारीका लागि ठुलो फड्को मार्ने र बढीभन्दा बढी फाइदा लिने अवसर हो।'

## बिचौलिया भट्ट...

पृष्ठ १ बाट क्रमशः

निष्कर्ष निकालेको छ। शंकर ग्रुपको जगदम्बा स्टिल्सले हिमालयन बैंकबाट लिएको कर्जा मिलेमतोमा दुरुपयोग गरी भट्टले प्रयोग गरेका थिए। ऋणमध्ये करिब ५४ करोड रुपैयाँ कम्पनीबाट भट्टको व्यक्तिगत खातामा लगेर दुरुपयोग भएको थियो। नेपाल राष्ट्र बैंकबाट समेत विज्ञ झिकाएर यसमा सिआइबीले अनुसन्धान गरेको थियो। कर्जाको उद्देश्यविपरीत प्रयोग गरेपछि बैंकिङ कसुरमा मुद्दा दायर गर्न लागिएको हो।

विज्ञहरूको सहयोगमा अनुसन्धान सकेर प्रतिवेदन बुझाइएको सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले बताए। दुई वर्षअघि नै राष्ट्र बैंकको छानबिनमा यो तथ्य खुलिसकेको थियो। तर, तत्कालीन सरकारको संरक्षणका कारण अनुसन्धान हुन सकेको थिएन।

### धितोपत्रको कसुरमा १० कम्पनीको संलग्नता

भट्ट र शंकर ग्रुपको मिलेमतोमा भएको धितोपत्रसम्बन्धी कसुरमा १० कम्पनी र त्यसमा आबद्ध ७० भन्दा धेरै व्यक्तिको मिलेमतो रहेको निष्कर्ष सिआइबीको छ। हिमालयन रि-इन्स्योरेन्स र यसका सहायक कम्पनीहरूको संलग्नता रहेको सिआइबीले जनाएको छ। यसमा हिमालयन रिसहित नेपाल माइक्रो इन्स्योरेन्स, हिमालयन सेक्युरिटी बैंकर लिमिटेड, हिमालयन क्यापसर्भ लिमिटेड, हिमालयन इन्भेष्टमेन्ट बैंक लिमिटेड, क्रेस्ट माइक्रो इन्स्योरेन्स, प्रोएक्टिभ माइक्रो इन्स्योरेन्स, हिमालयन लाइफ इन्स्योरेन्स, गार्जियन माइक्रो लाइफ र भृकुटी स्टक ब्रोकर कम्पनीको मिलेमतो रहेको धितोपत्र बोर्ड र सिआइबीको निष्कर्ष छ।

सिआइबीले धितोपत्र बोर्डका विज्ञसँग मिलेर यसको अनुसन्धान गरेको थियो। जसमा हिमालयन रि-इन्स्योरेन्सका तत्कालीन अध्यक्ष शेखर गोल्छा, बिचौलिया भट्ट, शंकर ग्रुपका सुलभ अग्रवाललाई मुख्य प्रतिवादीका रूपमा विश्लेषण गरिएको छ।

त्यस्तै, हिमालयन रि-इन्योरेन्सका तत्कालीन सञ्चालकहरू अमित मोर, राजीव मोर, शुभेच्छा खरेल, सुभाषकुमार झुनझुनवाला र मनीष कुमार तथा सिइओ उपासना पौडेललाई मुद्दा चलाउन सिफारिस गरिएको छ। नेपाल माइक्रो इन्स्योरेन्स लिमिटेडका सञ्चालकहरू सिद्धान्त झुनझुनवाला, लतिका गोल्यान, बद्री सिग्देल, प्रविना दाहाल र सुजल मल्ल तथा हिमालयन सेक्युरिटी बैंकर लिमिटेडका सीताराम वाग्ले र आकांक्षा गुप्ताको मिलेमतो रहेको सिआइबीको निष्कर्ष छ। हिमालयन क्यापसर्भकाअध्यक्ष शिशिर गैह्रेविरुद्ध पनि मुद्दा चलाउन सिफारिस गरिएको छ।

हिमालयन इन्भेष्टमेन्ट बैंकरका सञ्चालकहरू कपिलकुमार दाहाल, राजनप्रसाद अधिकारी, बिनु घिमिरे, नारायणकुमार अधिकारी, उत्सव प्रधानांग, सुभाष पौडेल, शालिनी संघई र प्रतीक जोशी तथा क्रेस्ट माइक्रो इन्स्योरेन्सका विदुर पुरी, गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सका डा. जयप्रकाश जैसवाल, उद्धवनारायण भट्टराई, प्रमोदप्रसाद भट्टराई, ज्योति अग्रवाल, नवराज मुडभरी, चिरायु भण्डारी, ज्योतिप्रकाश पाण्डे र समीर खरेलमाथि पनि मुद्दा चल्ने भएको छ।

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सका कीर्तिका अग्रवाल, दिनेश सरिया, हिमालयन लाइफ इन्स्योरेन्सका विवेककुमार शाह, लक्ष्मण ज्ञवाली, राजीवप्रसाद प्याकुरेल, आशिष ढकाल, सौरभ दुगड, सचिन आचार्य, प्रमिला केसी र दिगम्बर झा अनुसन्धानमा तानिएका हुन्। उनीहरूले सेयर बजारमा सर्कुलर ट्रेडिङमार्फत झुटा कारोबार गरेको सिआइबीको निष्कर्ष छ। यसका लागि ५५ नम्बर ब्रोकर कम्पनी भृकुटी स्टक ब्रोकरले सघाएको थियो। सो ब्रोकरलाई धितोपत्र बोर्डले निलम्बन गरिसकेको छ। उक्त कम्पनीविरुद्ध पनि मुद्दा चलाउने तयारी छ। यस मुद्दामा दीपक भट्ट र सुलभ अग्रवाल करिब दुई महिनादेखि थुनामा छन्। सुरुमा धितोपत्र तथा बिमासम्बन्धी कसुरमा मुद्दा चलाएर उनीहरूविरुद्ध सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउने सरकारी वकिलको तयारी छ।

उनीहरूविरुद्ध नेपाल राष्ट्र बैंकसहित धितोपत्रबोर्ड, बिमा प्राधिकरण, सिआइबी तथा सरकारी वकिल मिलेर संयुक्त अनुसन्धान गरेका हुन्। नेपालमा भएको यो अहिलेसम्मकै ठुलो आर्थिक अपचलन मानिएको छ।

## आङ्देम्बे...

पृष्ठ १ बाट क्रमशः

छाया सरकारमा सांसदहरूलाई जिम्मेवारी दिएका हुन्।

प्रकाशसिंह कार्की गृह, नरेन्द्रकुमार केरुङ अर्थ, सुनीलबहादुर थापा परराष्ट्र, मोहन आचार्य पूर्वाधार विकास र डा. फिर्दोष आलम शिक्षा तथा खेलकुद मन्त्रालयका छायामन्त्री तोकिएका छन्। त्यस्तै, डा. चन्द्रमोहन यादव स्वास्थ्य तथा खाद्य स्वच्छता, विष्णुबहादुर खड्का उद्योग, वाणिज्य तथा आपूर्ति, डा. प्रमिलाकुमारी गच्छदार कृषि, वन तथा पर्यावरण, खम्मबहादुर खाती कानुन, न्याय तथा संसदीय, खड्ग शाही रक्षा र मनमाया विश्वकर्माले सूचना तथा सञ्चार मन्त्रालयको जिम्मेवारी पाएका छन्। यसबाहेक गीता गुरुङलाई युवा, श्रम तथा रोजगार, सन्दीप रानालाई विज्ञान, प्रविधि तथा नवप्रवर्तन, सन्तोष सुब्बालाई ऊर्जा, जलस्रोत तथा सिँचाइ, गंगालक्ष्मी अवाललाई महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा, जनकराज गिरीलाई भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन र योगेश गौचनलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारी दिइएको छ।

मन्त्रालयगत रूपमा कामको जानकारी लिन र सहजीकरण गर्न सांसदहरूलाई सम्पर्क व्यक्तिको रूपमा तोकिएको कांग्रेस प्रमुख सचेतक बासना थापाले जानकारी दिइन्। 'मन्त्रालयमा भइरहेको कामको जानकारी लिने र सहजीकरण गर्ने गरी माननीयज्यूहरूलाई जिम्मेवारी दिइएको छ। संघीय संसद्का दुवै सदनका माननीयको जिम्मेवारी तोकिएको छ,' थापाले भनिन्। थापा भने छाया सरकारमा कुनै जिम्मेवारीमा छैनन्। प्रमुख सचेतक भएकाले नियमित काममै व्यस्त हुने भएकाले थापालाई थप जिम्मेवारी नतोकिएको एक सांसदले जानकारी दिए।

राजनीतिक विश्लेषक विजयकान्त कर्ण छाया सरकारले जनतामा परेको अप्ठ्यारोबारे खबरदारी गर्ने र संसद्मा आवाज उठाउन सक्ने बताउँछन्। 'छाया सरकार बनाउने अभ्यास विश्वमा हुँदै आएको छ। बेलायत, भारत, सिंगापुर, न्युजिल्यान्ड, अस्ट्रेलियामा पनि यस्तो चलन छ। नेपालमा सुरुमा एमालेले छाया सरकारको अभ्यास गरेको थियो। त्यसपछि यसअघि पनि कांग्रेसले यस्तो अभ्यास गरेको थियो। तर, ती अभ्यास प्रभावकारी भएका थिएनन्,' उनले भने, 'मन्त्रालयगत रूपमा भएका गतिविधि, अनियमितता, भ्रष्टाचार र नीतिगत रूपमा जनतामा परेको अप्ठ्यारोबारे छाया सरकारले खबरदारी गर्ने र संसद्मा छलफल चलाउने गर्न सक्छ। प्रभावकारी ढंगले छाया सरकारले काम गर्न सक्यो भने देश, जनता र स्वयं पार्टीलाई राम्रै गर्छ।'

यसअघि तत्कालीन नेकपाको दुईतिहाइको सरकार छँदा प्रतिपक्षी कांग्रेसले छाया सरकार बनाएको थियो। तत्कालीन कांग्रेस सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाले आफ्नै नेतृत्वमा छाया सरकार बनाएका थिए। एमालेले त नेपालको संसदीय इतिहासमै पहिलोपटक ०४८ मै छाया सरकारको अभ्यास गरेको थियो।

### संसदीय समितिको पनि जिम्मा

कांग्रेसले सांसदलाई संसदीय समितिको जिम्मेवारी पनि तोकेको छ। राज्य व्यवस्था तथा सुशासनमा रेखाकुमारी यादव, अर्थमा खडकबहादुर बुढा, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटनमा रेनुका काउचा मगर, उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हितमा टेकबहादुर गुरुङ र कानुन, न्याय तथा मानव अधिकारमा निनुकुमारी कर्णलाई तोकिएको छ।

त्यस्तै, कृषि, सहकारी तथा प्राकृतिक स्रोतमा गीताकुमारी सेन्दाङ, पूर्वाधार विकासमा भरत स्वाँर, महिला तथा सामाजिक मामिलामा रिना उप्रेती केसी र शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिमा सीता थपलियालाई तोकिएको छ। समन्वयकर्ताको रूपमा जिम्मेवारी तोकिएको प्रमुख सचेतक थापाले बताइन्।

## कर्मचारीको...

पृष्ठ १ बाट क्रमशः

६० अर्ब रुपैयाँ व्ययभार थपिने अनुमान गरिएको छ। सरकारले वृद्धि गरेको यो तलब निजामती कर्मचारी, सेना, प्रहरी र सशस्त्रसहित तीनै सुरक्षा अंग, स्वास्थ्य सेवा, संसद् सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र प्रदेश तथा स्थानीय तहका कर्मचारीदेखि संस्थानसहित सबै कर्मचारीका हकमा लागू हुनेछ।

बहालवालाका अतिरिक्त पेन्सनधारीहरू पनि तलब वृद्धिबाट लाभान्वित हुनेछन्। तलब बढेको अनुपातमा पेन्सन पनि वृद्धि हुनेछ। निजामती सेवा ऐनमा बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अंकमा जति वृद्धि भएको छ त्यसको दुईतिहाइ रकम समान पदका निवृत्त निजामती कर्मचारीहरूको निवृत्तिभरण रकममा पनि थप गरिने व्यवस्था छ। ऐनको व्यवस्थाअनुसार सेवानिवृत्तहरूको पनि बहालवालाको वृद्धि भएको अंकको दुईतिहाइले मासिक पेन्सन रकम बढ्नेछ।

सरकारले कर्मचारीको तलबमा १ खर्ब ८७ अर्ब ८७ करोड ८१ लाख रुपैयाँ र भत्तामा २० अर्ब ५७ करोड २७ लाख गरी कुल २ खर्ब ८ अर्ब ४५ करोड ८ लाख विनियोजन गरेको छ। यो चालू आर्थिक वर्षको संसोधित खर्च अनुमानको तुलनामा ७० अर्ब ६६ करोड ४४ लाख रुपैयाँले बढी हो। चालू आवमा सरकारले कर्मचारीको तलब र भत्तामा १ खर्ब ३७ अर्ब ७८ करोड ६४ लाख रुपैयाँ खर्च हुने अनुमान गरेको छ। त्यस्तै, त्यसअघि आव २०८१/८२मा सरकारले कर्मचारीको तलब भत्तामा १ खर्ब ३१ अर्ब ८ करोड ३७ लाख वास्तविक खर्च गरेको थियो।

### प्रोत्साहन भत्ता एकमुस्ट सबैलाई

बजेट वक्तव्यमा कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको सुरुवात गर्न नयाँ तलबमानको १० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरिएको उल्लेख छ। प्रोत्साहन भत्ता कार्यसम्पादनका आधारमा दिने अवधारणा हो। तर, सरकारले सबै कर्मचारीलाई एकमुस्ट १० प्रतिशत प्रोत्साहन भत्ता दिने घोषणा गरेको छ। आइतबार अर्थ मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रोत्साहन भत्ताको विषयमा प्रश्न उठेपछि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले तलब वृद्धिको आधारमा १० प्रतिशत प्रोत्साहन दिइने प्रस्ट पारे। 'बढेको तलब (१० प्रतिशत तलब वृद्धिपछि) को आधारमा अर्को १० प्रतिशत प्रोत्साहन भत्ता दिइएको हो,' उनले भने, 'यो अहिलेलाई सबैले पाउँछन्। पछि कार्यसम्पादनसम्बन्धी मिजर (मापदण्ड) सुरु गरिएपछि मिलान हुन सक्छ। त्यसपछि दिइने प्रोत्साहन भत्ता भने साँच्चिकै कार्यसम्पादनकै आधारमा हुनेछ।' महँगी भत्ता यथावत् राखिएको विषयसमेत उल्लेख गर्दै तलबबारेको चासोउपर उनले भने, 'तलब वृद्धि २१ प्रतिशत नै हो है, यसमा द्विविधा नहोस्।'

अर्थ मन्त्रालयका अधिकारीहरूका अनुसार प्रोत्साहन भत्ता हाललाई सबैलाई एकमुस्ट दिइए पनि पछि मापदण्ड ल्याएर कार्यसम्पादनमा आधारित बनाई व्यवस्थित गर्ने योजना छ।

### कर्मचारीको पारिश्रमिक सुविधामा दुई खर्ब ३७ अर्ब विनियोजन

आगामी आर्थिक वर्षका लागि सरकारले पारिश्रमिक सुविधामा मात्र करिब दुई खर्ब ३७ अर्ब रुपैयाँ विनियोजन गरेको छ। बजेट वक्तव्यको खर्च शीर्षकगत व्यय अनुमान (भुक्तानी विधिका आधारमा) अनुसार आगामी आवमा पारिश्रमिक र सुविधातर्फ दुई खर्ब ३६ अर्ब ९३ करोड ५७ लाख विनियोजन गरिएको छ। यसमा कर्मचारी र पदाधिकारीको पारिश्रमिक, पोसाक, खाद्यान्न, औषधोपचार खर्च, स्थानीय भत्ता, महँगी भत्ता, फिल्ड भत्ता, कर्मचारीको बैठक भत्ता, कर्मचारी प्रोत्साहन तथा पुरस्कार, वैदेशिक भत्ता, अन्य भत्ता, पदाधिकारी बैठक भत्ता, पदाधिकारीको अन्य सुविधा र पदाधिकारीको अन्य भत्ता समावेश छन्।

चालू आवमा सरकारले विनियोजन गरेको पारिश्रमिक सुविधा शीर्षकको अंक एक खर्ब ७६ अर्ब ८७ करोड ६३ लाख रुपैयाँ छ। चालू आवमा सरकारले विनियोजन गरेभन्दा ६० अर्ब पाँच करोड ९४ लाख रुपैयाँ आगामी आवका लागि विनियोजन भएको छ। आव ०८१/८२ मा सोही शीर्षकमा विनियोजन अंक एक खर्ब ६० अर्ब ३१ करोड ५८ लाख थियो।

### निर्वाचित र राजनीतिक पदाधिकारी, न्यायाधीशलगायतका लागि अलग्गै निर्णय गर्नुपर्ने

सरकारले वृद्धि गरेको तलबले राष्ट्रसेवक कर्मचारीका हकमा सम्बोधन गरेको छ। तर, राष्ट्रसेवक पदाधिकारीलाई भने यसले छुँदैन। कानुनमा अलग्गै व्यवस्था भएका राजनीतिक तथा निर्वाचित पदाधिकारी, न्यायाधीशलगायतका हकमा बजेटमा उल्लेख भएकै आधारमा तलब वृद्धि लागू हुँदैन। विशिष्टीकृत कानुनले नै व्यवस्था गर्ने पदाधिकारीका हकमा तलब सुविधाबारे अलग्गै निर्णय गर्नुपर्छ।

संघीय सांसदको सेवा सुविधाबारे 'संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३' छ। स्थानीय तहसहित प्रदेश संसद् तथा सरकारका निर्वाचित, राजनीतिकलगायतका पदाधिकारीको पारिश्रमिक र सुविधाबारे हरेक प्रदेशले आ-आफ्नै कानुन बनाएका छन्। संघीय मन्त्रिपरिषद्का प्रधानमन्त्री र मन्त्रीहरूबारे 'मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०४९' मा व्यवस्था छ। सर्वोच्चदेखि जिल्ला अदालतमा कार्यरत न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका सर्तको अलग्गै ऐन छन्। राष्ट्रपति, उपराष्ट्रपतिदेखि संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको सर्त र सुविधाबारे पनि तत्तत् कानुनमै व्यवस्था छ।

उदाहरणका लागि संघीय, प्रदेशदेखि स्थानीय तहका जनप्रतिनिधि, मन्त्रिपरिषद्का सदस्यहरू, न्यायाधीश, संवैधानिक निकायका पदाधिकारीको सेवासुविधा र पारिश्रमिकको व्यवस्था सम्बन्धित कानुनले नै गरेका छन्। यस्तो हुँदा सम्बन्धित कानुनले नेपाल सरकारले तोकेबमोजिम 'हुन्छ' भनेको अवस्थामा मन्त्रिपरिषद्बाट निर्णय भएबमोजिम नै हुन्छ। त्यस्तै, नभनेको अवस्थामा पनि मन्त्रिपरिषद्ले अनुसूची हेरफेर गर्न सक्छ। विगतमा पनि यसरी नै तलब वृद्धिबारे निर्णय हुँदै आएका छन्।

अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्सालका अनुसार राष्ट्रसेवक कर्मचारीको हकमा बजेटमा तलब वृद्धिको निर्णय भएकामा पदाधिकारीका हकमा मन्त्रिपरिषद्बाट अलग्गै निर्णय हुनुपर्छ। यस विषयमा मन्त्रिपरिषद्बाट निर्णय गरेपछि स्पष्ट हुने उनको भनाइ छ। 'राष्ट्रसेवक भनेपछि त्यसमा पदाधिकारीहरू पनि पर्ने भएकाले उहाँहरूले पनि सुविधा पाउनुहुन्छ,' उनले भने, 'यसबारे मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्छ।' तलब सुविधाको व्यवस्था आगामी १ साउनदेखि लागू हुने भएकाले त्यसअघि नै यसबारे आवश्यक निर्णय सरकारले गर्ने उनले बताए।

### दूतावासबाहेक २५ निकाय खारेज गर्दा ३१९ कर्मचारीको व्यवस्थापन गर्नुपर्ने

सरकारले निकायहरू खारेज गर्दा त्यहाँ कार्यरत ठुलो संख्याका कर्मचारीको व्यवस्थापन गर्नुपर्ने अवस्था छ। विदेशस्थित दूतावास र महावाणिज्य दूतावासबाहेक २५ निकाय खारेज गर्ने सूचीमा छन्। ती निकाय र संरचना खारेज गर्दा ३१९ कर्मचारीको व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

अनावश्यक संरचना खारेजी तथा व्यवस्थापनबारे सरकारले यसअघि एउटा उच्चस्तरीय कार्यदल नै गठन गरेर अध्ययन गरेको थियो। सरकार गठनकै वेला १३ चैतमा ल्याइएको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ११ मा 'नेपाल सरकारअन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाहरूको समग्र मूल्यांकन गरी खारेजी, एकीकरण वा पुनर्संरचना गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि रहेको एक उच्चस्तरीय कार्यदल गठन गर्ने तथा सो कार्यदललाई एक महिनाभित्र स्पष्ट सिफारिससहितको प्रतिवेदन पेस गर्न कार्यादेश दिने' उल्लेख थियो। यही कार्यसूची कार्यान्वयनका क्रममा प्रधानमन्त्री कार्यालयले कार्यालयको विकास व्यवस्थापन क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा सात सदस्यीय उच्चस्तरीय कार्यदल गठन गरेको थियो। प्रधानमन्त्री कार्यालयकै शासकीय मामिला हेर्ने र कानुन तथा मानव अधिकार क्षेत्र हेर्ने सचिव, अर्थसचिव, उद्योगसचिव, संघीय मामिला सचिव सदस्य र प्रधानमन्त्री कार्यालयकै सहसचिव सदस्यसचिव भएको उक्त कार्यदलले गत १७ वैशाखमा सरकारलाई प्रतिवेदन बुझाएको थियो।

'नेपाल सरकारअन्तर्गत रहेका बोर्ड, समिति, आयोजना तथा अन्य संस्थागत संरचनाहरूको खारेजी, एकीकरण तथा पुनर्संरचना सिफारिस उच्चस्तरीय कार्यदल'ले बुझाएको संरचनाहरूको खारेजी, एकीकरण तथा पुनर्संरचनासम्बन्धी प्रतिवेदनले २५ निकाय खारेज गर्दा त्यहाँ कार्यरत ३१९ जनशक्तिको व्यवस्थापन गर्नुपर्ने भनेको छ। त्यसमा १४० स्थायी कर्मचारी छन्। त्यस्तै, ६ अस्थायी, १५५ करार र १८ अन्य कर्मचारीको पनि व्यवस्थापन गर्नुपर्ने भनिएको छ।

## काठमाडौंमा...

पृष्ठ १ बाट क्रमशः

छन्। यहाँका सामुदायिकसँगै निजी विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्छन्। सामुदायिक विद्यालयमा निःशुल्क पढ्न पाए पनि निजीमा पढ्न भने चर्को शुल्क तिर्नुपर्छ। जसका कारण कतिपय विद्यार्थीको निजीमा पढ्ने सपना अधुरो हुन्छ।

काठमाडौं महानगरपालिकाले हरेक वर्ष नयाँ शैक्षिक सत्रलगत्तै व्यवस्थित तबरले छात्रवृत्तिका लागि विद्यार्थीको नाम निजी विद्यालयलाई सिफारिस गर्छ। त्यो सिफारिसमा दूरदराजका बालबालिकादेखि विपन्न र गरिब परिवारका बालबालिका अट्छन्। काठमाडौं महानगरपालिकाले यस वर्ष मात्रै कक्षा १ देखि १० सम्म २० हजार पाँच सय हाराहारीलाई छात्रवृत्ति प्रदान गर्दै छ। यसको टुंगो जेठ मसान्तसम्म लाग्नेछ।

काठमाडौं महानगरपालिकाका शिक्षा अधिकृत ओमप्रसाद गौतमका अनुसार छात्रवृत्ति छनोट प्रक्रिया अन्तिम चरणमा पुगेको छ। महानगरले कक्षा ११ र १२ का लागि प्रवेश परीक्षा सञ्चालन गरी विद्यार्थी छनोट गरिसकेको छ भने कक्षा १ देखि १० सम्मका लागि पनि जेठ मसान्तभित्र सबै निजी विद्यालयमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको टुंगो लगाउनेछ। 'कक्षा ११ र १२ मा परीक्षा लिएर विद्यार्थी छनोट गरिसकेका छौँ। कक्षा १ देखि १० सम्मका लागि पनि जेठ मसान्तभित्र सबै निजी विद्यालयमा छात्रवृत्तिका विद्यार्थी सिफारिस गरिन्छ,' गौतमले भने, 'छनोट भएका विद्यार्थीलाई पूर्ण छात्रवृत्ति उपलब्ध गराउन सबै निजी विद्यालयलाई पत्राचार गरिसकेका छौँ। हाल महानगरको छात्रवृत्ति छनोट समितिले अन्तिम सूची तयार पार्ने काम गरिरहेको छ।'

काठमाडौं महानगरले गत शैक्षिक सत्रमा कक्षा १ देखि १० सम्म गत वर्ष १८ हजार आठ सय र ०८१ मा १८ हजार ४२२ जनालाई छात्रवृत्ति प्रदान गरेको थियो। काठमाडौं महानगरपालिकाभित्र पाँच सय १६ निजी विद्यालय छन्। त्यसमध्ये १०८ निजी विद्यालयलाई महानगरले बन्द गर्ने तयारी गरेको छ। अन्य निजी विद्यालयबाट छात्रवृत्ति प्रदान गरिन्छ। महानगरका सबै निजी विद्यालयमा गरी तीन लाख ७८ हजार विद्यार्थी छन्।

अर्कोतर्फ ललितपुर महानगरपालिकामा भने विद्यालय छात्रवृत्ति कार्यक्रम पारदर्शी छैन। यहाँ विद्यालयले पठाएको छात्रवृत्तिको विवरण महानगरले सिधै स्वीकार गर्छ। विद्यालयको सूचीमा तोकिएका लक्षित वर्ग छन् वा छैनन् महानगरले थप खोजी गर्दैन। वडाध्यक्षले नै विपन्न भनेर तोक लगाएर निःशुल्क पढाउन सिफारिस गर्छन्। छात्रवृत्तिको पारदर्शिताका लागि कार्यविधिसमेत बनाइएको छैन।

ललितपुर महानगरमा कक्षा १ देखि १२ सम्म एक लाख २० हजार विद्यार्थी छन्। त्यसमध्ये ३७ सामुदायिक विद्यालयमा २५ हजार विद्यार्थी छन्। सामुदायिक विद्यालयले छात्रवृत्ति दिनुपर्दैन। तर, निजी विद्यालयले अनिवार्य रूपमा १० देखि १५ प्रतिशतसम्म छात्रवृत्ति दिनुपर्छ। ललितपुरका ३१४ वटा निजी विद्यालयले आफूखुसी छात्रवृत्ति प्रदान गरिरहेका छन्। यहाँ छात्रवृत्ति प्रदान गर्न परीक्षा लिने चलन छैन।

ललितपुर महानगरपालिकाका शिक्षा अधिकृत शेषकान्त पौडेलका अनुसार महानगरभित्र कक्षा १ देखि १२ सम्म करिब १३ हजार विद्यार्थीले छात्रवृत्ति सुविधा पाइरहेका छन्। तर, ती छात्रवृत्ति कुन आधारमा, कस्ता विद्यार्थीलाई र कति पारदर्शी ढंगले प्रदान गरिएको छ भन्नेबारे महानगरसँग नै स्पष्ट विवरण छैन। महानगरले हालसम्म छात्रवृत्ति छनोटको एकीकृत र व्यवस्थित प्रणाली विकास गर्न सकेको छैन।

'हाल वडाध्यक्षको सिफारिस र विद्यालयले पठाएको सूचीका आधारमा छात्रवृत्तिसम्बन्धी निर्णय हुन्छ। महानगर आफैँले विद्यार्थी छनोट गर्दैन। विपन्न वर्गका हकमा वडाध्यक्षको सिफारिस आवश्यक पर्छ भने अन्य विद्यार्थीको हकमा विद्यालयले पठाएको विवरणकै आधारमा निर्णय हुन्छ,' शिक्षा अधिकृत पौडेलले भने, 'ती विवरणको स्वतन्त्र रूपमा छानबिन र प्रमाणीकरण गर्ने संयन्त्र भने हामीसँग छैन।'

महानगरले आगामी शैक्षिक वर्षदेखि भने कार्यविधि बनाएर परीक्षा तथा निर्धारित मापदण्डका आधारमा विद्यार्थी छनोट गर्ने तयारी गरेको जनाएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, ०७५ ले छात्रवृत्तिमा तोकिएका विद्यार्थीलाई विद्यालयले पूर्ण छात्रवृत्ति दिनुपर्ने व्यवस्था गरेको छ। सोहीअनुसार महानगरले तोकिएकाहरूलाई पूर्ण छात्रवृत्ति दिन निजी विद्यालयलाई पत्राचार पनि गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐनअनुसार पाँच सय विद्यार्थी रहेको निजी विद्यालयले १० प्रतिशत, पाँचदेखि ८ सयसम्म विद्यार्थी रहेका निजी विद्यालयले १२ प्रतिशतसम्म र आठ सयभन्दा माथि विद्यार्थी रहेका विद्यालयले १५ प्रतिशतसम्म छात्रवृत्ति दिनुपर्छ।

सोहीअनुसार छात्रवृत्ति छनोटका लागि काठमाडौं महानगरपालिकाले महानगरको शिक्षा ऐन, नियमावली र कार्यविधिअनुसार सम्बन्धित विद्यालय क्षेत्रका वडाध्यक्ष, विद्यालयका प्रअ, अभिभावक प्रतिनिधि, महानगरको विद्यालय निरीक्षकसहित चार सदस्य पदेन रहने छात्रवृत्ति छनोट समिति बनाएको छ। यो समितिले हरेक विद्यालयमा पुगेर छात्रवृत्तिमा पढ्ने विद्यार्थी तोक्छ र सूची तयार पार्छ। उक्त सूची महानगरको शिक्षा विभागले अनुगमन गरेर कार्यान्वयन गर्छ।

त्यस्तै, काठमाडौंको टोखा नगरपालिकाले पनि छात्रवृत्तिका लागि यसपटकदेखि काठमाडौं महानगरपालिकाको शैली अपनाएको छ। यहाँ पनि विद्यालय प्रअ, वडाध्यक्ष, नगरपालिकाका शिक्षा अधिकारीलगायतको समिति गठन गरिएको छ। यस वर्षदेखि पारदर्शी रूपमा छनोट गरेर सिफारिस गरिने नगरपालिकाका शिक्षा अधिकृत सीताराम कोइरालाले बताए। टोखामा कक्षा १ देखि १० सम्म पाँच हजार विद्यार्थीले छात्रवृत्ति पाउनेछन्। उनका अनुसार कक्षा ११ र १२ तर्फ ३१४ जनाको नाम सिफारिस गरिसकिएको छ भने कक्षा १ देखि १० सम्म यही महिनाभित्र टुंगो लगाइँदै छ।

हाल देशका अधिकांश पालिकामा विद्यालय छात्रवृत्ति कार्यक्रम अपारदर्शी मात्रै छैन पहुँच र नेताका छोराछोरीलाई पढाउने माध्यमसमेत बनिरहेका छन्। प्रधानमन्त्री बालेन्द्र शाहले आइतबार संसद्को प्रश्नोत्तरमा बोल्दै काठमाडौं महानगरपालिकाले अपनाउँदै आएको छात्रवृत्ति मोडललाई देशभरका अन्य पालिकाहरूमा पनि लागू गरिने र पारदर्शी बनाइने बताएका थिए।

### कक्षा ११ र १२ मा पनि काठमाडौंको पारदर्शी ललितपुरको भद्रगोल

कक्षा ११ र १२ मा काठमाडौं महानगरपालिकाले यस वर्ष करिब पाँच हजारलाई छात्रवृत्तिका लागि छनोट गरिसकेको छ। उक्त नतिजा सोमबार प्रकाशन भइसकेको छ। २२ हजार विद्यार्थीले परीक्षा दिएकामा सबै प्रकारका छात्रवृत्तिमा समेट्ने गरी पाँच हजार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न लागिएको हो। महानगरका शिक्षा विभाग प्रमुख तथा छात्रवृत्ति परीक्षा समितिका संयोजक एवं शिक्षा अधिकारी नमराज ढकालले २४ घण्टामा योग्यताक्रमको आधारमा नतिजा प्रकाशन भएको बताए। 'हामीले अन्य तल्ला तहका कक्षामा पनि छात्रवृत्ति प्रदान गरिसकेका छौँ, माथिल्लो तह ११ र १२ का लागि पनि नतिजा सार्वजनिक गरिसकेका छौँ,' उनले भने, 'मेहनती, दूरदराजबाट आएका र विपन्न विद्यार्थीले पनि राजधानीका राम्रा स्कुलहरूमा पढ्न पाउन् भनेर हामीले छात्रवृत्तिलाई पारदर्शी बनाएका छौँ।' यसअघि काठमाडौं महानगरमा कक्षा ११ र १२ तर्फ ०८० मा ३४ सय ५९, ०८१ मा ३८ सय १ र ०८२ मा ३७ सय विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो।

ललितपुरमा कक्षा ११ र १२ मा करिब १५ सयलाई छात्रवृत्ति प्रदान गरिन्छ। तर, यहाँ कस्ता विद्यार्थीलाई दिइन्छ भन्नेमा पालिका अन्योलमै छ। विद्यालयले र वडाध्यक्षले सिफारिस गरेको व्यक्तिलाई छात्रवृत्ति दिने गरिएको छ। गत वर्ष रातो बंगला, डिएभी, युलेन्सले विद्यालयमै नभएका विद्यार्थीको नाम पठाएको भनेर महानगरको शिक्षा शाखामा उजुरीसमेत परेको थियो। तर, महानगरपालिकाबाट छानबिन भएन।

# प्रधानमन्त्रीको अभिव्यक्तिविरुद्ध सदनदेखि सडकसम्म विरोध

## संसद्मै उभिएर माफी माग्न र अभिव्यक्ति अभिलेखबाट हटाउन विपक्षी दलहरूको माग

**प्रेम गौतम, कमलराज भट्ट**

प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभा बैठकमा नेपाल-भारत सीमासम्बन्धी दिएको अभिव्यक्तिविरुद्ध सदनदेखि सडकसम्म विरोध भएको छ। प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर सोमबार प्रतिनिधिसभा र राष्ट्रिय सभा बैठक अवरुद्ध बनेको छ। यस्तै, बागमती प्रदेशसभा बैठक पनि प्रभावित बन्यो। प्रधानमन्त्री शाहले आइतबार संसद्मा 'नेपालले पनि भारतको भूमि मिचेको कुरा आफूले प्रधानमन्त्री भएपछि थाहा पाएको' बताएका थिए। उनको सोही अभिव्यक्तिको विषयलाई लिएर सडक प्रदर्शन भएको हो।

प्रमुख प्रतिपक्षी कांग्रेस, एमाले, नेकपालगायत दल र तिनका भ्रातृसंगठन सडकमा उत्रिएका हुन्। एमालेले सोमबार माइतीघर मण्डलामा प्रदर्शन गर्‍यो। कांग्रेस, नेकपालगायतका दलका युवा विद्यार्थी संगठनले प्रधानमन्त्रीको अभिव्यक्तिविरुद्ध विरोध प्रदर्शन गरे। संयुक्त विद्यार्थी संगठनले पनि विरोध प्रदर्शन गरेको छ। युवा विद्यार्थीले राजधानीमा सोमबार साँझ प्रधानमन्त्रीको पुत्ला दहनसमेत गरेका छन्।

एमाले काठमाडौं जिल्ला कमिटीको आह्वानमा माइतीघरमा प्रदर्शन भएको छ। 'राष्ट्रघाती प्रधानमन्त्री राजीनामा दे', 'राष्ट्रघाती अभिव्यक्ति फिर्ता लेऊ'जस्ता नारा एमालेका कार्यकर्ताले लगाए। सार्वभौम सदनबाट राष्ट्रविरोधी अभिव्यक्ति दिने व्यक्ति प्रधानमन्त्रीको कुर्चीमा बस्न नमिल्ने उनीहरूको माग छ। कांग्रेसका युवा विद्यार्थीले पनि प्रधानमन्त्री शाहको अभिव्यक्तिविरुद्ध प्रदर्शन गरेका छन्। उनीहरूले प्रदर्शनसहित प्रधानमन्त्रीविरुद्ध नाराबाजी लगाए। प्रदर्शनको क्रममा नेविसंघका नेताहरू राजकुमार बस्नेत, अर्जुन कार्की, आदित्य दास, दिनेश कार्की, मोहन कालाखेती र गौरव पाण्डे पक्राउ परेका छन्। कांग्रेसले पक्राउ परेका विद्यार्थीलाई तत्काल रिहा गर्न माग गरेको छ।

कांग्रेसको युवा संगठन तरुण दलले पनि प्रधानमन्त्रीको अभिव्यक्तिको विरोध गरेको छ। प्रधानमन्त्रीले वीर पुर्खाको अपमान गरेको, राष्ट्रप्रेम स्टाटसमा मात्र देखाएका जस्ता प्लेकार्ड प्रदर्शन गरेका हुन्। नेकपाको जेन-जी संगठन रेड फोर्स नेपालले पनि प्रदर्शन गरेको छ। नेकपाले जनवर्गीय संगठनहरूलाई सडकमा उतार्ने निर्णय गरेको छ। जनवर्गीय संगठन समन्वय मोर्चाका प्रमुख राजेन्द्र पाण्डेले देशव्यापी रूपमा सशक्त संघर्ष गर्ने बताएका छन्।



प्रधानमन्त्रीको अभिव्यक्तिको विरोधमा संयुक्त विद्यार्थी संगठनले सोमबार माइतीघरमा गरेको प्रदर्शन। तस्बिर : **दिपेन्द्र ढुंगाना**

● **कांग्रेसले भन्यो-**

प्रधानमन्त्रीको अभिव्यक्तिले एकातिर राष्ट्रिय स्वाभिमानप्रति उहाँको मनसाय र कमजोर राजनीतिक एवं कूटनीतिक चेतको यथार्थलाई छताछुल्ल पारेको छ भने अर्कोतिर कूटनीतिक सीमा संवाद र अन्तर्राष्ट्रिय मञ्चमा देशको कूटनीतिक विश्वसनीयतामाथि नै गम्भीर आघात पुर्‍याएको छ।

● **एमालेले भन्यो-**

प्रधानमन्त्रीले संसद्मा दिनुभएको गैरजिम्मेवार अभिव्यक्तिले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको कूटनीतिक दाबी र राष्ट्रिय एकतालाई गम्भीर रूपमा कमजोर बनाउने काम गरेको छ। यसप्रकारको राष्ट्रहित प्रतिकूल अभिव्यक्तिको हाम्रो पार्टी घोर निन्दा र भर्त्सना गर्दछ।

● **नेकपाले भन्यो-**

नेपाल-भारत अन्तर्राष्ट्रिय सीमारेखाले गर्दा सीमावर्ती नागरिकको खेतीयोग्य जमिन वा सम्पत्ति दुवैतर्फ पर्नुलाई 'कब्जा' भनिँदैन। यसलाई जग्गाको भोगचलनको अवस्था भनिन्छ। प्रधानमन्त्रीले नेपालले भारतको जमिन कब्जा गरेको भनी दिएको अभिव्यक्ति संविधानको मर्मविपरीत छ।

कांग्रेसले प्रधानमन्त्रीको अभिव्यक्तिलाई अक्षम्य, आपत्तिजनक र घोर निन्दनीय भएको बताएको छ। 'नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षासँग जोडिएको अत्यन्तै संवेदनशील विषय सीमा समस्याका सम्बन्धमा प्रधानमन्त्री बालेन्द्र शाहले सार्वभौम संसद्को रोस्ट्रममा उभिएर दिनुभएको हामीले पनि धेरै ठाउँमा सीमा मिचेका छौं भन्ने गैरजिम्मेवारपूर्ण अभिव्यक्तिप्रति कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ,' कांग्रेस प्रवक्ता देवराज चालिसेले विज्ञप्ति जारी गर्दै भनेका छन्।

एमालेले सीमासम्बन्धी प्रधानमन्त्री शाहले दिएको अभिव्यक्तिलाई तथ्यहीन, गैरजिम्मेवार तथा राष्ट्रहितविपरीत भएको बताएको छ। महासचिव शंकर पोखरेलले विज्ञप्ति जारी गरी प्रधानमन्त्रीको अभिव्यक्तिले नेपालको स्थापित राष्ट्रिय अडान र कूटनीतिक दाबीलाई कमजोर बनाएको बताएका छन्।

त्यस्तै, नेकपाले पनि प्रधानमन्त्री शाहको अभिव्यक्तिको निन्दा र भर्त्सना गरेको छ। नेकपा प्रवक्ता प्रकाश ज्वालाले विज्ञप्ति जारी गरी प्रधानमन्त्रीको अभिव्यक्तिलाई गैरजिम्मेवारपूर्ण, राष्ट्रिय सार्वभौमसत्ता र भौगोलिक अखण्डताको प्रतिकूल तथा स्थापित ऐतिहासिक तथ्यविपरीत भनेको बताएका छन्।

### ■ बजेट छलफल प्रभावित

प्रधानमन्त्री बालेन्द्र शाहको अभिव्यक्तिको विरोधमा संघीय संसद् अवरुद्ध बनेको छ। सोमबार दिउँसो १ बजे बसेको प्रतिनिधिसभा बैठक र १:१५ बजे बसेको राष्ट्रिय सभा बैठक प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर विपक्षीले विरोध गर्दा अवरुद्ध भएको हो। बैठक अवरुद्ध हुँदा आगामी आर्थिक वर्ष ०८३/८४ को राजस्व र व्ययको अनुमान बजेटमाथिको छलफल प्रभावित भएको छ। प्रधानमन्त्री शाहको अभिव्यक्ति गम्भीर तथा राष्ट्रहितविपरीत भएको, लिम्पियाधुरा, लिपुलेक सीमा मुद्दा कमजोर बनाउने भन्दै विपक्षी दलले आपत्ति जनाउँदै रेकर्डबाट हटाउन, प्रधानमन्त्रीले माफी माग्नुपर्ने माग अघि सारेका छन्। प्रतिनिधिसभा बैठकअघि कांग्रेस संसदीय दलको कार्यालयमा बसेको विपक्षी पाँच दलको बैठकले प्रधानमन्त्रीको अभिव्यक्ति राष्ट्रघाती भन्दै माफी नमानेसम्म सदन चल्न नदिने निर्णय गरेको थियो।

'सीमा अतिक्रमणसम्बन्धी प्रधानमन्त्रीले संसद्मा बोलेको कुरा राष्ट्रघाती अभिव्यक्ति हो भन्ने निष्कर्ष रह्यो। यो अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउने र प्रधानमन्त्रीले संसद्बाट देशवासीको नाममा माफी माग्नुपर्ने माग राखेर संसद्मा अवरोध गर्ने, माफी नमानेसम्म संसद् बैठक चल्न नसक्ने निर्णय भयो,' बैठकपछि नेकपा प्रमुख सचेतक युवराज दुलालले भने। निर्णयअनुसार नै विपक्षी दलहरू प्रतिनिधिसभा बैठकमा प्रस्तुत भए। निर्धारित समयभन्दा एक घण्टा बढी ढिलो गरी प्रतिनिधिसभा बैठक सुरु भयो। विपक्षी दलका सांसदहरू उठे। सभामुख डोलप्रसाद अर्यालले विपक्षी बेन्चलाई समय दिए। राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले नेपालले भारतको सीमा मिचेको तथ्य भए सदनमा प्रस्तुत गर्न माग गरे। प्रमाण पेस गर्नुपर्ने र होइन भने तथ्यहीन शब्दहरू संसद्को रेकर्डबाट हटाउनुपर्ने उनको भनाइ थियो।

कांग्रेस सचेतक निस्कल राईले 'नेपालले पनि भारतको जग्गा मिचेको छ' भन्ने प्रधानमन्त्रीको भनाइमा असहमति रहेको बताए। 'संसद्मा प्रधानमन्त्रीले बोलेको विषयमा हाम्रो नोट अफ डिसेन्ट छ,' राईले भने, 'नेपालले कहाँ-कहाँ भारतीय भूमि मिचेको छ ? रोस्ट्रममा उभिएर प्रधानमन्त्रीले एक-एक इन्चको हिसाब दिनुपर्छ।' राईले प्रधानमन्त्रीले आफ्नो अभिव्यक्ति सच्याउनुपर्ने र त्यसो नभएसम्म संसद्को कामकारबाही अगाडि बढ्न नसक्ने बताए। यसका लागि रुलिङ गर्न सभामुखको ध्यानाकर्षण गराए। एमाले प्रमुख सचेतक ऐनबहादुर महरले प्रधानमन्त्रीको अभिव्यक्ति गैरजिम्मेवार र राष्ट्रघाती भन्दै सदनको रेकर्डबाट हटाउँदै प्रधानमन्त्रीले देशवासीका नाममा माफी माग्नुपर्ने माग गरे। माफी नमागेसम्म सभाको कारबाही अगाडि नबढ्ने जानकारी गराए। त्यस्तै, नेकपा प्रमुख सचेतक युवराज दुलालले सीमाका नागरिकले खेतीपाती गरेको विषयसँग देशको भूमिमा भारतीय सैनिक परेड खेलेर देशको भूमि कब्जा गरेर प्रयोग गरेको विषयको तुलना गर्नु गम्भीर आत्मसर्मपणवादी चिन्तन भएको बताए। 'प्रधानमन्त्रीको नेपालले पनि भारतको जग्गा मिचेको रहेछ भन्ने अभिव्यक्ति सीमा समस्यासम्बन्धी अज्ञानता त हो नै, त्योभन्दा बढी गम्भीर राष्ट्रहितविपरीतको अभिव्यक्ति हो। यसरी तथ्यहीन विषय बोल्नु गम्भीर गल्ती हो,' उनले भने, 'गलत भ्रामक अभिव्यक्ति सदनबाट फिर्ता लिनुपर्छ।'

श्रम संस्कृतिका प्रमुख सचेतक आरेन राईले राष्ट्रियतासँग जोडिएको प्रधानमन्त्रीको अभिव्यक्तिमाथि प्रश्न उठाउनुपर्ने अवस्था सिर्जना हुँदा गहिरो दुःख र लज्जाबोध भइरहेको बताए। 'यस्तो संवेदनशील विषयमा व्यक्त गरिने अभिव्यक्ति जिम्मेवार र राष्ट्रहितमा हुनुपर्छ। प्रधानमन्त्रीले यति कमजोर र मिथ्या र तथ्यहीन उत्तर दिँदा लज्जा महसुस भएको छ। त्यसैले प्रधानमन्त्रीको रेकर्डबाट हटाउने मात्र होइन, यस्तो नजिर स्थापित भयो कि भोलि तिम्रो प्रधानमन्त्रीले भनेको हो, हाम्रो भूमि तिमीले मिचेको छ, फिर्ता ल्याउ भन्छ भने कुन भूमि फिर्ता दिने ? त्यसैले प्रधानमन्त्री यही आएर माफी मागेर आफ्नो शब्द फिर्ता लिनुपर्छ,' उनले भने।

■ संसद्मा अमर्यादित गतिविधि

## सभामुखले गठन गरे अध्ययन समिति

नयाँ पत्रिका

सभामुख डोलप्रसाद अर्यालले आइतबारको प्रतिनिधिसभा बैठकमा भएको अमर्यादित गतिविधिको छानबिन गर्न समिति गठन गरेका छन्। प्रतिनिधिसभा सचिवको संयोजकत्वमा तीन सदस्यीय अध्ययन समिति गठन भएको हो।

'केही सदस्यहरूले अव्यवस्था सिर्जना गरी अमर्यादित र आपत्तिजनक व्यवहार प्रदर्शन र भौतिक हानि-नोक्सानी एवं क्षति पुर्‍याउने कार्यसमेत गरेको व्यहोरा प्रतिनिधिसभा नियमावलीको नियम ३३(४) बमोजिम बैठक समाप्त भइसकेपछि सभामुखलाई विस्तृत जानकारी प्राप्त हुन आएको र आजै सो विषयका सम्बन्धमा मुचुल्कासमेत तयार भइसकेकाले यस विषयमा आवश्यक थप जाँचबुझ गरी सात दिनभित्र प्रतिवेदन पेस गर्ने गरी प्रतिनिधिसभाका सचिव प्रकाश अधिकारी संयोजक, संसद् सचिवालयको आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा प्रमुख र प्रविधि व्यवस्था महाशाखा प्रमुख सदस्य रहेको समिति गठन गरेको व्यहोरा जानकारी गराउँछु,' उनले भने।

प्रतिवेदन प्राप्त भएपछि नियमावलीको नियम ३३(४) बमोजिम आवश्यक कारबाही अगाडि बढाउने चेतावनी पनि सभामुख अर्यालले दिए। नियम ३३(४)मा बैठकमा आपत्तिजनक व्यवहार गरेर हानि-नोक्सानी पुर्‍याउने सांसदलाई १५ दिन निलम्बन र क्षतिपूर्ति भराउने व्यवस्था छ। आइतबारको बैठकमा प्रतिनिधिसभा नियमावली पारित गर्दा विरोधमा वेल घेराउ गरेका विपक्षी सांसदले सभामुखको आसनतर्फ जाने, टेबलमाथि चढ्नेलगायत गतिविधि गरेका थिए। यसमा सत्तापक्ष सांसदसमेत सामेल थिए।

सोमबारको बैठकमा सभामुख अर्यालले बजेटको छलफलमा अगाडि बढ्नुपर्ने वेला विपक्षी बेन्चले सदन नचलाउन भनेको, तर संसद्मा नआएको गुनासो गरे। 'हिजो पनि पटक-पटक संवाद गर्न बोलाएको थिएँ, समय दिनुभएन। आज पनि कार्यव्यवस्था परामर्श समिति बैठक बस्नका लागि सूचना गरेको थिएँ। समय दिनुभएन। सभामुखले गर्ने त्यही हो। सदन सञ्चालन गर्न दलका नेता, उपनेता, प्रमुख सचेतक र सचेतकसँग निरन्तर संवाद गर्न कोसिस गरेँ। त्यसमा सदस्यहरूले नजरअन्दाज गरेपछि सभामुखबाट प्रक्रिया रोकिँदैन। यो देशमा हामी सबै सदस्य कानुन निर्माणका लागि आएका हौं। संविधान बनेको १० वर्ष पूरा भइसकेको र कानुन अझै नबनेको यहाँहरूले नै भनिरहनुभएको छ। त्यसोभए, यसैगरी कानुन बन्छ त सदस्यहरू ?' उनले सोधे।

**संक्षेप**

## नेपालसँग साझेदारी सुदृढ गर्छौं : अमेरिकी उपविदेशमन्त्री

**काठमाडौं**/ सार्वजनिक कूटनीति हेर्ने अमेरिकी उपविदेशमन्त्री सारा बी रोजर्सले नेपाल र अमेरिकाबिच आर्थिक साझेदारीका लागि अहिलेको समय उपयुक्त रहेको बताएकी छिन्। शनिबार नेपाल भ्रमणमा आएकी उपविदेशमन्त्री रोजर्सले सोमबार परराष्ट्रमन्त्री शिशिर खनाल, सूचना तथा सञ्चारमन्त्री विक्रम तिमल्सिना, उद्यमीलगायतसँग भेटवार्ता गरेकी छिन्। भेटवार्तापछि कूटनीतिक मामिला हेर्ने पत्रकारहरूसँग अन्तर्क्रियामा रोजर्सले आगामी वर्ष दुई देशबिच कूटनीतिक सम्बन्ध स्थापनाको ८०औं वर्षगाँठमा नेपालमा उच्चस्तरीय भ्रमण हुन सक्ने पनि बताइन्। उनले एमसिसी कम्प्याक्ट परियोजनाको कार्यान्वयन भइरहेकोमा खुसी व्यक्त गर्दै सूचना प्रविधि तथा दूरसञ्चारका क्षेत्रमा नेपालमा अमेरिकी कम्पनीहरू लगानीका लागि इच्छुक रहेको बताइन्। 'हामी नेपाली जनता र नेपाल सरकारसँगै आर्थिक साझेदारी बढाउन चाहन्छौं। नेपालको आर्थिक विकास र डिजिटल सार्वभौमसत्ता सुदृढ गर्न सहयोग गर्नेछौं,' उनले भनिन्, 'हाम्रो बलियो साझेदारी रहन्छ। डिजिटल स्वतन्त्रतामा हामी प्रतिबद्ध छौं। टेक फ्रिडम तथा टेक सहकार्य हाम्रो प्राथमिकतामा छ।' रोजर्सले परराष्ट्रमन्त्री खनालसँग प्रविधि सहकार्य तथा द्विपक्षीय साझेदारीका विभिन्न विषयमा फलदायी छलफल भएको बताइन्। 'परराष्ट्रमन्त्रीले मलाई हार्दिकतापूर्वक स्वागत गर्नुभयो, हामीले फलदायी छलफल गर्‍यौं,' उनले थपिन्। स्टार लिंक कम्पनी नेपालमा आउन लागेको हो भन्ने पत्रकारहरूको प्रश्नमा उनले सिधा उत्तर दिइनन्। 'सञ्चारमन्त्रीसँग मेरो राम्रो कुराकानी भयो। नेपालमा कुनै पनि कम्पनी आएर लगानी गर्न सक्नेछन्' रोजर्सले भनिन्।

## ३३ एसएसपीको सरुवा, काठमाडौंमा घिमिरे

**काठमाडौं**/ नेपाल प्रहरीका ३३ प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)को सरुवा भएको छ। सरुवामा काठमाडौंसहित विभिन्न निकायका प्रमुख फेरिएका छन्। काठमाडौंपरिसरमा एसएसपी दिलीप घिमिरेलाई खटाइएको छ। ललितपुर परिसरमा तुलबहादुर कार्कीको सरुवा भएको छ। काठमाडौंमा कार्यरत रमेश थापा तथा ललितपुरका होवीन्द्र बोगटीको प्रहरी प्रधान कार्यालयमा सरुवा भएको छ। उपत्यका ट्राफिक प्रहरी कार्यालयमा एसएसपी शान्तिराज कोइरालालाई खटाइएको छ। मानव बेचबिखन अनुसन्धान ब्युरो र लागुऔषध अनुसन्धान ब्युरोका प्रमुख पनि फेरिएका छन्। मानव बेचबिखन अनुसन्धानमा नकुल पोखरेल तथा लागुऔषध नियन्त्रणमा सुवासचन्द्र बोहरालाई खटाइएको छ। त्यस्तै, विभिन्न तालिम केन्द्रका प्रमुख फेरिएका छन्। विराटनगर तालिम केन्द्रमा शिवकुमार श्रेष्ठ, जनकपुरमा प्रज्वल महर्जन, दुधौलीमा वीरबहादुर बुढा, पोखरामा सञ्जयसिंह थापा, बुटवलमा दयानिधि ज्ञवाली, दिपायलमा प्रवीण धितालको सरुवा भएको छ।

## जनकपुरधाम उपमहानगरद्वारा निजी विद्यालयको शुल्क सीमा निर्धारण

**जनकपुरधाम**/ जनकपुरधाम उपमहानगरपालिकाले आगामी शैक्षिक सत्र ०८३ का लागि नगरभित्र सञ्चालित संस्थागत (निजी) विद्यालयहरूको मासिक शुल्कको अधिकतम सीमा निर्धारण गरेको छ। उपमहानगरपालिकाको नगर शिक्षा समितिको १६ जेठमा बसेको बैठकले विद्यालयलाई 'क', 'ख', 'ग' र 'घ' वर्गमा वर्गीकरण गरी शुल्कको न्यूनतम तथा अधिकतम सीमा तय गरेको हो। निर्धारित व्यवस्थाअनुसार 'क' वर्गका विद्यालयले कक्षा १० सम्मका विद्यार्थीबाट मासिक आठ हजार रुपैयाँसम्म शुल्क लिन पाउनेछन्। अन्य वर्गका विद्यालयका लागि पनि छुट्टाछुट्टै शुल्क सीमा तोकिएको छ। उपमहानगरपालिकाले मासिक शुल्कबाहेक अन्य शीर्षकमा लिइने अतिरिक्त शुल्कसमेत नियमन गरेको जनाएको छ। सूचनाअनुसार विद्यालयहरूले अतिरिक्त शुल्क विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि-२०८१ र संस्थागत विद्यालय मापदण्ड निर्देशिका-२०८१ बमोजिम मात्रै लिनुपर्नेछ। शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख अञ्जु पाण्डेयद्वारा जारी सूचनामा तोकिएको शुल्क संरचना अनिवार्य रूपमा कार्यान्वयन गर्न सबै संस्थागत विद्यालयलाई निर्देशन दिइएको छ।

## ■ ढुंगाको चौतारा


संखुवासभाको चिचिला गाउँपालिका- ४ कुवापानीदेखि बलुथाम जाने लालीगुराँस पदमार्गमा निर्माण गरिएको ढुंगाको चौतारा। स्विस सरकारको पदमार्गमा आधारित पर्यटन विकास परियोजना (टिटिडिपी) कार्यक्रमअन्तर्गत लालीगुराँस पदमार्ग निर्माणको काम भइरहेको छ। स्विस सरकार, संघ, प्रदेश र चिचिला गाउँपालिकाको साझेदारीमा पदमार्ग निर्माणको काम भइरहेको हो। पदमार्ग निर्माणपछि आन्तरिक तथा बाह्य पर्यटकहरूको आवागमन बढ्न थालेको छ। तस्बिर : **नवीन गुरुङ**/नयाँ पत्रिका

## रास्वपा महाधिवेशन तयारीका लागि १८ उपसमिति

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रथम महाधिवेशन तयारीका लागि १८ वटा उपसमिति गठन गरेको छ। आगामी ७-९ असारसम्म चितवनमा हुने महाधिवेशन तयारी लागि पार्टी सभापति रवि लामिछानेको अध्यक्षतामा महाधिवेशन मूल आयोजक समिति गठन गरेको रास्वपाले उपसमितिहरू पनि बनाएको हो।

महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार मूल आयोजक समितिमा डा. स्वर्णिम वाग्ले, कवीन्द्र बुर्लाकोटी, भूपदेव शाह, विपिनकुमार आचार्य, लिमा अधिकारी, बसुमाया तामाङ, मनीष झा, विराजभक्त श्रेष्ठ, दीपकराज बोहरा, गणेश पराजुली, सोविता गौतम, शिशिर खनाल, हरि ढकाल, सरिता ज्ञवाली, सागर ढकाल तथा सबै केन्द्रीय सदस्यहरू र सबै प्रदेश सभापतिहरू सदस्य छन्।

मूल आयोजक समितिअन्तर्गत सोमबार गठित उपसमितिहरूमा कार्यक्रम सञ्चालन एवं व्यवस्थापन उपसमिति, गुनासो व्यवस्थापन उपसमिति, प्रतिवेदन तथा प्रस्ताव मस्यौदा उपसमिति, आर्थिक व्यवस्थापन उपसमिति, महाधिवेशन प्रतिनिधि व्यवस्थापन उपसमिति, कानुनी समन्वय उपसमिति, प्रचार-प्रसार तथा सञ्चार समन्वय उपसमिति, सुरक्षा तथा स्वयंसेवक परिचालन उपसमिति, सूचना प्रविधि उपसमिति, आवास तथा भोजन व्यवस्थापन उपसमिति, अतिथि सत्कार उपसमिति, हल तथा मञ्च व्यवस्थापन उपसमिति, स्वास्थ्य सेवा उपसमिति, सांस्कृतिक कार्यक्रम उपसमिति, यातायात व्यवस्थापन उपसमिति, स्थानीय समन्वय सहकार्य उपसमिति, अभिलेखीकरण तथा दस्तावेजीकरण उपसमिति, अनुशासन उपसमिति रहेको छ। 'उपसमितिहरूलाई आजैदेखि काम सञ्चालन हुने गरी पत्राचार गरिसकियो,' बुर्लाकोटीले भने।

महामन्त्री बुर्लाकोटीले महाधिवेशनको तीव्र तयारी भइरहेको बताए। 'समग्रमा भन्दा चितवनमा भेन्यु कता सम्भावना छ भनेर हेर्दै छौं। जिल्ला अधिवेशन २३ र २४ छ। त्यसपछि प्रदेश अधिवेशन छ। त्यहाँबाट प्रतिनिधि छनोट भएर आउँछन्। पालिकाबाट आउने प्रतिनिधिका काम लगभग पूर्ण भएका छन्। पालिकाबाट आउने प्रतिनिधिको अभिलेखीकरण भइरहेको छ। त्यहाँबाट संकलन भएर प्रदेश हुँदै केन्द्रमा आउँछ। उपसमितिले गर्ने तयारी पनि तत् ठाउँमा सुरु भइसकेको छ,' उनले भने।

# समयभित्रै न्यायाधीश नियुक्त गर्न परमादेश

**शिल्पा कर्ण**/नयाँ पत्रिका

सर्वोच्च अदालतले कानुनअनुसार समयभित्रै न्यायाधीश नियुक्ति गर्न न्यायपरिषद्का नाममा परमादेश जारी गरेको छ। सर्वोच्चको संयुक्त इजलासले कानुनमै स्पष्ट भनिएको विषयमा समयसीमा प्रयोग हुनैपर्ने र गाम्भीर्यका आधारमा बाध्यात्मक पालना गर्नुपर्ने फैसला गरेको हो।

'..सर्वोच्च अदालतलगायत मातहतका अदालतमा मुद्दाको चाप बढेको, न्यायसम्पादनको कार्यमा ढिलाइ हुन गएको भन्नेसमेतको महत्त्वपूर्ण तथ्य उठान गरिएको हुँदा अवकाशको कारणबाट वा अन्य कारणबाट सर्वोच्च अदालतको प्रधानन्यायाधीश, न्यायाधीश तथा मातहतका अदालतका न्यायाधीशहरूको पद रिक्त भएको अवस्थामा कानुनले तोकेको प्रक्रिया पूरा गरी समयसीमाभित्र नियुक्ति गर्नु भनी न्यायपरिषद् सचिवालयलगायत विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ,' दुई वर्षअघि जारी आदेशको पूर्णपाठमा भनिएको छ।

न्यायपरिषद् ऐनले सर्वोच्चको न्यायाधीशले उमेरहदका कारण अवकाश पाउनुभन्दा एक महिनाअघि नै र अन्य कुनै कारणले रिक्त भएको एक महिनाभित्रै न्यायाधीशको नाम सिफारिस गर्नुपर्ने व्यवस्था गरेको छ। उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशको हकमा भने रिक्त भएको मितिले तीन महिनाभित्र नियुक्ति सिफारिस गर्नुपर्ने कानुनी प्रावधान छ।



यही प्रावधान स्मरण गराउँदै सर्वोच्चले भनेको छ, 'कानुनले निश्चित समयभित्र सम्पादन हुनुपर्ने भनी समयसीमा किटान गरेको अवस्थामा अन्यथा प्रयोग गर्न पाउने देखिँदैन। संविधान र कानुनले तोकेको सार्वजनिक कर्तव्य पूरा गर्नु सम्बन्धित पदाधिकारीहरूको जिम्मेवारी हो। विधायिकताले कानुन निर्माण गर्दा कुनै कार्य यति समयभित्र सम्पादन गरिसक्नुपर्ने भनी राखेको छ भने त्यस्तो विषयको महत्त्व, गहनता, गाम्भीर्यका आधारमा बाध्यात्मक रूपमा पालना गर्नुपर्ने हुन्छ।'

हाल सर्वोच्च अदालतमा १८ न्यायाधीश कार्यरत छन्। त्यसमा पनि तिलप्रसाद श्रेष्ठ भदौ मध्यमा उमेरका कारण अवकाश पाउँदै छन्। तर, हाल उनी स्वास्थ्यका कारण उपचाररत छन्। उच्चमा मुख्य न्यायाधीश र न्यायाधीश गरी पाँचजनाको पद रिक्त छ।

अधिवक्ता दीपकविक्रम मिश्रको निवेदनमाथि न्यायाधीशहरू हरिप्रसाद फुयाँल र विनोद शर्माको इजलासबाट यस्तो आदेश भएको हो। रिटमा न्याय परिषद्, वरिष्ठतम् न्यायाधीश तथा अन्य सदस्य, कानुनमन्त्रीलगायत विपक्षी बनाइएका थिए। १३ साउन ०७५ मा दायर रिटलाई अभियान फाँटमा राखी सर्वोच्च प्रशासनले सुनुवाइ गर्दै आएकोमा ६ वर्षपछि फैसला भएको थियो।

हजारौं मुद्दा विचाराधीन हुँदा पनि सर्वोच्चमा न्यायाधीश पद रिक्त हुँदा निवेदनहरूमाथि वर्षौं सुनुवाइ नहुने, पालोसमेत नआउने परिस्थिति रहेकाले यो अवस्थाको अन्त्यका लागि कानुनबमोजिम वेलैमा न्यायाधीश नियुक्ति आवश्यक रहेको रिटमा थियो। संविधानले सर्वोच्च अदालतमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीश रहने व्यवस्था गरेको छ। तर, न्यायाधीश नियुक्ति वेलामा नहुँदा र नियुक्तिका लागि जिम्मेवार निकायहरू सुस्त हुँदा नागरिकहरू संविधानप्रदत्त न्यायको हकबाट वञ्चित भएको निवेदनमा उल्लेख थियो।

यसरी मौलिक हकको अनुचित बन्देज फुकुवा गरी सर्वसुलभ र शीघ्र न्याय दिने कार्यका लागि रिक्त न्यायाधीश तत्काल नियुक्त हुनुपर्ने माग निवेदकले गरेका थिए। अदालतमा मुद्दा संख्या दैनिक बढ्दो रहेको जान्दाजान्दै परिषद्ले आवश्यक संख्यामा न्यायाधीश नियुक्ति नगरी आमा नागरिकलाई दुःख दिएको र जनविश्वासमा ह्रास आएकाले परिषद्का नाममा आदेश माग गरिएको थियो।

यो रिटमाथि १८ भदौ ०८१ मा भएको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा न्यायपरिषद् सदस्य नियुक्ति गर्ने निकायले पनि परिषद्लाई पूर्णता दिनेतर्फ गम्भीर हुनु जरुरी रहेको उल्लेख छ। प्रधानन्यायाधीश नेतृत्वमा रहने परिषद्मा वरिष्ठतम् न्यायाधीश र संघीय कानुनमन्त्री पदेन सदस्य रहन्छन्। दुईजना वरिष्ठत अधिवक्ताहरू भने प्रधानमन्त्रीबाट र बार एसोसिएसनबाट सिफारिस हुन्छन्।

# कृषिमा आफ्नै प्रतिबद्धताबाहिर गएको बजेट

## चालू आवभन्दा झन्डै ११ अर्बले घटेको कृषि बजेटले सरकार स्वयंको कृषि क्षेत्रको पुनरुत्थान गर्ने शीर्ष प्राथमिकतालाई न्याय गर्न सक्दैन



● उद्धव अधिकारी

अग्रलेख

पछिल्लो निर्वाचनले दिएको जनादेश र संसद्को झन्डै दुईतिहाइ सिटसहित बनेको वर्तमान सरकारले राजनीतिक स्थायित्वसँगै आर्थिक तथा सामाजिक रूपान्तरणको अपेक्षा जगाएको थियो। विशेषगरी कृषि, रोजगारी र आत्मनिर्भर अर्थतन्त्रका क्षेत्रमा उल्लेखनीय सुधार हुने विश्वास आमनागरिकमा थियो। यही अपेक्षाको पृष्ठभूमिमा सरकारले सार्वजनिक गरेको नीति तथा प्रतिबद्धतापत्रमा कृषि क्षेत्रलाई विशेष महत्त्व दिइएको पनि थियो।

सरकारले राष्ट्रिय दलहरूको घोषणापत्रका साझा पक्षलाई आधार मानेर सार्वजनिक गरेको १८ बुँदे प्रतिबद्धतामध्ये 'कृषि पेसाको सम्मान र आत्मनिर्भरता' शीर्षक विशेष महत्त्वको थियो। प्रतिबद्धतामा उत्पादन र निर्माण क्षेत्रमा श्रम संस्कृतिको विकास, बाँझो जमिनको उपयोग, माटो स्वास्थ्य कार्ड, किसान सूचीकरण, किसान परिचयपत्र, किसान क्रेडिट कार्ड, योगदानमा आधारित किसान पेन्सन, कृषि बिमा, स्थानीय तहमा बिउ बैंक स्थापना, कृषि हाटबजार, चिस्यान केन्द्र, खाद्य प्रशोधन करिडोर तथा थप तीन लाख हेक्टर जमिनमा सिँचाइ विस्तारजस्ता कार्यक्रम समावेश थिए। त्यति मात्र होइन, जैविक खेती विस्तार, माटोको उर्वरा शक्ति वृद्धि, विषादी नियन्त्रण, रैथाने बाली संरक्षण, कृषि वन प्रणाली प्रवर्द्धन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका प्रतिबद्धताले कृषि क्षेत्रलाई राष्ट्रिय विकासको आधारका रूपमा प्रस्तुत गरेका थिए।

सरकारले सन् २०२७ लाई आरोग्य वर्ष र विसं २०८५ लाई पर्यटन वर्षका रूपमा मनाउने घोषणा पनि गरेको छ। स्वस्थ नागरिक, स्वच्छ वातावरण र दिगो अर्थतन्त्र निर्माणको आधार स्वस्थ कृषि प्रणाली हो भन्ने सन्देश यस्ता घोषणाबाट प्रकट भएको थियो। तर, हालै सार्वजनिक बजेटले भने यी प्रतिबद्धता र वास्तविक प्राथमिकताबिच उल्लेखनीय दूरी रहेको संकेत गरेको छ।


चालू आर्थिक वर्षभन्दा झन्डै तीन खर्बले बढेको कुल बजेट र चालू आर्थिक वर्षभन्दा झन्डै ११ अर्बले घटेको कृषि बजेटलाई हेर्दा सरकार स्वयंको कृषि क्षेत्रको पुनरुत्थान गर्ने सरकारको शीर्ष प्राथमिकताको नारालाई न्याय गर्न सकेन।

बहुसंख्यक नागरिकको सरोकारको विषय र कुल गार्हस्थ उत्पादनमा महत्त्वपूर्ण योगदान दिने उत्पादन क्षेत्रलाई २.२ प्रतिशतमा खुम्च्याइनु दुःखद हो। जसमध्ये १.९ प्रतिशत बजेट रासायनिक मल र प्रशासनिक खर्चमा जाने हुँदा बाँकी रहेको ०.३१ प्रतिशत बजेटले कृषि बिमा, कृषि चतुर्भुज, पूर्वाधार, प्रोत्साहन अनुदान कृषि अनुसन्धान, विशेष क्षेत्र कार्यक्रम भूमि बैंकलगायत कार्यक्रम कार्यान्वयन हुन्छन् भनेर विश्वास गर्ने आधार देखिँदैन। कृषि क्षेत्रका लागि विनियोजित करिब ४६ अर्बमध्ये ठुलो हिस्सा रासायनिक मल खरिदमा केन्द्रित गरिएको छ। कृषि उत्पादनका लागि मल आवश्यक भए पनि कृषि बजेटको अधिकांश भाग एउटै शीर्षकमा खर्च हुनु आफैँमा चिन्ताको विषय हो। अझ माटो स्वास्थ्य सुधार, जैविक खेती विस्तार र प्रांगारिक मल प्रवर्द्धनको प्रतिबद्धता जनाएको सरकारले प्रांगारिक मल कार्यक्रमको बजेट घटाएको अवस्था नीतिगत विरोधाभासको उदाहरण बनेको छ।

कृषि उत्पादनको आधार माटो हो। माटो स्वस्थ नभएसम्म खाद्य सुरक्षा, वातावरणीय सन्तुलन र नागरिक स्वास्थ्य दिगो हुन सक्दैन। तर, उत्पादन वृद्धिका नाममा रासायनिक मलमाथिको निर्भरता बढाउँदै जाने र जैविक विकल्पलाई कमजोर बनाउने प्रवृत्तिले दीर्घकालीन रूपमा माटो, वातावरण र मानव स्वास्थ्य तीनै क्षेत्रमा नकारात्मक प्रभाव पार्न सक्छ। आरोग्य समाजको आधार स्वस्थ खाना हो, स्वस्थ खानाको आधार स्वस्थ माटो हो। यदि माटोको स्वास्थ्य कमजोर हुँदै गयो भने आरोग्य वर्ष र कृषि पर्यटनका लक्ष्य केवल घोषणामा मात्र सीमित रहने खतरा रहन्छ।

नेपाल अझै पनि कृषिप्रधान देशका रूपमै परिचित छ। लाखौँ घरधुरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि र पशुपालनमै निर्भर छन्। तर, विगत केही दशकयता कृषि क्षेत्र निरन्तर संकटमा फस्दै गएको छ। उत्पादन लागत बढ्दो छ, बजार अस्थिर छ, प्राकृतिक विपत्ति र वन्यजन्तुको क्षति बढ्दो छ। उत्पादनको मूल्यमा किसानको नियन्त्रण छैन। परिणामस्वरूप किसान खेतीबाट निरुत्साहित हुँदै गएका छन् र कृषि पेसा नयाँ पुस्ताका लागि आकर्षण बन्न सकेको छैन।

यसैबिच ग्रामीण नेपालको सामाजिक संरचना पनि तीव्र रूपमा परिवर्तन भइरहेको छ। केही दशकअघिसम्म गाउँका घरहरूमा महिला, बालबालिका र ज्येष्ठ नागरिकको चहलपहल हुन्थ्यो। आज ती घर क्रमशः रित्तिँदै गएका छन्। पुरुष रोजगारीका लागि बिदेसिएका छन्, महिलाहरू बालबालिकाको शिक्षाका लागि सहर पसेका छन्। पछिल्लो समय महिला स्वयं पनि बिदेसिन थालेका छन्। परिणामस्वरूप कतिपय गाउँमा घर त छन् तर मानिस छैनन्, खेतबारी छन् तर खेती गर्ने मान्छे छैनन्, विद्यालय र शिक्षक छन्, तर पढ्ने विद्यार्थी छैनन्। विभिन्न तथ्यांकले ग्रामीण क्षेत्रमा लाखौँ घरधुरी स्थायी रूपमा मानवविहीन भइसकेको संकेत गरेका छन्।




राष्ट्रिय जनगणना ०७८ ले पनि यही चित्र देखाउँछ। विगत दशकमा पहाड, तराई र हिमाली क्षेत्रबाट ठुलो मात्रामा बसाइँसराइ भएको छ। बसाइँसराइका कारण विविध भए पनि कृषि पेसाप्रतिको निराशा, ग्रामीण क्षेत्रमा अवसरको अभाव र बढ्दो आयातमुखी अर्थतन्त्र प्रमुख कारकका रूपमा देखिन्छन्। यसले कृषि उत्पादनमा संलग्न जनशक्तिलाई क्रमशः उपभोक्तामा रूपान्तरण गरिरहेको छ। यही प्रवृत्ति जारी रह्यो भने आगामी केही दशकमा खाद्य उत्पादन गर्नेभन्दा उपभोग गर्ने जनसंख्या अत्यधिक हुने जोखिम देखिन्छ।

नेपालको अर्थतन्त्रले पनि यसैसँग जोडिएको अर्को गम्भीर प्रश्नको सामना गरिरहेको छ। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले अर्थतन्त्र धानेको छ। विप्रेषणबाट आएको रकमले आयात धानेको छ र आयातबाट प्राप्त भन्सार राजस्वले सरकारी खर्च धानेको छ। तर, यस्तो संरचना दिगो विकासको आधार बन्न सक्दैन। एकातिर व्यापार घाटा निरन्तर बढिरहेको छ भने अर्कातिर सार्वजनिक ऋणको आकार विस्तार हुँदै गएको छ। साधारण खर्च धान्नसमेत ऋणको सहारा लिनुपर्ने अवस्था दीर्घकालीन रूपमा जोखिमपूर्ण छ। अझ कृषि क्षेत्रलाई नै आयातमा निर्भर गराउने नीति अवलम्बन गरियो भने खाद्य र आर्थिक सुरक्षामाथि थप चुनौती सिर्जना हुनेछ।

> कृषि क्षेत्रलाई भाषणमा होइन, बजेटमा प्राथमिकता दिनुपर्छ। साना किसानलाई राष्ट्रको बोझ होइन, राष्ट्र निर्माणका साझेदारका रूपमा हेर्नुपर्छ। अन्यथा, कृषि सुधारको प्रतिबद्धता फोस्रो भाषण र कागजमै सीमित रहनेछ।

विडम्बना के छ भने तीन बाली उत्पादन हुने उर्वर भूमि बाँझो बसिरहेको छ, तर विदेशी कृषि उपजको आयात बढिरहेको छ। उत्पादनको साधनका रूपमा रहेको जमिनको संरक्षण र उपयोगका कुरा गर्नेहरूले नै भूमि उपयोग नीतिको प्रभावकारी कार्यान्वयनमा अवरोध सिर्जना गरिरहेका देखिन्छन्। खाद्य अधिकार र खाद्य सम्प्रभुतालाई संवैधानिक मान्यता दिइएको छ, तर त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यक्रम र बजेट अझै प्राथमिकतामा पर्न सकेको छैन।

साना किसान आज पनि नेपालको खाद्य प्रणालीका मुख्य आधारस्तम्भ हुन्। पशुपालन, रैथाने बिउ संरक्षण, जैविक मल उत्पादन, स्थानीय खाद्य संस्कृतिको संरक्षण तथा खाद्य वितरण प्रणालीमा उनीहरूको योगदान उल्लेखनीय छ। उनीहरूले केवल खाद्यान्न उत्पादन मात्र गरिरहेका छैनन्, कृषि जैविक विविधता, सामाजिक सम्बन्ध र स्थानीय अर्थतन्त्रलाई पनि जोगाइरहेका छन्। त्यसैले, साना किसानलाई अनुदानको उपभोक्ता होइन, राष्ट्रिय खाद्य प्रणालीका मुख्य साझेदारका रूपमा हेर्न आवश्यक छ।

नेपालको कुल भूभागको करिब आधा हिस्सा वन क्षेत्रले ओगटेको छ। वन संरक्षण महत्त्वपूर्ण भए पनि वन स्रोतको दिगो उपयोगमार्फत ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउन सकिने सम्भावना पर्याप्त रूपमा उपयोग हुन सकेका छैनन्। वन र कृषिबिचको अन्तरसम्बन्धलाई पुनर्स्थापित गर्दै कृषि वन प्रणाली, वनजन्य उद्यम तथा स्थानीय उत्पादनमा आधारित उद्योग विकास गर्न सके ग्रामीण अर्थतन्त्रलाई थप बल मिल्न सक्छ। कृषि क्षेत्रलाई भाषणमा होइन, बजेटमा प्राथमिकता दिनुपर्छ। कम्तीमा आगामी पाँच वर्षसम्म संघ, प्रदेश र स्थानीय तहले कृषि तथा खाद्य प्रणालीलाई विकासको मुख्य आधार मानेर पर्याप्त बजेट विनियोजन गर्न आवश्यक छ। कृषि अनुसन्धान, रैथाने बिउ संरक्षण, जैविक मल, सिँचाइ, कृषि यान्त्रिकीकरण, भण्डारण, प्रशोधन र बजार व्यवस्थापनमा दीर्घकालीन लगानी बढाउनुपर्छ।

कृषिमा आधारित उद्योग स्थापना गरी किसानलाई उत्पादन र उद्योगलाई प्रशोधनसँग जोड्ने नीति आवश्यक छ। स्थानीयस्तरमा किसान बजारको विकास, सहकारी तथा किसान समूहको सुदृढीकरण र सरकारी खरिद प्रणालीमार्फत स्वदेशी उत्पादनको सुनिश्चित बजार निर्माण गर्न सकिन्छ। नेपालमै पर्याप्त उत्पादन हुने कृषि उपजको आयातलाई चरणबद्ध रूपमा नियन्त्रण गर्दै स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीतिले पनि उत्पादन र रोजगारी दुवै बढाउन मद्दत पुऱ्याउनेछ।

कृषि क्षेत्रलाई उत्पादन, रोजगारी, वातावरण, स्वास्थ्य र सामाजिक पुनर्निर्माणसँग जोडेर हेर्ने हो भने यसको प्रभाव केवल खेतबारीमा सीमित रहनेछैन। गाउँमा रोजगारी सिर्जना हुनेछ, युवाको पलायन कम हुनेछ, खाली घरहरूमा पुनः जीवन फर्किनेछ, स्थानीय विद्यालय र स्वास्थ्य संस्था सक्रिय हुनेछन्, आयात घट्नेछ, व्यापार घाटा कम हुनेछ र ग्रामीण अर्थतन्त्र चलायमान बन्नेछ।

कृषि केवल आर्थिक क्षेत्र होइन, यो खाद्य सुरक्षा, सामाजिक स्थायित्व, सांस्कृतिक निरन्तरता र राष्ट्रिय आत्मनिर्भरताको आधार हो। त्यसैले, कृषि सुधारको प्रतिबद्धता कागजमा होइन, बजेटमा देखिनुपर्छ। अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने वर्ष यही हो। यद्यपि, पुनः तीन वर्ष अवधि थप्नका लागि सरकारले संयुक्त राष्ट्र संघलाई पत्राचार गरिसकेको छ। राष्ट्रिय ऋण, उपभोक्ता संख्या आयातको ग्राफ र कृषिजन्य उपजसमेतको व्यापार घाटा दिनानुदिन बढिरहेको छ। यससँगै देशबाट युवाको पलायन र मुख्य आर्थिक मेरुदण्डका रूपमा रहेको रेमिट्यान्स भित्र्याउने जनशक्ति वृद्धवृद्धामा रूपान्तरण हुँदै गर्दा विकासशील राष्ट्रमा स्तरोन्नति हुने हाम्रो सपना कसरी पूरा हुन सक्ला ? विश्वशक्तिको दौडमा रहेका छिमेकी मुलुकसँगको प्रतिस्पर्धाभन्दा अन्तर्निर्भरतामा आधारित आत्मनिर्भर कृषि अर्थतन्त्र नै नेपालको रक्षात्मक कवच हो। यसर्थ, कृषि क्षेत्रलाई भाषणमा होइन, बजेटमा प्राथमिकता दिनुपर्छ। साना किसानलाई राष्ट्रको बोझ होइन, राष्ट्र निर्माणका साझेदारका रूपमा हेर्नुपर्छ। अन्यथा, कृषि सुधारको प्रतिबद्धता फोस्रो भाषण र कागजमै सीमित रहनेछ। सँगसँगै बजेट आफ्नै नीति तथा प्रतिबद्धताको विपक्षमा उभिएको दस्ताबेजका रूपमा इतिहासमा दर्ज हुनेछ।

*(कृषिविज्ञ अधिकारी खाद्यका लागि कृषि अभियानका संयोजक हुन्)*

---

## ३ प्रश्न

पूर्वप्रमुख निर्वाचन आयुक्त **नीलकण्ठ उप्रेती**लाई



**हाम्रोजस्तो देशमा दलहरूलाई राज्यकोषबाट अनुदान दिनु कति ठिक हो ?**

निर्वाचनमा भाग लिने दलहरूले निर्वाचनमा पाएको मतका आधारमा तिनलाई राज्यले अनुदान दिनु एकदम ठिक हो। कुनै पनि दलले बाहिर कसैसँग चन्दा उठाउन नपाउने गरी निर्वाचनमा सहभागिताका आधारमा राज्यले अनुदान दिँदा निर्वाचनमा पैसाको अस्वस्थ प्रतिस्पर्धा रोकिन्छ। पैसा हुनेले जसरी भए पनि जति खर्च गरेर भए पनि जित्ने र जितेपछि निर्वाचनमा गरेको खर्चभन्दा कैयौँ गुणा बढी कमाउने चक्र पनि यस्तो अनुदानले रोक्न सक्छ। हाम्रो कार्यकालमा पनि हामीले यसबारे प्रस्ताव गरेर छलफल चलाएका थियौँ, प्रिजेन्टेसन पनि गरेका थियौँ। तर, त्यसलाई कार्यान्वयनमा लान सकिएन। तर, यस्तो अनुदान सरकार आफैँले दिने नभई निर्वाचन आयोगमार्फत दिने व्यवस्था गर्नुपर्छ।

**यस्तो अनुदानले निर्वाचनमा कस्तो फरक पार्ला ?**

यस्तो अनुदानले पक्कै पनि निर्वाचनमा सकारात्मक प्रभाव पार्छ। कसैले बेस्सरी खर्च गर्ने र कसैले खर्च गर्नै नसक्ने अवस्था रोकिन्छ। घर बेचेर निर्वाचन लड्ने, जितेपछि दुई-तीनवटा घर थप्ने बेथितिको अन्त्य हुन्छ। निर्वाचन लड्न खर्च त चाहिन्छ तर राजनीतिक दलको विचार र उम्मेदवारको क्षमताको भन्दा पनि पैसाकै प्रतिस्पर्धा हुने अवस्था भने हुनु हुँदैन। यसलाई सही 'ट्र्याक'मा ल्याउनकै लागि पनि दलहरूलाई अनुदान आवश्यक हुन्छ।

**हाम्रोजस्तो मिश्रित निर्वाचन प्रणाली भएको देशमा यस्तो अनुदान दिनु सम्भव हुन्छ त ?**

हाम्रो निर्वाचन निकै खर्चिलो हुँदै गएको छ। निर्वाचनमा पैसाको प्रतिस्पर्धा चर्को छ। यस्तोमा मिश्रित निर्वाचन प्रणालीमा सुधार गरी पूर्ण समानुपातिक प्रणालीमा जानु ठिक हुन्छ। तर, यसका लागि सिंगो देशलाई एउटै निर्वाचन क्षेत्र बनाएर हुँदैन। बहुनिर्वाचन क्षेत्र बनाएर दलहरूभित्र 'प्राइमरी इलेक्सन' लडेर समानुपातिक उम्मेदवार चयन गरिनुपर्छ। निर्वाचन प्रणाली पूर्ण समानुपातिक भएमा मात्र राज्यले दलहरूलाई दिने अनुदान प्रभावकारी हुन सक्छ।

---

प्रेरक प्रसंग

## 'काम नलाग्ने' ज्ञान

थोमस एल्बा एडिसन एक चर्चित र सफल वैज्ञानिक हुन्। उनको नाममा सबैभन्दा बढी व्यक्तिगत वैज्ञानिक आविष्कारको प्रतिलिपि अधिकार सुरक्षित छ। एक समय एडिसन स्टोरेज ब्याट्री बनाउने अभियानमा लागेका थिए। उनी एकपछि अर्को प्रयत्न गर्दा पनि सफल हुन सकिरहेका थिएनन्। जतिपटक प्रयास गरे पनि उनी आफूले सोचेजस्तो ब्याट्री बनाउने कार्यमा असफल भइरहेका थिए। पच्चीसपटकसम्म प्रयत्न गर्दा पनि उनले सफलता हात पार्न सकेनन्। तर, उनी आफ्नो उद्देश्यबाट कत्ति पनि पछि हटेनन्। आफ्नो काममा निरन्तरता दिइरहे।



जब उनी छब्बीसौँपटक सोही प्रयासमा जुटे, तब उनका एक शुभचिन्तकले उनीसँग प्रश्न गरे, 'महाशय, तपाईंले यही कार्यका लागि पच्चीसपटक व्यर्थको प्रयत्न गरिसक्नुभयो। आफ्नो यस्तो अमूल्य समय र परिश्रम व्यर्थमा किन गुमाइरहनुभएको छ ? आफ्ना यी व्यर्थका प्रयत्नबाट तपाईंले के ज्ञान पाउनुभयो ? आखिर यो कामको साटो नयाँ कुनै काम गरेको भए अहिलेसम्म कति ठुलो सफलता प्राप्त भइसकेको हुने थियो।'

ती शुभचिन्तकको प्रश्न सुनेर एडिसन मुसुक्क मुस्कुराए र भने, 'महाशय, म यो प्रत्येक असफलतासँगै एक-एक कदम सफल हुँदै गएको छु। मैले यी असफल २५ प्रयत्नमा यस्ता तरिकाबारे अमूल्य ज्ञान पाएको छु, जसबाट स्टोरेज ब्याट्री कुनै पनि हालतमा बन्न सक्दैन। अब म ती पच्चीस गल्ती त कहिल्यै दोहोऱ्याउँदिनँ नि ! त्यसैले, मेरो यो प्रयास व्यर्थ भयो भन्ने म मान्दिनँ।' नभन्दै छब्बीसौँ प्रयासमा एडिसन उनले चाहेजस्तै ब्याट्री बनाउन सफल भइछाडे।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

### टोखा नगरप्रमुखलाई पत्र

आदरणीय नगरप्रमुखज्यू,

काठमाडौंको तिलिंगाटार प्रहरी चौकीदेखि तपाईंको क्षेत्रमा पनि वसुन्धरा चोकतर्फ जाँदा रिङरोडको बाहिरी किनारामा ढल फुटेर सडक किनारामै जमेको वर्षदिनभन्दा बढी भयो। त्यहाँ अहिले त्यही जमेको ढलमा झार उम्रेर झाडी भएको छ। सो क्षेत्र हुँदै पैदल तथा सवारी साधनमा यात्रा गर्दा पनि ढलको दुर्गन्धले निकै सताउँछ। के त्यो ढल मर्मत गर्नु नपर्ने हो अब ? कि तपाईंको कार्यालयको होइन त्यो ढल मर्मतको जिम्मेवारी ? साँच्चै होइन भने एकपटक अनुगमन गरी सरोकारवाला निकायलाई निर्देशन या अनुरोध गर्ने पो हो कि ?

● **सुमित्रा सिलवाल**, वसुन्धरा, काठमाडौं

### रंगशाला व्यवस्थित गरौँ

बागमती प्रदेशको राजधानी हेटौँडामा 'अन्तर्राष्ट्रिय'स्तरको भन्न सुहाउने क्रिकेट रंगशाला तयार भएको तस्बिर समाचार पढ्दा खुसी लाग्यो। देशमा एकातिर क्रिकेटका आशालाग्दा खेलाडी जन्मिरहेको र अर्कातिर तिनलाई अभ्यास गर्ने अन्तर्राष्ट्रिय मापदण्डका क्रिकेट रंगशालाको अभाव भइरहेको समयमा यस्तो समाचार सुन्दा खुसी लाग्नु स्वाभाविक हो। अब यस रंगशालालाई व्यवस्थित गराई भविष्यमा अन्तर्राष्ट्रियस्तरका खेल सञ्चालन गर्ने व्यवस्था मिलाऔँ। थप अन्य रंगशाला पनि निर्माण गरौँ।

● **अच्युत अर्याल**, सामाखुसी, काठमाडौं

### दलहरूलाई अनुदान किन ?

सरकारले पछिल्लो निर्वाचनमा प्राप्त मतका आधारमा राष्ट्रिय मान्यता प्राप्त दललाई राज्यकोषबाट अनुदान दिने व्यवस्था गर्न बहस चलाउने प्रस्ताव ल्याएको छ। यो प्रस्ताव एकातिरबाट हेर्दा ठिकै जस्तो पनि लाग्न सक्छ। यसले दलहरूको खर्चलाई पारदर्शी र व्यवस्थित गराउने तथा अनावश्यक चन्दा आतंक अन्त्य गर्ने सम्भावना देखिन्छ। तर, ऋण लिएर सार्वजनिक खर्च धानिरहेको देशमा दलहरूलाई अनुदान दिने रकमचाहिँ ल्याउने कहाँबाट ? यसबारे पनि समयमै सोचौँ।

● **हरिश्चन्द्र गिरी**, सतुंगल, काठमाडौं

### बजेटका सबल र दुर्बल पक्ष

अर्थशास्त्र जानेबुझेका विद्वान् अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले ल्याएको बजेटका केही सबल र केही दुर्बल पक्षलाई यहाँ बुँदागत रूपमा राख्ने प्रयास गरेको छु।

बजेटका सबल पक्ष : १. सूचना प्रविधि, आइटी क्षेत्रलाई विशेष प्राथमिकता दिनु, २. भौतिक निर्माण र पूर्वाधारमा बजेट धेरै छुट्याउनु। फास्ट ट्र्याकलाई १७ अर्ब दिनु। ३. अनावश्यक संस्था खारेज गर्नु। ४. स्वास्थ्य क्षेत्रको दरबन्दी बढाउने कुरा गर्नु। ५. कर्मचारीको तलब वृद्धि गरी उनीहरूलाई कामप्रति उत्साहित गराउनु। ६. आयकरको सीमा बढाउनु। ७. मधेश, कार्णाली र सुदूरपश्चिमलाई विशेष प्राथमिकता दिनु। ८. डिजिटलाइजेसन र सुशासनतर्फ विशेष ध्यान दिनु।

बजेटका दुर्बल पक्ष : १. दुई करोड लगानी गर्न सक्ने ठुला किसानलाई मात्र ४० प्रतिशत ब्याज अनुदान दिने तर त्यसभन्दा साना किसानलाई किसान नै नसम्झनु गलत हो। २. देश आर्थिक मन्दीबाट गुज्रिरहेको र बैंकमा पुँजी थुप्रिरहेका वेला उल्टो पुँजीगत लाभकर बढाएर कस्तो सन्देश दिन खोजिएको हो ? यसले आर्थिक मन्दी झनै बढाउँदैन र ? ३. इन्धन आयात कम गर्न, स्वदेशको विद्युत् स्वदेशमै खपत गर्न र वातावरणीय प्रदूषण कम गर्न विद्युतीय गाडीलाई प्राथमिकता दिनुपर्नेमा उल्टो भन्सार दर बढाएर के सन्देश दिन खोजिएको हो ? ४. घरायसी प्रयोजनमा मूल्य घटाएर 'बिजुली प्रयोग गर, ग्यास घटाऊ' भन्नुपर्नेमा पाँच प्रतिशत भ्याट लाउनु उल्टो बाटो भएन र ? ५. शिक्षा र स्वाथ्यमा तीन प्रतिशत कर पनि उचित भएन।

● **गोपाल देवकोटा**, चाबहिल, कामपा-७
gopaldevkota@gmail.com

---

# वामपन्थी दलको पुनरोदयको सम्भावना

## कुनै समयको बलियो पार्टी टिएमसी पछिल्लो विधानसभा चुनावपछि अस्तित्व बचाउन संघर्ष गर्नुपर्ने अवस्थामा पुगेको छ



देश / विदेश

● दीप हल्दर
*(हल्दर द प्रिन्टका लेखक र योगदानकर्ता सम्पादक हुन्)*

मे २०२६ मा सम्पन्न पश्चिम बंगाल विधानसभा चुनावको नतिजा 'मोदी-दिदीबिच सेटिङ' रहेको सिद्धान्तमा विश्वास गर्नेका लागि ठुलो झट्काका रूपमा आएको हुन सक्छ। यस सिद्धान्तमा विश्वास गर्नेहरूले भाजपा पश्चिम बंगालमा केवल देखाउनका लागि लडेको तर्क गरिरहेका थिए। तिनका अनुसार भाजपा ममता बनर्जी नेतृत्वको तृणमूल कंग्रेस सरकारलाई हटाउन कहिल्यै गम्भीर थिएन। यो कुरा चिया पसलमा मात्र चर्चा थिएन, केही चर्चित बंगाली विश्लेषकले समेत यस्तो राय राख्थे।

तर, भाजपाले टिएमसीलाई २०७ बनाम ८० को ठुलो अन्तरले पराजित गरेर यस 'षड्यन्त्र सिद्धान्त'लाई गलत साबित गरिदियो। तथापि, ठुलो अन्तरले हराए पनि भाजपा सम्भवतः टिएमसी पूर्ण रूपमा विघटनतर्फ जाओस् भन्ने चाहँदैन। भित्री रिपोर्टअनुसार टिएमसीका कैयौँ निर्वाचित विधायक अहिले भाजपामा सामेल हुन उत्सुक रहेको बताइन्छ। यदि टिएमसी पूर्ण रूपमा विघटित भयो भने यसले पश्चिम बंगालमा पुनः वामपन्थी दलहरूको पुनरागमन निम्त्याउन सक्छ। यसको अर्थ त्यस राज्यमा भाजपा र संघ परिवारले दशकौँदेखि लडिरहेको विचारधारासँग उसको प्रत्यक्ष मुडभेड हुनेछ।

कुनै समय बलियो पार्टी मानिने टिएमसीले यसपटक भाजपासँग विधानसभा चुनावमा हारको सामना गरेपछि अहिले अस्तित्वगत संकटको सामना गरिरहेको छ। भाजपा सांसद सौमित्र खानले प्रेसलाई बताएअनुसार लगभग ५० असन्तुष्ट टिएमसी विधायक र २० सांसद (केन्द्रका) पार्टी छोड्न चाहन्छन्। भाजपाको केन्द्रीय नेतृत्वले स्वीकृति दिएमा उनीहरू भाजपामै सामेल हुनसमेत तयार रहेको बताइएको छ। तर, यति ठुलो संख्यामा टिएमसी नेता भाजपामा समाहित भए भने टिएमसीको राजनीतिक भविष्यमाथि नै प्रश्न उठ्नेछ। यही कुरालाई पुष्टि गर्ने गरी इन्डिया टुडेको पछिल्लो एक रिपोर्टले पश्चिम बंगालका विभिन्न नगरपालिकाका लगभग १०० टिएमसी काउन्सिलरले राजीनामा दिएको बताएको थियो।

'टिएमसी कहिल्यै साँचो अर्थमा राजनीतिक दल बन्न सकेन। किनकि, यसको आफ्नै राजनीतिक विचारधारा नै थिएन। ममता बनर्जीले कंग्रेसको विरोध गर्दै सोही पार्टीबाट अलग भएर टिएमसी गठन गरिन्। त्यसपछि उनले आफ्नो नयाँ पार्टीलाई बंगालका वामपन्थी सरकारको कटु आलोचक बनाइन्। र, जब पार्टी सत्तामा आयो, यो बिस्तारै भाजपाविरोधी देखिन थाल्यो,' राजनीतिक टिप्पणीकार तथा कलकत्ता उच्च अदालतका वरिष्ठ वकिल जयदीप सेनले भने। यसरी आफ्नै कुनै अडान नभएको र अरूको विरोधमा अडेको पार्टी कुनै न कुनै समय विघटन हुने खतरा हुनेमा सेनले जोड दिए।

**वामपन्थी पुनरागमनलाई सहजीकरण** : सतही रूपमा सरसर्ती हेर्दा वामपन्थी दल तृणमूल कंग्रेसको विकल्प हुने सम्भावना कमजोरजस्तो लाग्न सक्छ। किनकि, यसपटक तृणमूल कंग्रेसले ८० सिट जित्दा वाममोर्चाले विधानसभामा केवल दुई सिट जितेको छ। दुईमध्ये एउटा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) वा सिपिएम र अर्को सिट अखिल भारतीय धर्मनिरपेक्ष मोर्चाले जितेको हो।



त्यसअघि सन् २०१९ को लोकसभा चुनाव, सन् २०२१ को विधानसभा चुनाव र फेरि सन् २०२४ को लोकसभा चुनावमा वाम मोर्चाले एउटा पनि सिट जित्न सकेको थिएन।

तर, मे २४ मा भएको 'फाल्टा' निर्वाचन क्षेत्रको उपचुनाव परिणामले भने वामपन्थीको उदयको संकेत गर्छ। भाजपा उम्मेदवार देवांशु पाण्डाले एक लाखभन्दा बढी मतको अन्तरले सो क्षेत्रमा जित त हासिल गरिन्, तथापि दोस्रो धेरै मत सिपिएम समर्थित उम्मेदवार शम्भुनाथ कुर्मीले पाए। जबकि, तृणमूल कंग्रेस चौथो स्थानमा आयो। यही एक निर्वाचन परिणामले पनि अब पश्चिम बंगालको विरोधी मतदाता वामपन्थीतिर सरेको संकेत गर्छ।

'पश्चिम बंगालमा ३० प्रतिशत मुस्लिम जनसंख्या छ। यो भनेको बिजेपीविरोधी मत हो। त्यसबाहेक अरू समुदायमा पनि थोरबहुत भाजपाविरोधी हिस्सा स्वाभाविक हुन्छन्। यी सबै जोड्दा राज्यमा संरचनात्मक रूपमा भाजपाविरुद्ध ठुलो विपक्षी स्पेस छ, जुन कम्तीमा पनि ४० प्रतिशतको वरिपरि घुमिरहेको हुन सक्छ,' युनिभर्सिटी अफ ससेक्स, युकेका फेलो अयान गुहाले भने। गुहाको ठम्याइमा टिएमसी कमजोर भएर अब उठ्न नसक्ने ठम्याइपछि आमआक्रोश व्यक्त गर्ने माध्यमका रूपमा सिपिएम वा सिपिएम-कंग्रेसबिचको गठबन्धन विकल्प बन्न सक्छ।

यो भाजपा सरकारका लागि आदर्श अवस्था हुनेछैन। भाजपा-आरएसएसले कहिल्यै वामपन्थी दल राज्यशक्तिमा फर्किएको हेर्न चाहँदैनन्। यस स्तम्भकारले आफ्नो पुस्तक 'बंगाल २०२१ : एन इलेक्सन डायरी' लेखनका क्रममा लिएको एक अन्तर्वार्तामा बंगालका एक वरिष्ठ आरएसएस कार्यकर्ताले भनेका थिए कि ममता बनर्जी तत्कालको राजनीतिक प्रतिद्वन्द्वी भए पनि वास्तविक 'शत्रु' सधैँ वामपन्थी नै हुन्। 'किनकि, टिएमसीले शासन गर्दा जति नै समस्या भए पनि तिनले राज्य संरचनामा नोक्सान पुऱ्याउँदैनन्। तर, वापमन्थीहरूले भने पूरै देशलाई नोक्सान पुऱ्याउने क्षमता राख्छन्,' ती आरएसएस कार्यकर्ताले भनेका थिए। तर, अहिलेको अवस्था हेर्दा भाजपाले नचाहँदा-नचाहँदै आफैँले टिएमसीको समूल नष्ट गरिदिएर वापमन्थी शक्तिको पुनरोदय सहज बनाइदिएजस्तो देखिन्छ।

*द प्रिन्टबाट*

# फिजीमा बन्दरगाह निर्माण गर्ने क्वाडको घोषणाले निम्त्याउन सक्छ अमेरिका–चीन विवाद

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प चीनलाई खुसी पार्ने ध्याउन्नमा लागेको वेला चीनविरोधी क्वाड समूहको सान्दर्भिकतामाथि बेइजिङले प्रश्न उठाइरहेको छ

भारत, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया र जापानका विदेशमन्त्रीहरूले हालै नयाँदिल्लीमा भएको बैठकमा प्रशान्त महासागरीय टापु राष्ट्र फिजीमा संयुक्त रूपमा बन्दरगाह पूर्वाधार विकास गर्ने योजना घोषणा गरेका छन् । चार देश सम्मिलित समूह 'क्वाड्रिलेटरल सेक्युरिटी डायलग एलायन्स(छोटो रूप क्वाड)ले विगत दुई दशकदेखि एसिया-प्रशान्त क्षेत्रमा चीनको आर्थिक र राजनीतिक प्रभावलाई प्रतिरोध दिनेबारेमा बहस गर्दै आएको छ ।

फिजीमा क्वाड सदस्यले बन्दरगाह विकास गर्ने घोषणापछि चीनले समूहले जे गरे पनि 'कुनै तेस्रो पक्षलाई लक्षित गन नहुने' प्रतिक्रिया दिएको छ । बेइजिङले 'समूह कुनै खालको द्वन्द्व तथा टकरावमा संलग्न भएमा' विरोध गर्ने बताएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफैँ चीनलाई खुसी पार्ने ध्याउन्नमा लागेको वेला चीनविरोधी यस समूहको सान्दर्भिकतामाथि प्रश्न उठेको समयमा गत मे २६ मा नयाँदिल्लीमा समूहको बैठक बसेको थियो ।

पछिल्लो समय वासिङ्टनले पश्चिमी गोलार्द्ध तथा मध्य-पूर्वी भेगमा आफ्नो शीर्ष ध्यान केन्द्रित गर्दा प्रशान्तीय क्षेत्रमा ध्यान केही कम गरेको छ । अमेरिकाले कम महत्त्व दिएको समयमा समूहले फिजीमा बन्दरगाह विकास गर्नुको महत्त्व के छ ? कतै यसले अमेरिका र चीनबिच सम्बन्ध बिगार्न सक्छ ?


## फिजीमा बन्दरगाह विकास योजनामा के-के छन् ?

फिजीका विदेशमन्त्री सकियासी डिटोकाले नयाँ घोषित 'भावी साझेदारीका लागि क्वाड बन्दरगाह'को पाइलट परियोजनाअन्तर्गत बन्ने बन्दरगाह सुभा र लाउटोमा बनाइने जानकारी दिए । बन्दरगाह परियोजना क्वाडको पहिलो संयुक्त पहल हो । तथापि, बन्दरगाह योजनाका बारेमा थोरै मात्र विवरण सार्वजनिक गरिएको छ । ४१ प्रतिशत फिजी सरकारको स्वामित्व रहेको सुभा बन्दरगाह एजेन्सीले बन्दरगाहको स्तरोन्नतिका लागि १८ करोड १० लाख डलर र सके सुभा बन्दरगाह स्थानान्तरण गर्नेसम्बन्धी १.८१ अर्ब डलरको योजनामा गत साता मात्र अमेरिकी अधिकारीसँग छलफल गरेको फिजियन मिडियाले जनाएका छन् ।

## एसिया प्रशान्त क्षेत्रमा क्वाडले के गर्दै छ ?

क्वाडका चार देशहरू रुस र चीनपछि एसिया-प्रशान्त क्षेत्रका सबैभन्दा प्रभावशाली शक्तिहरू हुन् । क्वाडले आफूहरूबिचको सहयोगको क्षेत्रलाई यसको मूल सुरक्षा-केन्द्रित दृष्टिकोणभन्दा बाहिर पनि विस्तार भएको छ । पछिल्लो समय समूहले समुद्री सुरक्षा, पूर्वाधार, प्रविधि, स्वास्थ्य र आपूर्ति शृंखलाका लागि एसिया प्रशान्त पहलको विस्तृत दायरामा फैलिएको छ ।

समूहले 'इन्डो-प्यासिफिक पार्टनरसिप फर म्यारिटाइम डोमेन अवारनेस (आइपिएमडिए) पनि सञ्चालन गर्दछ, जसले प्रशान्त क्षेत्रका ससाना देशहरूलाई उपग्रह डेटामार्फत अवैध माछा मार्ने, तस्करी तथा अन्य समुद्री गतिविधिहरूको निगरानीमा सघाउँछ । त्यस्तै, यसले 'क्वान्टम' कम्प्युटिङ र साइबर सुरक्षामा सहयोगको साथसाथै चीनमा निर्भरता कम गर्न लिथियम, दुर्लभ-पृथ्वी खनिज र अन्य रणनीतिक खनिजका लागि आपूर्ति शंखला सहज बनाउन समन्वय गर्दछ । त्यस्तै, क्वाड देशहरूले ससाना प्रशान्त टापुमा प्रकोप राहत, जलवायु लचिलोपन र मानवीय सहयोगको पनि वाचा गरेका छन् ।



चीनले सुरुदेखि नै क्वाडलाई आफूविरुद्ध स्थापित गठबन्धनको रूपमा हेर्दै आएको छ । अहिले फिजीमा नयाँ परियोजना घोषणा गर्नुलाई बेइजिङले प्रशान्त टापु देशहरूमा क्वाडको सञ्चालन विस्तारको रूपमा हेरेको छ



● यशराज शर्मा
नयाँदिल्लीस्थित शर्माले दक्षिण एसियाली राजनीति, भारतमा बढ्दो हिन्दु राष्ट्रवाद र अन्य सामाजिक विषयमा कलम चलाउँछन् ।

## क्वाडलाई लिएर चीन किन खुसी छैन ?

'चीनले क्वाडलाई आफूविरुद्ध गठित गठबन्धनको रूपमा हेर्छ । अहिले फिजीमा सोही समूहले नयाँ परियोजना घोषणा गर्नुलाई बेइजिङलले प्रशान्त टापु देशहरूमा क्याडको सञ्चालन विस्तारको रूपमा हेरिएको छ,' चीनमा विशेष ध्यान केन्द्रित गर्ने 'ताइवान-एसिया एक्सचेन्ज फाउन्डेसन'की पोस्ट-डक्टोरल फेलो सना हासमीले भनिन् ।

विगत केही वर्षमा, बेइजिङले यस क्षेत्रमा अर्बौं डलर लगानी गरिसकेको छ, र यसको प्रभाव समानान्तर रूपमा बढेको छ । फिजीमा क्वाडको बन्दरगाह परियोजनाबारे यसै हप्ता मिडियाले सोधेको प्रश्नको जवाफमा, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले चेतावनी दिँदै भने कि यस क्षेत्रमा कुनै पनि सहयोग 'कुनै तेस्रो पक्षलाई लक्षित गर्नुहुँदैन ।'

उता मे २६ मा नयाँदिल्लीमा भएको क्वाड राष्ट्रको बैठकपछि जारी संयुक्त विज्ञप्तिमा, क्वाड देशका विदेशमन्त्रीहरूले पूर्वी चीन सागर र दक्षिण चीन सागरमा बढ्दो तनावका बारेमा पनि चिन्ता व्यक्त गरेका थिए । बैठकपछि जारी विज्ञप्तिमा 'यस क्षेत्रमा शान्ति र स्थिरतालाई खतरामा पार्ने कुनै पनि अस्थिर वा एकपक्षीय कदमको कडा शब्दमा विरोध गर्ने' तिनले पुनः दोहोऱ्याएका छन् । विज्ञप्तिमा चीनको विशेष रूपमा नाम लिइएको छैन । तथापि, यसलाई ताइवानमाथि चीनको दाबी र त्यस टापुवरिपरि चीनको बढ्दो सैन्य अभ्यासको संख्यालाई संकेत मानिएको छ ।

भोलिपल्ट, चिनियाँ प्रवक्ता निङले प्रेस ब्रिफिङमा यस विषयबारे बोल्दै भने : 'पूर्वी चीन सागर र दक्षिण चीन सागरको अवस्था सामान्यतया स्थिर छ । बरु, केही देशहरूले चीनवरपर समुद्री मामिलामा हस्तक्षेप गर्न बन्द गर्नुपर्छ । शान्ति र स्थिरता जोगाउन क्षेत्रीय देशहरूको प्रयासलाई इमानदारीपूर्वक सम्मान गर्नुपर्छ । तनाव र टकराव बढाउने कुनै पनि प्रयासलाई समर्थन गर्न सकिँदैन ।'

'ताइवान-एसिया एक्सचेन्ज फाउन्डेसन'की पोस्ट-डक्टोरल फेलो सना हासमीका अनुसार प्रशान्त महासागरीय टापु देशहरूमा चीनले निरन्तर उपस्थिति बढाइरहेको छ । 'यसले अस्ट्रेलिया र अन्य क्षेत्रीय शक्तिलाई चिन्तित बनाएको छ,' हासमीले भनिन्,'यस क्षेत्रमा क्वाड अझ सक्रिय रूपमा सञ्चालन हुने तत्परतालाई बेइजिङले रणनीतिक घेराबन्दीको रूप हेर्छ । क्वाडलाई उसले यसैले पनि प्रशान्त महासागरीय टापु देशहरूमा चीनको क्षेत्रीय महत्त्वाकांक्षालाई बाधा पुऱ्याउन सक्ने समूहका रूपमा हेर्छ ।'

यसबिच, फिजीले एक दसकअघि गरिएको सडक निर्माण र अन्य पूर्वाधार परियोजनाका लागि चिनियाँ राज्य बैंकहरूलाई १० करोड डलरभन्दा बढी ऋणी छ । उसो त फिजी विगतमा अस्ट्रेलियाको प्रभाव क्षेत्र हो । चीनको लगानी वृद्धिपछि पछिल्लो समय अमेरिका र अस्ट्रेलियाले पनि फिजीलगायत अन्य प्रशान्त महासागरीय टापुहरूमा आफ्नो रणनीतिक संलग्नता बढाएका छन् । यी दुई देश चीनको फैलँदो कूटनीतिक तथा समुद्री उपस्थितिलाई लिएर चिन्तित छन् ।

अस्ट्रेलिया, अमेरिका र बेलायतबिचको सन् २०२१ मा घोषित 'ओकस सम्झौता' पनि चीनको प्रभावलाई प्रतिरोध गर्ने प्रयासको रूपमा हेरिन्छ । सम्झौताअन्तर्गत क्यानबेरा र लन्डनले वासिङ्टनसँग मिलेर २०४० को दशकसम्ममा अस्ट्रेलियामा आणविक-वर्गको पनडुब्बीहरू डिजाइन गर्न काम गरिरहेका छन् । अमेरिका र अस्ट्रेलियाले गत वर्ष 'प्रशान्त पहल'को एक शृंखला पछ्याए, जसमा पपुवा न्यु गिनीसँग बलियो रक्षा सम्झौतासमेत समावेश छ । अस्ट्रेलियाले प्रशान्त क्षेत्रका साना टापु राज्यहरूका लागि आर्थिक सहायता, प्रहरी सहयोग र जलवायु वित्तपोषणसमेत वृद्धि गरेको छ ।

त्यसअघि सन् २०२२ मा, चीनले सोलोमन आइल्यान्डसँग त्यस देशमा आवश्यक पर्दा चिनियाँ प्रहरी, सेना र सशस्त्र बल पठाउन दिने ऐतिहासिक सम्झौतामा हस्ताक्षर गरेको थियो । यस सम्झौतासँगै बेइजिङले अस्ट्रेलियाबाट करिब २,००० किलोमिटर दूरीमा बलियो पाइला टेक्ने अवसर दियो । त्यसपछिका महिनामा, वासिङ्टनले जवाफी कूटनीतिक अग्रसरता चाल्यो । त्यसपछि नै अमेरिकाले ३० वर्षअघि सोलोमन आइल्यान्ड्समा बन्द गरिएको दूतावास सन् २०२३ मा पुनः खोल्यो । सोही वर्ष अर्को सानो प्रशान्तीय राष्ट्र टोंगामा नयाँ अमेरिकी दूतावास खोलियो । वासिङ्टनले भानुआटु र किरिबाटीलगायत देशहरूमा थप कूटनीतिक नियोग खोलिने योजना पनि घोषणा गऱ्यो ।

जो बाइडेनको शासनकालमा अमेरिकाले तीन प्रशान्त महासागरीय देशहरू मार्सल आइल्यान्ड्स, माइक्रोनेसिया र पलाउ सम्मिलित 'कम्प्याक्ट्स अफ फ्री एसोसिएन अफ थ्री प्यासिफिक कन्ट्रिज' समूह नवीकरण गरेको थियो । यद्यपि, चीन यी सामूहिक प्रयासहरूमा अगाडि रहेको हासमीले बताइन् । 'अमेरिका तथा अन्य पश्चिमी देशले यी क्षेत्रको चिन्ता रहेको जलवायु परिवर्तन, पूर्वाधार विकास र लचिलो आर्थिक सम्बन्धजस्ता विषयमा ध्यान नदिई सम्बन्ध बढाउने प्रयास गरेकाले त्यो बनावटी बनेको छ ।

चीनको प्रभावको सामना गर्न दिगो प्रतिबद्धता र निरन्तरता आवश्यक पर्नेछ । क्वाडको हालैको घोषणा त्यसै दिशामा महत्त्वपूर्ण हुन्छ । यद्यपि, यसको प्रभाव यी घोषणा कार्यान्वयन हुन्छ कि हुँदैन भन्नेमा निर्भर गर्दछ,' हासमीले भनिन् ।

*- अलजजिराबाट*

## इतिहासमा आज जुन २



**सन् १९४६ :** इटली संसदीय गणतन्त्र घोषित । जनमतसंग्रहमा ८९ प्रतिशत इटालियनले भाग लिए । त्यस्तै, जनमतसंग्रहमा पहिलोपटक महिला पनि सहभागी थिए ।

**सन् १८१८ :** ब्रिटिस सेनाले भारतको बम्बईमा मराठा गठबन्धनलाई पराजित गऱ्यो ।

**सन् १८४० :** अंग्रेजी उपन्यासकार तथा कवि थोमस हार्डीको जन्म ।


**सन् १८८६ :** २१ वर्षीया फ्रान्सेस फोलसमले तत्कालीन अमेरिकी राष्ट्रपति ग्रुभर क्लेभलेन्डसँग विवाह गरिन् । उनी अमेरिकी इतिहासमै पहिलो प्रथम महिला बनिन् ।

**सन् १९२४ :** अमेरिकाद्वारा भारतीय मूलका अमेरिकीलाई पूर्ण नागरिकता प्रदान ।

**सन् १९२८ :** राष्ट्रवादी नेता चियाङ काई सेकले चीनको पेकिङलाई रक्तहीन ढंगले कब्जा गरे ।

**सन् १९५३ :** बेलायतमा महारानी एलिजाबेथ द्वितीयको राज्याभिषेक । लन्डनको वेस्टमिन्स्टर एबेमा भएको राज्याभिषेक इतिहासमा पहिलोपटक टेलिभिजनमा प्रसारण गरिएको प्रमुख अन्तर्राष्ट्रिय घटना थियो । बुबा राजा जर्ज छैटौंको मृत्युपछि एलिजाबेथ राजसिंहासनमा विराजमान भएकी थिइन् ।

# 'इरानीको अधिकार सुनिश्चितताविना अमेरिकासँग सम्झौता हुँदैन'




**तेहरान/** इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबाफले तेहरानले अमेरिकासँग इरानीहरूको अधिकार सुनिश्चित नहुने कुनै पनि सम्झौतामा सहमति नजनाउने बताएका छन् । सरकारी टेलिभिजनमा एक भिडियो वक्तव्यमा गालिबाफले इरानी वार्ताकारले 'शत्रुको शब्द वा उसका प्रतिज्ञामा विश्वास नगर्ने' बताए । तेहरान र वासिंटनले यस क्षेत्रमा युद्ध अन्त्य गर्न सन्देश आदानप्रदान गरिरहेको विवरण सार्वजनिक भइरहेका वेला उनको भनाइ आएको हो । 'हामी इरानी जनताको अधिकार कायम राखिएको छ भनेर निश्चित नभएसम्म कुनै पनि सम्झौतालाई अनुमोदन गर्नेछैनौँ,' गालिबाफले भने । उनले अगाडि थपे, 'इरानी वार्ताकारले न त शत्रुको शब्द न उसका प्रतिज्ञामा विश्वास गर्छन् ।'

इरानी मिडियाका अनुसार इरानले आफ्नो आणविक कार्यक्रममा ठोस वार्तामा प्रवेश गर्नुअघि १२ अर्ब डलरको जम्मा सम्पत्ति फिर्ता माग गरेको बताइएको छ । तेहरानको समृद्ध युरेनियमको भण्डार नष्ट गरिनेछ भन्ने ट्रम्पको दाबीमा कुनै सत्यता नभएको ती सञ्चार माध्यमले जनाएका छन् । इरानले लेबनानलाई भविष्यको कुनै पनि सम्झौतामा समावेश गर्न पनि जोड दिएको छ, यद्यपि यस क्षेत्रमा लडाइँ जारी छ ।

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध अन्त्य गर्न इरानसँगको सम्झौतामा 'अन्तिम निर्णय' गर्ने बताएका थिए । राष्ट्रपति ट्रम्पले शुक्रबार इरानसँग युद्धविराम विस्तार गर्ने सम्बन्धमा 'अन्तिम निर्णय' गर्न शुक्रबार शीर्ष सहयोगीसँग बैठक गरेका थिए, बैठक विनानिष्कर्ष सकिएको थियो । उनले इरानले कहिल्यै आणविक हतियार वा बम राख्न नपाउने, हर्मुजको जलमार्गलाई 'दुवै दिशामा विनाअवरोध पुनः खोल्न र जलमार्गमा रहेका कुनै पनि खानी 'नष्ट' गर्न सहमत हुनुपर्ने बताएका थिए । बैठक ह्वाइटहाउसको सिचुएसन रुममा भएको थियो, जुन ठुला संकटको सामना गर्न प्रयोग गरिन्छ । अमेरिकी अधिकारीका अनुसार बिहीबार दुई देशले ट्रम्प र इरानको नेतृत्वको अनुमोदनका लागि सम्झौताको ढाँचामा सहमति जनाएका थिए, जसलाई समझदारी पत्र भनिन्छ ।

# भारत र पाकिस्तानमा गर्मीको लहर किन यति घातक ?

गर्मीले कुनै वेला शरीरको तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि बढ्दा मानिसमा 'हिटस्ट्रोक' हुन सक्छ, जसले मस्तिष्क र शरीरका अन्य महत्त्वपूर्ण अंगलाई क्षति पुऱ्याउँछ



भारत र पाकिस्तान गर्मीका लागि अपरिचित छैनन् । वर्षको यो समय सबैभन्दा खराब हुन्छ, किनकि मनसुनअघिको गर्मीले दुवै देशमा जनजीवन प्रभावित हुने गरेको छ । तर, यस वर्षको गर्मी अर्कै छ । तीव्र, निरन्तर गर्मी अप्रिलको मध्यमा सुरु भयो । धेरै स्थानमा दैनिक अधिकतम तापक्रम ४६ डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । केही क्षेत्रमा त तापक्रम मौसमी मापदण्डभन्दा माथि छन् । मानिसले एयर कन्डिसनर चलाउँदा भारतमा बिजुलीको माग बढेको छ र दुवै देशमा दश लाख वर्गकिलोमिटरभन्दा बढी क्षेत्र खडेरीबाट प्रभावित छ । जब अत्यधिक गर्मी आर्द्रतासँग मिल्छ, यो घातक हुन सक्छ । यस्तो अवस्थामा मानव शरीरले सजिलै आफूलाई चिसो पार्न सक्दैन । गर्मीको लहरले यो सिजनमा भारतमा कम्तीमा ३७ र पाकिस्तानमा १० जनाको ज्यान लिएको छ । गर्मीबाट मृत्यु हुनेको यो तथ्यांक कम हुन सक्छ, किनकि भारतमा गर्मीसँग सम्बन्धित मृत्यु व्यवस्थित रूपमा कम गणना गरिन्छ ।

## किन यति धेरै गर्मी ?

यो सामान्यतया प्रिमनसुनको समय हो । तर, धेरै कारकले खराब मौसमलाई अझ विकराल बनाउन सक्छन् । यस वर्ष यो यति खराब हुनुको एउटा कारण निरन्तरको उच्च-दबाबयुक्त मौसम प्रणाली हुन् । यी प्रणालीले बादललाई दबाएर र चिसो वर्षाको सम्भावना कम गरेर गर्मीको लहरलाई थप उत्प्रेरित गर्छन् । यस वर्ष बलियो उच्च-दबाब प्रणाली भारत र पाकिस्तानका केही भागमा स्थिर छ, जसले सतहनजिकै तातो हावा फसाउँछ र धेरै दिनसम्म तापक्रम वृद्धि गर्छ । कम वर्षासँगै जमिनको सतहमा बढी गर्मी हुन्छ र माटो सुक्खा हुन्छ । सुक्खा माटोले चिजहरू झनै खराब बनाउँछ । उच्च चाप प्रणाली प्रायः धेरै दिनसम्म रहन सक्छ, जसले गर्दा अत्यधिक गर्मीको वातावरण बन्छ ।

सहरहरूमा यो प्रायः सबैभन्दा खराब हुन्छ, किनकि कंक्रिटले दिनको समयमा ताप सोस्छ र रातभर बिस्तारै छाड्छ । यसको अर्थ सहरहरू रातभर ताता रहन्छन्, जसले गर्दा चिसोको पहुँच नभएका मानिसको स्वास्थ्य जोखिम बढ्छ । यी तत्कालीन असरका पछाडि अर्को ठुलो कारण छ, जलवायु परिवर्तन । संसार निरन्तर तातो हुँदै जाँदा तापक्रम झन्झन् खराब हुँदै गएको छ । वर्ल्ड वेदर एट्रिब्युसनको अनुमानअनुसार १५-२९ अप्रिल २०२६ सम्मको पहिलो ठुलो ताप लहर जलवायु परिवर्तनका कारण लगभग एक डिग्री सेल्सियस बढी रहेको देखाएको छ । यसको अर्थ विश्वव्यापी तापक्रम (१.४ डिग्री सेल्सियस) को वर्तमान विश्वव्यापीस्तरमा उपमहाद्वीपले प्रत्येक पाँच वर्षमा एकपटक यस्तै घटनाको सामना गर्नेछ । हाल, हामी २१०० सम्ममा २.६ डिग्री सेल्सियस तापक्रम बढ्ने दिशामा उन्मुख छौँ । तापक्रमको त्यो स्तरमा, यस्ता चरम तापक्रम प्रत्येक दुई-तीन वर्षमा आउनेछन् र २.२ डिग्री सेल्सियस बढी तातो हुनेछन् ।

## आर्दता र तापक्रमले वातावरण बन्छ घातक

भारत र पाकिस्तानका धेरै भाग अत्यधिक आर्द्र हुन्छन् । जब निरन्तर अत्यधिक गर्मी हुन्छ आर्द्रताले स्वास्थ्यमा तीव्र खतरा निम्त्याउँछ । यस क्षेत्रका केही भागमा आर्द्रताको स्तर बिग्रँदै गइरहेको छ । किनभने, आर्द्र अवस्थामा प्राकृतिक रूपमा चिसो हुन गाह्रो हुन्छ । मानव शरीरले पसिनालाई चिसो पार्ने मुख्य विधिको रूपमा प्रयोग गर्छ । जब तातो पानीका यी थोपा छालाबाट वाष्पीकरण हुन्छन्, शरीरमा गर्मी बढ्छ । आर्द्र हावाले पसिनालाई चिसो पार्ने धेरै कम प्रभावकारी विधि बनाउँछ । जब हावामा पहिले नै धेरै आर्द्रता हुन्छ, पसिना वाष्पीकरण हुन धेरै समय लाग्छ । पसिना आउँदा पनि शरीर तातो हुँदै जान सक्छ । यसैकारण वैज्ञानिकहरू घातक आर्द्रताका बारेमा बढ्दो रूपमा चिन्तित छन् । किनकि, गर्मी र आर्द्रता मिलेर द्रुत रूपमा मानिस बिरामी पर्दै छन् वा उनीहरूको अकालमा ज्यान जाँदै छ । यसरी मृत्यु हुनु अत्यन्तै अप्रिय छ । यो शरीरको मुख्य तापक्रम बढ्दै जाँदा सुरु हुन्छ । मानिसले गर्मी कम गर्न धेरै पसिना बगाउँछन्, तर पसिनाले राम्रोसँग काम गर्दैन । कुनै वेला शरीरको तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि बढ्न सक्छ र हिटस्ट्रोक हुन सक्छ, जसले मस्तिष्क र अन्य महत्त्वपूर्ण अंगलाई क्षति पुऱ्याउँछ । द्रुत चिसोपन र तत्काल हेरचाह नभएमा यो घातक हुन सक्छ । गर्मी र आर्द्रताको संयुक्त खतरा नाप्न वैज्ञानिकले वेट-बल्ब टेम्प्रेचर'जस्ता उपाय प्रयोग गर्छन् । यसले पसिनाबाट कति चिसोपन सम्भव छ भन्ने प्रतिबिम्बित गर्छ ।

नयाँ अनुसन्धानले देखाएको छ कि तापक्रम र आर्द्रता संयोजनमा घातक हुन सक्छ । उदाहरणका लागि, बाहिर बस्ने वृद्धवृद्धाका लागि ३५ डिग्री सेल्सियस र ९० प्रतिशत आर्द्रता ४५ डिग्री सेल्सियस र ३० प्रतिशत आर्द्रताजत्तिकै घातक हुन्छ । हालैका वर्षमा दक्षिणी एसियामा गर्मीको लहरको समयमा यो स्तर पहिले नै पुगेका छ । उदाहरणका लागि १८-३५ वर्षका स्वस्थ व्यक्ति पनि ४० प्रतिशत आर्द्रता र ४५ डिग्री सेल्सियस तापक्रममा मृत्यु हुने जोखिममा छन् । यो सम्भवतः उपमहाद्वीपका केही क्षेत्रले गर्मीको यो तीव्र अवधिमा कहिलेकाहीँ ती सीमा पार गरेका छन् । तर, हामी निश्चित रूपमा भन्न सक्दैनौँ, किनकि धेरैजसो मौसम बुलेटिनले वेट बल्ब टेम्प्रेचरको सट्टा हावाको तापक्रम दिन्छन् ।

## गर्मीबाट कहिले राहत हुन्छ ?

मनसुन आउँदा सामान्यतया चिसो अवस्था ल्याउँछ । बादलले ढाकिएको र व्यापक वर्षाले दिनको तापक्रम कम गर्न मद्दत गर्छ, यद्यपि आर्द्रता प्रायः उच्च रहन्छ । दक्षिणी भारतमा सामान्यतया जुनको सुरुमा मनसुन आउँछ र जुलाईको मध्यसम्ममा सम्पूर्ण देश मनसुनले ढाक्छ । पाकिस्तानमा मनसुन सामान्यतया ढिलो आउँछ, सामान्यतया जुलाईको सुरुमा हुन्छ । मनसुन प्रायः सेप्टेम्बरसम्म रहन्छ । यस क्षेत्रका लागि राहत धेरै चाँडै आउन सक्दैन । जलवायु परिवर्तन बढ्दै जाँदा अत्यधिक गर्मी र आर्द्रताले यी राष्ट्रलाई धेरैपटक गम्भीर रूपमा प्रहार गर्नेछ ।

*- द कन्भर्सेसनबाट*

# ४०० केभीको पश्चिम सेती बनाउन कम्पनी स्थापना

## अबको एक वर्षमा ठेक्का आह्वान गर्ने लक्ष्य

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका



२० अर्ब लागत अनुमान गरिएको चार सय केभीको पश्चिम सेती प्रसारणलाइन बनाउन सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा कम्पनी स्थापना गरिएको छ। राष्ट्रिय प्रसारण ग्रिड कम्पनी (आरपिजिसिएल)ले उक्त परियोजना सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा बनाउन १३ पुसमा आशयपत्र आह्वान गरेको थियो। त्यसमा छनोट भएका तीन निजी कम्पनीको सेयर स्वामित्व हुने गरी १३ जेठमा 'वेस्ट सेती ट्रान्समिसन लिमिटेड' नामक विशेष प्रयोजन कम्पनी (एसपिभी) स्थापना गरिएको हो। पश्चिम नेपालमा निर्माण हुने ठुला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न यो परियोजना महत्त्वपूर्ण मानिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सोमबार यसको औपचारिक 'सेलिब्रेसन' गरेको छ। कम्पनीमा सरकारी पक्षको ५१ प्रतिशत स्वामित्व रहनेछ। त्यसअन्तर्गत आरपिजिसिएलको २६ प्रतिशत, चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको १२.५ प्रतिशत र चैनपुर सेती हाइड्रोपावर कम्पनी लिमिटेडको १२.५ प्रतिशत लगानी रहनेछ। यस्तै, निजी क्षेत्रतर्फ समृद्धि इनर्जी लिमिटेडको २५.१ प्रतिशत, डादी ग्रुप पावर लिमिटेडको सात प्रतिशत र स्युरी डादी पावर लिमिटेडको ६.९ प्रतिशत सेयर रहनेछ। बाँकी १० प्रतिशत सेयर सर्वसाधारणका लागि छुट्याइएको छ। राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड (आरपिजिसिएल)को सञ्चालक समितिले २ जेठमा लगानी संरचना स्वीकृत गरेसँगै कम्पनी दर्ता प्रक्रिया पूरा भएको थियो। करिब २० अर्ब रुपैयाँ लागत अनुमान गरिएको आयोजना ३० प्रतिशत इक्विटी र ७० प्रतिशत ऋण लगानीमा निर्माण गरिनेछ।

बझाङको जयपृथ्वी नगरपालिका- १ स्थित चैनपुर सबस्टेसनदेखि डोटीको वनलेक हुँदै कैलालीको बर्दगोरिया गाउँपालिका- २ स्थित दोधोधरा सबस्टेसनसम्म करिब एक सय ४५ किलोमिटर लम्बाइको चार सय केभी डबल सर्किट प्रसारणलाइन निर्माण गरिनेछ। आयोजनाअन्तर्गत चैनपुरमा एक सय ६० एमभिए र वनलेकमा तीन सय १५ एमभिए क्षमताका सबस्टेसन निर्माण गरिनेछन्।

आयोजनाको डिपिआर तयार भइसकेको छ भने वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन पनि स्वीकृति भइसकेको छ। तीन वर्षअघि तयार भएको डिपिआरले लागत २० अर्ब देखाएको हो। प्रसारणलाइनमार्फत आठ सय मेगावाटको पश्चिम सेती जलविद्युत् आयोजना, चार सय ५० मेगावाटको सेती नदी-६ आयोजना, एक सय ७० मेगावाटको अपर सेतीलगायतका सेती नदी प्रणाली तथा यसका सहायक नदीहरूमा निर्माण हुने आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गरिनेछ।

करिब दुई हजार पाँच सय मेगावाटसम्म विद्युत् निकासी क्षमता विकास गर्ने लक्ष्य राखिएको यस आयोजनाले राष्ट्रिय विद्युत् प्रणालीको विश्वसनीयता बढाउनुका साथै सीमापार विद्युत् व्यापार, ऊर्जा सुरक्षा र दीर्घकालीन ऊर्जा विकास रणनीतिलाई समेत सुदृढ बनाउने अपेक्षा गरिएको छ।

### एचआइडिसिएलको नेतृत्वमा ऋण लगानी, एक वर्षमा टेन्डर आह्वान

करिब २० अर्ब रुपैयाँ लागत अनुमान गरिएको आयोजना ३० प्रतिशत इक्विटी र ७० प्रतिशत ऋण लगानीमा निर्माण गरिनेछ। त्यसमा सरकारकै स्वामित्व हाइड्रो इलेक्ट्रीसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)को नेतृत्वमा ऋण लगानी हुँदै छ। एचआइडिसिएले निजी बैंकहरूको संलग्नतामा परियोजनामा लगानी गर्नेछ। यस सम्बन्धमा आरपिजिसिएलले एचआइडिसिएलसँग समझदारी गरिसकेको छ।

आरपिजिसिएलका प्रमुख कार्यकारी अधिकृत सागर श्रेष्ठले अबको एक वर्षमा निर्माणको ठेक्का आह्वान गर्ने बताए। 'यसपटक लागत अद्यावधिक गर्नुपर्नेछ। टेन्डर डकुमेन्ट तयारसँगै जग्गा प्रीप्तको काम पनि सम्पन्न गर्नुपर्नेछ। जग्गा प्राप्ति, रुख कटानीको स्वीकृतिलगायतका पूर्वतयारीका काम सम्पन्न गरेर एक वर्षमा टेन्डर आह्वान गर्ने लक्ष्य छ,' उनले भने, 'निर्माण सुरु भएको चार-पाँच वर्षमा काम सकिन्छ।' विकट ठाउँ भएका कारण परियोजनाको निर्माण अवधि पाँच वर्ष निर्धारण गरिएको छ। जग्गा प्राप्ति, 'राइट अफ वे' तथा वन क्षेत्रको स्वीकृतिपछि निर्माणकार्य तीव्र रूपमा अघि बढाइने उनको भनाइ छ। यसका लागि आवश्यक तयारी सुरु भइसकेको उनको दाबी छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले कम्पनीका संस्थापक साझेदारलाई सम्बोधन गर्दै ऊर्जा उत्पादनमा निजी क्षेत्रले पुऱ्याउँदै आएको योगदान अब प्रसारण पूर्वाधार विकासमा समेत विस्तार भएको बताए।

कम्पनीका साझेदार समृद्धि इनर्जी लिमिटेडका अध्यक्ष शैलेन्द्र गुरागाईंले आयोजनालाई ऊर्जा क्षेत्रको 'गेम चेन्जर' परियोजनाको संज्ञा दिँदै दीर्घकालीन महत्त्वका कारण निजी क्षेत्र लगानी गर्न उत्साहित भएको बताए।


# अदालतबाट किनारा लागिसकेका मुद्दामा पनि कर छुटको व्यवस्था

## राज्यकोषमा आउने सुनिश्चित भइसकेको राजस्वसमेत गुम्ने जोखिम

### आर्थिक विधेयकको दफा ४६ (३) मा भनिएको छ

सर्वोच्च अदालतमा पुनरावेदन गर्न वा मुद्दा दोहोऱ्याई हेरी पाउन अनुमति प्राप्त नभएका, तर सम्बन्धित कार्यालयबाट पुनः कर निर्धारण भइनसकेका मुद्दाको हकमा समेत विवादित कर रकम र सोको एक प्रतिशत थप रकम दाखिला गरेमा जरिवाना, ब्याज र विलम्ब शुल्क मिनाहा हुनेछ।

### राजस्व गुमाउने गरी राखिएको यो व्यवस्था गम्भीर रूपमा त्रुटिपूर्ण छ



● **प्राडा गान्धी पण्डित**, वरिष्ठ अधिवक्ता

**प्रशासकीय पुनरवलोकन, राजस्व न्यायाधिकरण हुँदै सर्वोच्च अदालतसम्म पुगेर कर कार्यालयहरूले मुद्दा जितिसकेको अन्तिम अवस्थामा छुट दिने निर्णय न्यायिक सिद्धान्तविपरीत छ। सरकारले ब्याज र जरिवानासहित असुल्न पाउने राजस्व गुमाउने गरी राखिएको यो व्यवस्था गम्भीर रूपमा त्रुटिपूर्ण छ। यसो गर्नु त अरू करदातालाई पनि एक प्रतिशत सोझै तिराएर कर छली गर्ने बाटो खोलिदिएजस्तै हो।**

### विवाद नगरीकन सहजै कर उठाउन यस्तो व्यवस्था



● **अमृत लम्साल**, प्रवक्ता अर्थ मन्त्रालय

**राजस्व न्यायाधिकरणले कुनै करको मुद्दामा सरकारको विपक्षमा वा आंशिक फैसला गरिदियो। त्यसविरुद्ध सरकार सर्वोच्च अदालत जान खोज्दा सर्वोच्चले यसमा फेरि बहस गर्नुपर्दैन भनेर सरकारी निवेदन अस्वीकृत (निस्सा नदिएको) गरिदियो। यस्तो अवस्थामा अड्किएको करको रकम विवाद नगरीकन सहजै उठाउन सकियोस् भनेर यो सुविधा ल्याइएको हो।**

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमार्फत कानुनी रूपमै अन्तिम किनारा लागिसकेका कर विवादमा समेत कानुनी छिद्र राखेको पाइएको छ। आर्थिक विधेयकमार्फत ल्याइएको कर छुटसम्बन्धी विशेष व्यवस्थाले प्रशासनिक र न्यायिक प्रक्रिया पूरा भई राज्यकोषमा दाखिल हुन सुनिश्चित भइसकेको राजस्व गुम्ने जोखिम बढाएको छ।

आर्थिक विधेयकमा 'विचाराधीन मुद्दा फिर्ता लिएमा जरिवाना, ब्याज र विलम्ब शुल्क मिनाहा छुट दिने' विशेष व्यवस्था गरिएको छ। आर्थिक विधेयकको दफा ४६ को उपदफा (३) मा यस्तो व्यवस्था गरिएको छ। उक्त उपदफामा भनिएको छ, 'सर्वोच्च अदालतमा पुनरावेदन गर्न वा मुद्दा दोहोऱ्याई हेरी पाउन अनुमति प्राप्त नभएका, तर सम्बन्धित कार्यालयबाट पुनः कर निर्धारण भइनसकेका मुद्दाको हकमा समेत विवादित कर रकम र सोको एक प्रतिशत थप रकम दाखिला गरेमा जरिवाना, ब्याज र विलम्ब शुल्क मिनाहा हुनेछ।' यसले न्यायिक सिद्धान्तकै खिल्ली उडाएको वरिष्ठ अधिवक्ता प्राडा गान्धी पण्डित बताउँछन्।

कुनै करदाताले कर छली गरेको ठहर गर्दै राजस्व न्यायाधिकरणले फैसला गऱ्यो र त्यसविरुद्ध करदाता सर्वोच्च जाँदा सर्वोच्चले 'तपाईंको दाबी पुग्दैन, मुद्दा दोहोऱ्याएर हेर्नुपर्दैन' भनी आदेश दियो भने त्यो मुद्दा कानुनी रूपमा अन्तिम हुने वरिष्ठ अधिवक्ता गान्धीले बताए। त्यस्तो अवस्थामा राज्यले जरिवाना र ब्याजसहित शतप्रतिशत कर असुल्नुपर्ने हुन्छ। तर, सरकारले त्यस्ता 'हारेका' करदातालाई समेत करको मूल रकम र मात्र एक प्रतिशत थप दस्तुर तिरे पुग्ने गरी उन्मुक्ति दिएको उनको भनाइ छ।

सर्वोच्च अदालतले समेत करदाताको दाबी गलत ठहर गर्दै निस्सा दिन अस्वीकार (पुनरावेदन अनुमति नदिएको) गरिसकेका मुद्दासमेत समेटिएका छन्। यसले बदनियतपूर्वक कर छली गर्नेहरूलाई प्रोत्साहन र इमानदार करदातालाई निरुत्साहित गर्ने सुनिश्चित देखिएको जानकारहरू बताउँछन्।

सरकारको यो निर्णय गम्भीर त्रुटि भएको गान्धीले बताए। 'प्रशासकीय पुनरवलोकन, राजस्व न्यायाधिकरण हुँदै सर्वोच्च अदालतसम्म पुगेर कर कार्यालयहरूले मुद्दा जितिसकेको अन्तिम अवस्थामा छुट दिने निर्णय न्यायिक सिद्धान्तविपरीत छ,' उनले भने, 'सरकारले ब्याज र जरिवानासहित असुल्न पाउने राजस्व गुमाउने गरी राखिएको यो व्यवस्था गम्भीर रूपमा त्रुटिपूर्ण छ। यसो गर्नु त अरू करदातालाई पनि एक प्रतिशत सोझै तिराएर कर छली गर्ने






बाटो खोलिदिएजस्तै हो।'

ठुला व्यापारिक घरानाको अर्बौं रुपैयाँको कर विवाद वर्षौंदेखि अदालतमा थियो र हालैका दिनमा सर्वोच्चबाट उनीहरूको विपक्षमा फैसला भइसकेको छ। उनीहरूलाई नै लक्षित गरेर यो व्यवस्था ल्याइएको आशंका सरोकारवालाको छ। यद्यपि, विधेयकले उपदफा (४) मार्फत दूरसञ्चार सेवाप्रदायक (जस्तै : एनसेल वा टेलिकम)को हकमा भने यो सुविधा लागू नहुने स्पष्ट पारेको छ। दूरसञ्चारबाहेकका अन्य व्यापारिक घराना, उत्पादनमूलक उद्योग र ठुला आयातकर्ताले यसको सिधा लाभ उठाउँदै अर्बौंको जरिवाना र ब्याज मिनाहा पाउने देखिन्छ। विधेयकमा मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क ऐनबमोजिम ०८३ जेठ १५ गतेसम्म भएका कर निर्धारणमा चित्त नबुझेर मुद्दामा गएकालाई समेटिएको छ। विगतमा पनि राज्यले कर फर्स्योट आयोग गठन गरेर वा आर्थिक विधेयकमार्फत मुद्दा फिर्ता लिने सर्तमा जरिवाना छुट दिने गर्दै आएको थियो। तर, अदालतका सबै तह पार गरेर राज्यले जितिसकेको र पैसा उठ्ने सुनिश्चित भइसकेको मुद्दामा समेत यसरी चोरबाटोबाट उन्मुक्ति दिएको छ। यसले इमानदारीपूर्वक समयमै कर तिर्ने करदातालाई दण्डित र कर छलेर अदालत धाउनेलाई पुरस्कृत गर्ने नजिर स्थापित गरेको विज्ञहरूको भनाइ छ।

तर, अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्साल भने सरकारले करदातासँग पैसा उठाउन खोज्दा अदालतका कारण अड्किएको बक्यौता रकम उठाउने लक्ष्यसहित यो सुविधा ल्याएको तर्क राख्छन्। उनले भने, 'राजस्व न्यायाधिकरणले कुनै करको मुद्दामा सरकारको विपक्षमा वा आंशिक फैसला गरिदियो। त्यसविरुद्ध सरकार सर्वोच्च अदालत जान खोज्दा सर्वोच्चले यसमा फेरि बहस गर्नुपर्दैन भनेर सरकारी निवेदन अस्वीकृत (निस्सा नदिएको) गरिदियो। यस्तो अवस्थामा अड्किएको करको रकम विवाद नगरीकन सहजै उठाउन सकियोस् भनेर यो सुविधा ल्याइएको हो।'

यद्यपि, राजस्व न्यायाधिकरणमा सरकारले मुद्दा हारिसक्यो र सर्वोच्चले पनि सरकारको निवेदन स्वीकार गरेन भने, कानुनअनुसार करदाताले त्यो कर तिर्नैपर्दैन। त्यसैले सरकारले जबर्जस्ती उठाउन मिल्दैन। यदि कुनै व्यापारीले कर छली गरेको प्रमाणित भइसकेको छ र सर्वोच्चले पनि व्यापारीको पुनरावेदन अस्वीकृत गरिदिएको छ भने, त्यो पैसा त सिधै सरकारी खातामा आउनुपर्ने हो। यस्तो अवस्थामा सरकारले नयाँ योजनामार्फत छुट ल्याइदिँदा व्यापारीले सरकारी खातामा आइसकेको कर पूरा नतिरी उल्टै छुट पाउने जोखिम बढाएको छ। यसले गर्दा राज्यले पाउनैपर्ने पक्का राजस्व गुम्ने खतरा बढेको हो। सरकारले बक्यौता कर उठाउन खोजेको दाबी गरे पनि यो नयाँ व्यवस्थाका कारण राज्यको कोषमा आउनै लागेको राजस्व उल्टै घट्ने वा गुम्ने जोखिम देखिएको छ।

# शतप्रतिशत स्वामित्व पाए मात्रै नेपाल आउने स्टारलिंकको सर्त

**काठमाडौं**/ स्याटेलाइट प्रविधिमा आधारित इन्टरनेट सेवाप्रदायक अन्तर्राष्ट्रिय कम्पनी स्टारलिंकले अनुमतिपत्र (लाइसेन्स)मा शतप्रतिशत स्वामित्व पाए मात्रै नेपाल आउने सर्त राखेको छ। विश्वकै सबैभन्दा धनी व्यक्ति एलन मस्कको कम्पनी स्टारलिंकले नेपालमा इन्टनरनेट सञ्चालनका लागि यस्तो सर्त राखेको हो।

स्टारलिंककी निर्देशक रेबिका हन्टरले सोमबार सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनासँग मन्त्रालयमा भेटवार्ता गर्दै आफूहरू नेपालमा सेवा सञ्चालनका लागि इच्छुक रहेको बताएकी हुन्। तर, त्यसका लागि कानुनी तथा नीतिगत सहजीकरण चाहिने उनले बताइन्।

भेटका क्रममा हन्टरले स्टारलिंकले नेपालमा इन्टरनेट सेवा सञ्चालनका लागि अनुमति लिन चाहेको, तर केही नीतिगत तथा कानुनी जटिलताका कारण अनुमति पाउन नसकेको बताइन्। लाइसेन्समा शतप्रतिशत स्टारलिंककै स्वामित्व भए मात्र अनुमति लिन सकिने उनले राखिन्। यद्यपि, व्यावसायिक साझेदारी तथा सहकार्यका लागि नेपालका केही सेवाप्रदायकसँग छलफल भइरहेको उनले बताइन्। भेटमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले विद्यमान दूरसञ्चार नीति तथा कानुनी व्यवस्थाअनुसार वैधानिक प्रक्रियाअनुरूप सेवा सञ्चालन गर्न कुनै अवरोध नहुने बताए।

## ■ बचत फिर्ता माग्दै आन्दोलन




डेढ वर्षदेखि आफ्नो बचत रकम फिर्ता नपाएको भन्दै कर्णाली विकास बैंकका बचतकर्ताले नेपालगन्जमा आन्दोलन गरेका छन्। नेपाल राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेको बैंकमा निक्षेपकर्ताको करिब चार अर्ब ३० करोड निक्षेप रहेको राष्ट्र बैंकले जनाएको छ। **तस्बिर** : नयाँ पत्रिका

# बजेटपछिको पहिलो कारोबारमा नेप्सेमा दोहोरो अंकको गिरावट

**काठमाडौं**/ आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट सार्वजनिक भएपछि बजार खुलेको पहिलो कारोबार दिनमै सेयर बजारले नकारात्मक प्रतिक्रिया दिएको छ। बजेटबाट लगानीकर्ता उत्साहित हुन नसक्दा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सोमबार २६.७२ अंकले घटेर २७५५.३७ विन्दुमा झरेको छ।

अघिल्लो कारोबार दिनको तुलनामा नेप्से ०.९६ प्रतिशतले घटेको हो। कारोबारका क्रममा बजार २७८९.५६ विन्दुसम्म पुगे पनि अन्तिम समयमा बिक्री दबाब बढेपछि २७४५.२ विन्दुसम्म झरेको थियो। अन्ततः बजार सोही दबाबबिच २७५५.३७ विन्दुमा बन्द भयो। बजेटअघि लगानीकर्ताले बजारमा कर नीतिमा थप सहुलियत, पुँजी बजारमैत्री व्यवस्था तथा लगानी प्रवर्द्धनका कार्यक्रम ल्याउन सुझाव दिएका थिए। बजेटले पुँजीगत लाभकर ५० प्रतिशतले बढाएको छ भने धितोपत्र कारोबारमा पुँजीगत लाभकरलाई नै अन्तिम कर मान्ने घोषणा गरेको छ। बजेटले पुँजी बजारमा गरेको नयाँ व्यवस्थाको स्वागत र आलोचना दुवै भइरहेको छ। बजेटले लगानीकर्ताको अपेक्षाअनुसार प्रत्यक्ष रूपमा पुँजी बजारलाई सम्बोधन गर्न नसकेको सोमबारको बजारले देखाएको कतिपय लगानीकर्ता बताउँछन्। त्यसको प्रभाव पहिलो कारोबार दिनमै परिसूचकमा देखिएको छ।

बजार घटेसँगै सोमबार कुल पाँच अर्ब ३१ करोड ५५ लाख ३९ हजार रुपैयाँभन्दा बढीको सेयर किनबेच भएको छ। एक करोड नौ लाख ९९ हजार ८६ कित्ता सेयर कारोबार हुँदा ६२ हजार पाँच सय ६८ पटक खरिद-बिक्री भएको तथ्यांकले देखाएको छ। हालको स्तर बजारको ५२ साताको उच्च विन्दु ३००२.०७ भन्दा करिब २४७ अंक तल रहेको छ भने न्यूनतम विन्दु २४८७.१७ भन्दा अझै माथि छ।

# वैदेशिक रोजगारीको पुनः श्रम स्वीकृति स्वचालित प्रणालीमा

**नयाँ पत्रिका**



एकपटक वैदेशिक रोजगारीमा गएका श्रमिक पुनः सोही देश र सोही कम्पनीमा रोजगारीका लागि जाँदा स्वचालित प्रणालीबाट विवरण भर्ने सुविधा सुरु भएको छ। वैदेशिक रोजगार विभागले सोमबारबाट वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणाली (फेमिस)मार्फत पुनः श्रम स्वीकृतिको व्यवस्था लागू गरेको हो।

विभागकी महानिर्देशक मीरा आचार्यले हाल कायम अटोमेसन प्रविधिलाई थप सुदृढ पार्दै स्वचालित बनाइएको जानकारी दिइन्। 'अहिले पुनः श्रम स्वीकृति लिन इच्छुक युवाहरूले अनलाइनमार्फत भरेको विवरण कर्मचारीले रुजु गरेर प्रणालीमा अपलोड गर्ने व्यवस्था रहेको छ,' उनले भनिन्, 'तर, अबदेखि पुनः श्रम स्वीकृति लिन इच्छुक युवाले सोझै फेमिस प्रणाली प्रयोग गर्न सक्ने बनाएका छौं।' यो प्रणालीमा गएर श्रमिकले तोकिएको विवरण आफैं भर्ने र प्रणालीले नै थप निर्देशन दिने व्यवस्था लागू भएको उनले जानकारी दिइन्।

'पुनः श्रम स्वीकृतिको कागजात अपलोड गर्ने कुरामा अबदेखि कर्मचारीको संलग्नता हटाइएको छ,' उनले भने, 'पूर्ण स्वचालित भएपछि श्रमिकलाई सबै काम गर्न पनि सहज हुने अपेक्षा छ।' कर्मचारीले रुजु नगर्ने भएकाले विवरण भर्दा ख्याल गर्न विभागले सूचित पनि गरेको छ। श्रमिकलाई पुनः श्रम स्वीकृतिको विवरण भर्दा केही सर्त पनि तोकिएको छ।

'श्रम स्वीकृति आवेदन गर्दा यसअघि श्रम स्वीकृति प्राप्त गरेकै देश तथा कम्पनीका लागि पुनः श्रम स्वीकृति आवेदन गरेको हुनुपर्ने,' विभागले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'कम्तीमा तीन महिना अवधि भएको राहदानी हुनुपर्ने र भिसा वैध हुनुपर्ने।' त्यस्तै, तोकिएको कम्पनीसँग करार सम्झौता गरेको हुनुपर्ने, सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेको हुनपर्ने, वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गरेको हुनुपर्ने र आवधिक जीवन बिमा गरेको हुनुपर्ने सर्त पनि तोकिएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले ३ जेठमा गरेको निर्णयअनुसार फेमिसमार्फत पुनः श्रम स्वीकृति गराउने निर्णय गरेका थिए। लगत्तै, आवश्यक तयारी सकेर सोमबारबाट लागू गरेको विभागले जनाएको छ।

### इजरायल जान छनोट भएका १५ जनालाई सम्पर्क गर्न आग्रह

इजरायलमा सहायक कामदारका रूपमा जान छनोट भएका १५ जनालाई मंगलबार दिउँसो एक बजेट सम्पर्कमा आउन विभागले सूचित गरेको छ। इजरायलस्थित रोजगारदाताबाट काम गर्ने गरी करार सम्झौता गरेर पठाएकाले भिसा प्रक्रिया अघि बढाउन १५ जनालाई म्याद रहेको प्रहरीको चारित्रिक प्रमाणपत्र, राहदानी, पासपोर्ट साइजको फोटो, स्वास्थ्य परीक्षण रिपोर्टलगायतका कागजात लिएर उपस्थित हुन विभागले सूचित गरेको हो।

# बजेटलाई सघाउने राष्ट्र बैंकको प्रतिबद्धता

## विद्युत्मा भ्याटको निर्णय फिर्ता नहुने, तर सहुलियत दिने अर्थमन्त्रीको आश्वासन

**नयाँ पत्रिका**




आगामी आवको बजेटले निर्धारण गरेको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्न राष्ट्र बैंकले सघाउने नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवं प्रवक्ता गुरुप्रसाद पौडेलले बताएका छन्। नेपाल आर्थिक पत्रकार संघ (नाफिज)ले सोमबार आयोजना गरेको 'पोस्ट बजेट अन्तर्क्रिया'मा बजेटले राखेको सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्न आवश्यक पर्ने तरलता व्यवस्थापन गर्ने र मुद्रास्फीतिलाई ६ प्रतिशतभित्रै सीमित राख्ने गरी राष्ट्र बैंकले नीतिहरू तर्जुमा गर्ने उनले बताए। वर्तमान असाधारण परिस्थितिलाई सम्बोधन गर्न सरकारलाई महत्त्वाकांक्षी बजेट ल्याउने दबाब र आवश्यकता रहेको उल्लेख गर्दै उनले सुशासन, डिजिटलाइजेसन र विद्युतीकरणलाई प्राथमिकता दिएकाले अर्थतन्त्रमा सकारात्मक 'सिनर्जी' आउने विश्वास व्यक्त गरे।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेटमा ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्तालाई लगाइएको पाँच प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट)बाट सरकार पछाडि नहट्ने स्पष्ट पारेका छन्। उनले विगतका सरकारले छुनसमेत नसकेको क्षेत्रमा उपभोगमा आधारित करको नयाँ अभ्यास थालिएको बताए। उनले भने, 'बिजुलीमा भ्याट आयो, आउँछ। यसबाट सरकार पछाडि हट्दैन।' तर, उपभोक्तालाई मार पर्न नदिन आगामी साउनदेखि नै विभिन्न सहुलियतका विकल्प ल्याइने आश्वासन उनले दिए।

यस्तै, ५० लाख रुपैयाँभन्दा कम मूल्यका गाडीमा कर नबढाउन प्रधानमन्त्रीबाटै निर्देशन आएको र सोहीअनुसार गरिएको उनले बताए। हाल एक करोडसम्मका इभी चढ्नु विलासिता भएको विषय सबैले स्वीकार गर्नुपर्ने उनको भनाइ छ। यसअघि किलोवाटका आधारमा गाडी आयात गर्दा महालेखा परीक्षकले प्रश्न उठाएका कारण व्यवसायीहरू तनावमा रहेकोमा अहिले मूल्यका आधारमा कर लगाउँदा अटो व्यवसायीले राहत महसुस गरेको उनले दाबी गरे।

### निजी क्षेत्रको मिश्रित प्रतिक्रिया

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले बजेटले निजी क्षेत्रको मनोबल बढाउने र बजारमा घटेको उपभोग्य वस्तुको मागलाई सम्बोधन गरी अर्थतन्त्र चलायमान बनाउने बताए। परिसंघले माग गर्दै आएको आयकर ऐनको दफा ५७ को संशोधन स्वागतयोग्य भएको उनले उल्लेख गरे। त्यस्तै, सरकारले तीन सय ६० वटा वस्तुबाट अन्तःशुल्क हटाउँदा 'कस्ट अफ बिजनेस' घट्ने उनले बताए। यद्यपि, भारतलगायतका देशबाट आयातित वस्तुमा गुणस्तर मापदण्ड लागू गर्ने माग र उत्पादनमूलक उद्योगमा हदबन्दी नलाग्ने व्यवस्था बजेटमा नसमेटिएकोमा उनले गुनासो गरे।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले सरकार गठन भएको छोटो अवधिमै सुस्ताएको अर्थतन्त्रलाई नयाँ आयाम दिने र आर्थिक समृद्धिको नयाँ युगमा प्रवेश गर्ने सुरुवात विन्दुका रूपमा बजेट आएको बताए। चेम्बरका अधिकांश सुझाव समेटिएको भन्दै उनले व्यक्तिगत आयकर छुट हुने आम्दानीको सीमा १० लाख पुऱ्याइनुलाई पारदर्शी अर्थतन्त्रको राम्रो सुरुवात भएको बताए। तीन सय ६० प्रकारका वस्तुको अन्तःशुल्क हटाइनु (८ र १० डिजिटको हार्मोनाइज्ड कोडको भिन्नताका कारण व्यवसायी पीडित बन्ने गरेको सन्दर्भमा) र दुई सय ७३ वटा औद्योगिक कच्चा पदार्थको भन्सार दर घटाइनु औद्योगिकीकरणका लागि राम्रो कदम भएको उनले बताए।

नेपाल उद्योग वाणिज्य महासंघ उपाध्यक्ष नरेशलाल श्रेष्ठले चालू आर्थिक वर्षको बजेट ६ खर्बभन्दा बढीको वित्तीय घाटा र स्रोत व्यवस्थापनको चुनौतीसहित आएकाले केही महत्त्वाकांक्षी देखिएको बताए। हाल पुँजीगत खर्च केवल २० प्रतिशत मात्र रहेको अवस्थामा बजेट रूपान्तरणकारीतर्फ जान खोजेको उनले टिप्पणी गरे।

तर, ५० युनिटभन्दा बढी बिजुली खपतमा पाँच प्रतिशत कर र शिक्षा-स्वास्थ्यमा लगाइएको करले निजी क्षेत्र र उपभोक्तामाथि भार पर्ने भएकाले यसमा संशोधन हुनुपर्ने उनको माग छ।

# यामाहा सेल्स स्किलका विजेता घोषणा

**काठमाडौं**/ यामाहा नेपालले देशभरका डिलरबाट उत्कृष्ट बिक्री तथा सेवा दक्षता भएका प्रतिभालाई एकत्रित गर्दै रिजनल सेल्स स्किल प्रतियोगिताका विजेता घोषणा गरेको छ। यामाहा मोटरसाइकलको आधिकारिक वितरक एमएडब्लू राइड्स प्रालिअन्तर्गत यामाहा ट्रेनिङ एकेडेमीमार्फत गरिएको प्रतियोगिताले अग्रपंक्तिमा कार्यरत जनशक्तिको सिप अभिवृद्धि, उत्कृष्टताको सम्मान तथा भविष्यका लागि अझ सशक्त सेल्स टिम निर्माण गर्ने उद्देश्य राखेको बताइएको छ।

बिक्रीतर्फ क्षेत्रीय प्रतिस्पर्धा काठमाडौं, इटहरी, बर्दीबास, भरतपुर र नेपालगन्ज गरी पाँच प्रमुख सहरमा आयोजना गरिएको थियो। त्यसैगरी, सेवातर्फको प्रतियोगिता काठमाडौं, बुटवल, बर्दीबास, इटहरी र



नेपालगन्जमा सम्पन्न भएको कम्पनीले जनाएको छ। सहभागीहरूको मूल्यांकन उत्पादनसम्बन्धी ज्ञान, प्रतिस्पर्धीबारे जानकारी, अटोमोबाइलका आधारभूत विषय तथा व्यावहारिक बिक्री र सेवा सिपका आधारमा गरिएको थियो।

प्रतियोगितामा सफल बी एन्ड बी अटो ट्रेडर्स विराटचोकका चूडामणि आचार्य विजेता बनेका छन्। त्यस्तै, भिएडब्लू इन्टरप्राइजेज पोखराका समुन्द्र पंगेनी फर्स्ट रनरअप तथा डी एन्ड डी अटोलिंक सीतापाइलाका अनिश महर्जन सेकेन्ड रनरअप भएका हुन्।

उनीहरूलाई कम्पनीले सम्मान गरेको छ।

त्यसैगरी, सर्भिस स्किल प्रतियोगितामा मोटो क्राफ्ट, गोंगबुका प्रवीण सान्डा विजेता बनेका छन् भने ऋषिक अटोमोबाइल्स कुमारीपाटीका निरोज श्रेष्ठ फर्स्ट रनरअप तथा क्रेसभ कमर्सियल दमकका दिपन सरकार सेकेन्ड रनरअप बनेका छन्। उनीहरूले आफ्ना प्रतिस्पर्धीमाझ उत्कृष्ट प्रदर्शन गर्दै राष्ट्रियस्तरको प्रतियोगितामा स्थान सुरक्षित गरेका हुन्।

सबै विजेताले भैरहवाको परासीस्थित यामाहा फ्याक्ट्री भ्रमण गर्ने अवसर प्राप्त गर्नेछन्। साथै, सर्भिस स्किल प्रतियोगिताका विजेताले विश्वस्तरीय स्किल प्रतियोगितामा सहभागिता जनाउने अवसरसमेत प्राप्त गर्नेछन्।

# सिटिजन्स बैंक र एपिआई बैंकिङ प्लाटफर्म र्‍यापिडबिच सहकार्य

**काठमाडौं**/ सिटिजन्स बैंक इन्टरनेसनल र एपिआई बैंकिङ प्लाटफर्म र्‍यापिडबिच सहकार्य भएको छ। यो सहमतिसँगै बैंकका कर्पोरेट ग्राहकले खाताको ब्यालेन्स हेर्न, स्टेटमेन्ट डाउनलोड गर्न र फन्ड ट्रान्सफर गर्न, इएमआई भुक्तानी गर्न तथा तलब वितरण गर्न फरक-फरक प्लाटफर्म प्रयोग गर्नुपर्ने झन्झटबाट मुक्ति पाउनेछ।

र्‍यापिड एपिआई आधारित बैंकिङ प्लाटफर्म हो, जसले बैंकिङ एज ए सर्भिस मोडेलमार्फत बैंक, फिनटेक तथा डिजिटल सेवाप्रदायकलाई जोड्ने काम गर्छ। यो सेवामा सिटिजन्स बैंकको प्रणालीमा पनि एकीकृत गरिएको छ।

बैंकका ग्राहकले आफ्नै सफ्टवेयर वा इआरपी प्रणालीमार्फत एउटै प्लाटफर्म प्रयोग गरेर विभिन्न बैंकिङ सेवा सञ्चालन गर्न सक्नेछन्। प्रयोगकर्ताले कनेक्ट विथ एपिआई बैंकिङ विकल्पमार्फत आफ्नो बैंक खाता लिंक गर्न सक्नेछन्। यो सहकार्यले बैंकका कर्पोरेट ग्राहकको सेवा प्रवाहमा रूपान्तरण ल्याउनुका साथै वित्तीय कामकाजलाई डिजिटल रूपमा एकीकृत गर्ने काम गर्नेछ। साथै, व्यवसायहरूको समय, लागत र सञ्चालनसम्बन्धी झन्झट पनि घट्ने विश्वास बैंकले लिएको छ।

ग्राहकले सेवा प्रयोग गर्न बैंकमा एकपटक मात्र मोबाइल बैंकिङजस्तै फाराम भर्नुपर्नेछ। त्यसपछि अधिकांश सेवा अनलाइनमार्फत सञ्चालन गर्न सकिने बैंकले जनाएको छ। र्‍यापिडमा इन्ड-टु-इन्ड इन्क्रिप्सन, मल्टिलेयर भेरिफिकेसन तथा अत्याधुनिक सुरक्षा प्रोटोकल प्रयोग गरिएको छ, जसले सबै प्रकारका डिजिटल ट्रान्जेक्सनलाई सुरक्षित बनाउने बैंकले जनाएको छ।

बैंकले दुई सय शाखा, एक सय ६९ एटिएम, तीन विस्तारित काउन्टर र ४२ वटा शाखारहित बैंकिङ एकाइबाट सेवा प्रदान गर्दै आएको छ।

# कजारियाको अभियान सार्वजनिक

**काठमाडौं**/ कजारिया रमेश टायल्स लिमिटेडले नयाँ र विशेष ब्रान्ड अभियान 'घरमा कजारिया, सबैले सोध्ने नै भयो नि !' अभियान घोषणा गरेको छ। यो अभियान ११ जेठदेखि सुरु भइसकेको छ।

चर्चित ब्रान्ड एम्बासडरहरू रणवीर सिंह र रश्मिका मंदाना आबद्ध यस अभियानले आफ्नै घर हुनुको गर्विलो क्षणलाई उजागर गर्ने कम्पनीको भनाइ छ। यसले विश्वस्तरीय कजारिया टायल्सको प्रयोगले कसरी जुनसुकै घरलाई पनि उत्कृष्ट स्टाइल स्टेटमेन्टमा रूपान्तरण गर्छ भन्ने कुरालाई देखाउँछ।

प्रिमियम इन्टेरियर फिनिसिङ रोज्दा समाजमा पाइने पहिचान र प्रशंसा नै यस अभियानको मुख्य अवधारणा रहेको कम्पनीले जनाएको छ। कजारियाका डिजाइनले कसरी नेपाली घरहरूलाई अन्तर्राष्ट्रियस्तरको भव्यता प्रदान गर्छन् भन्ने कुरा यस अभियानमा सुन्दर ढंगले प्रस्तुत गरिएको छ। कम्पनीका प्रवक्ताले भने, 'घर भनेको व्यक्तिको सफलता र अभिरुचिको प्रतिबिम्ब




हो। हाम्रो नयाँ अभियानले घरमा आउने पाहुनाले फ्लोर र वालको सौन्दर्य देखेर प्रशंसा नगरी रहनै नसक्ने सुखद क्षणलाई समेटेको छ।' कजारियाले हाल देशभरका एक सयभन्दा बढी सोरुमको सशक्त सञ्जाल विस्तार गरिसकेको छ। कम्पनीका उत्पादनमा ग्लेज्ड भिट्रिफाइड, हेभी ड्युटी ग्लेज्ड भिट्रिफाइड र सेरामिक वाल टायल उत्पादन गर्दै आइरहेको छ।

# कालिकाको बजेट तर्जुमा गोष्ठी

**काठमाडौं**/ कालिका लघुवित्तले चालू आवको वैशाखसम्मको समीक्षा तथा आगामी आवको बजेट तर्जुमा गोष्ठी तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम चितवनमा सम्पन्न गरेको छ। कार्यक्रमको उद्घाटन संस्थाका प्रमुख कार्यकारी अधिकृत फणीन्द्र पाण्डेले गरेका थिए। बुटवलमा चार वटा अनुगमन मुकाम कार्यालयअन्तर्गत ४० वटा र सौराहामा चारवटा कार्यालयअन्तर्गत ४० वटा शाखाका शाखा प्रमुखको उपस्थिति थियो। उनले चालू आवको वैशाखसम्मको समीक्षा तथा आगामी आवको लक्ष्य तथा कार्यक्रम प्रस्तुत गरेका थिए।



साथै, शाखा प्रमुखलाई अनलाइन भू-सेवासम्बन्धी तालिम पनि प्रदान गरिएको थियो। कार्यक्रमको सञ्चालन योजना तथा अनुगमन विभाग प्रमुख कृष्णप्रसाद शर्माले गरेका थिए, जसमा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतलगायत विभागीय प्रमुखले सहजीकरण गरेका थिए।

## INVITATION FOR BID

### Proposal for Supply of Four Wheel Vehicle

**Issue Date: June 2, 2026**
**Deadline for Submission: June 8, 2026 (within 5:00 PM)**

Citizens Bank International Limited established under the Bank and Financial Institution Act 2063, having its Head Office at Narayanhiti Path, Kathmandu invites sealed Bid for "Proposal for Supply of Four Wheel Vehicle" from Nepal Registered Suppliers.

Bids will be opened in the presence of Bidder's representatives who choose to attend on 11:00 hours of June 9, 2026. In case of holiday on the mentioned date; the bids will be opened on the same time on the next working date. Bidders who have submitted their proposals are expected to make their presence on a date and time allocated by the Bank. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the tender process, wholly or partly; any or all at any time without assigning any reason whatsoever.

Citizens Bank

**General Service Department (GSD)**
P.O.Box 19681
Narayanhiti Path, Kathmandu, Nepal
Telephone : +977- 01-4527842, 01-4527843
Fax 977-01-4527077, Email: gsd@ctznbank.com

THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL

www.ctznbank.com

# २२ जेठदेखि फिन इलेक्ट्रो-टेक

TRANSWELD TRANSFORMER PRESENTS FEEN ELECTRO TECH-2026

**काठमाडौं**/ फिन इलेक्ट्रो-टेक २०२६ को १२औँ आयोजना हुने भएको छ। नेपाल विद्युतीय व्यवसायी महासंघको आयोजनामा प्रदर्शनी २२ देखि २५ गते जेठसम्म भृकुटीमण्डप प्रदर्शनी हलमा आयोजना हुन लागेको हो। फिन इलेक्ट्रो-टेक प्रदर्शनीले नेपालमा विद्युतीय व्यवसाय, ऊर्जा प्रविधि, औद्योगिक विकास तथा नवीनतम प्रविधिहरूको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। विगत तीन दशकभन्दा बढी समयदेखि आयोजित यस प्रदर्शनीले उत्पादक, आयातकर्ता, वितरक, निर्माण व्यवसायी, परामर्शदाता, इन्जिनियर, प्राविधिक, सरकारी निकाय, शैक्षिक संस्था तथा उपभोक्तालाई एउटै थलोमा ल्याई ज्ञान, प्रविधि र व्यावसायिक अवसरको आदान-प्रदान गर्ने प्रभावकारी मञ्चका रूपमा आफ्नो पहिचान स्थापित गरेको छ।

नेपालमा जलविद्युत् उत्पादन, विद्युत् पहुँच विस्तार, औद्योगिकीकरण तथा डिजिटल प्रविधिको प्रयोग तीव्र गतिमा बढिरहेको वर्तमान अवस्थामा सुरक्षित, गुणस्तरीय तथा आधुनिक विद्युतीय सामग्रीको प्रयोग अपरिहार्य बन्दै गएको बताइएको छ। विद्युत् उत्पादन वृद्धि, प्रसारण तथा वितरण प्रणालीको विस्तार, विद्युत् खपत अभिवृद्धि, विद्युतीय सवारीसाधनको प्रवर्द्धन तथा नवीकरणीय ऊर्जाको प्रयोगलाई प्राथमिकतामा राखिएको वर्तमान राष्ट्रिय आवश्यकताअनुरूप यो प्रदर्शनीले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास महासंघले लिएको छ।

आगामी आवको बजेटले विद्युत् तथा ऊर्जा क्षेत्रमा जगाएको र यस्ता नीतिगत प्राथमिकतालाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक विद्युतीय सामग्री, उपकरण, प्रविधि तथा सेवाको जानकारी, प्रदर्शन र व्यावसायिक सहकार्यका लागि यो प्रदर्शनी प्रभावकारी साझा मञ्च बन्ने अपेक्षा गरिएको छ।

# सिद्धार्थ बैंकद्वारा विद्यालय भवन पुनर्निर्माण

**काठमाडौं**/ सिद्धार्थ बैंक लिमिटेडले विद्यालय पुनर्निर्माण गरी हस्तान्तरण गरेको छ। बैंकले रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १, भण्डारवनस्थित जनप्रिय आधारभूत विद्यालय भवन उद्घाटन गरी विद्यालयलाई हस्तान्तरण गरेको हो। ०८० कात्तिक १७ गतेको विनाशकारी भूकम्पले उक्त विद्यालय क्षतिग्रस्त बनेको थियो। विद्यालय भवन पुनर्निर्माण गरी बैंकका प्रमुख कार्यकारी अधिकृत रामेश्वरप्रसाद बस्यालले भवनको उद्घाटन गरी विद्यालयका प्रधानाध्यापक हंसबहादुर खड्कालाई हस्तान्तरण गरेका हुन्।



उक्त कार्यक्रममा बैंकका प्रमुख मार्केटिङ अधिकृत सुरेशराज महर्जन, कर्पोरेट बैंकिङ प्रमुख प्रसन्न खड्का, लघु, साना तथा मझौला उद्यम बैंकिङ प्रमुख प्रदीप पन्त, मुसिकोट शाखा प्रबन्धक धर्मनन्द अवस्थी, सानीभेरी गाउँपालिकाका अध्यक्ष बिर्खबहादुर विष्ट, उपाध्यक्ष कमला रोका पुनलगायतको उपस्थिति थियो। बैंकका सिइओ बस्यालले विद्यालय भवन निर्माण केवल भौतिक संरचना निर्माणमा सीमित नभई भूकम्पपछिको पुनर्स्थापना, बालबालिकाको सुरक्षित भविष्यप्रतिको प्रतिबद्धता तथा गुणस्तरीय शिक्षामार्फत समाज रूपान्तरण गर्ने साझा संकल्पको प्रतीक भएको बताए।

उक्त नवनिर्मित भवनले विद्यार्थीमा सुरक्षित र गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्दै शिक्षण-सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउनुका साथै नियमित पठनपाठनको निरन्तरता र समग्र शैक्षिक वातावरण सुदृढीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास बैंकले लिएको छ। बैंकले दिगो विकास लक्ष्यलाई सधैँ उच्च प्राथमिकतामा राखी समाज विकासमा टेवा पुऱ्याउने उद्देश्य लिएको छ।

## सर्टिफिकेट हरायो

मिति २०८२/१२/१५ गते कलंकी देखि सातदोबाटो सम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न ब्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध छ।

**नाम : यमन श्रेष्ठ**
Reg.No.: 803273910147
Symbol No. : 22752272
Contact : 9843045341

## मोटरसाइकल हरायो

मिति २०८२/२/९ गते राती अ.१:०० बजे का.जि. कागेश्वरी मनोहरा न.पा.-०४, थापाडाँडा भद्रबास सडक खण्डबाट मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

**नाम : फुर्जाङबो लामा**
मो.सा.नं.: बा.प्र. ०२-०५० प १५६५
चेसिस नं.: MD2A13EX7RCA80298
इन्जिन नं.: DKXCRA14597
सम्पर्क न.: 9745402805

## सर्टिफिकेट हरायो

मिति २०८२/१२/१५ गते कलंकी देखि सातदोबाटो सम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न ब्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध छ।

**नाम : शाश्वत वाग्ले**
Reg.No.: 813271130627
Symbol No. : 22725860
Contact : 9761720956

# होटेल पौवाको जनकपुरधाममा १९औँ शाखा विस्तार

**जनकपुरधाम**/ आतिथ्य सेवा क्षेत्रमा स्थापित राष्ट्रिय ब्रान्ड होटेल पौवाले आफ्नो १९औँ शाखा जनकपुरधाममा सञ्चालनमा ल्याएको छ। होटेलले मिथिला सभ्यता, संस्कृति तथा धार्मिक आस्थाको केन्द्र जनकपुरधाममा सेवा विस्तार गरेको हो। होटेलको औपचारिक उद्घाटन २२ जेठमा हुने तय भएको छ। सोही अवसरमा तीनदिने 'बृहत् खाना प्रवर्द्धन कार्यक्रम' आयोजना गरिनेछ। कार्यक्रममा होटेल पौवाका विभिन्न शाखामा कार्यरत अनुभवी सेफहरूले तयार गरेका नेपाली तथा अन्तर्राष्ट्रिय परिकारको विशेष प्रदर्शनी रहने बताइएको छ।

होटेल पौवाका अध्यक्ष दुर्गाप्रसाद भण्डारीले जनकपुरधाममा चारतारेस्तरको होटेल सञ्चालनमा आउनु कम्पनीको विस्तार यात्राको महत्त्वपूर्ण उपलब्धि भएको बताए। उनले होटेलको उपस्थितिले धार्मिक तथा आन्तरिक पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना तथा आतिथ्य उद्योगको विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे। होटेलमा ६२ वटा सुविधासम्पन्न अतिथि कक्ष छन्।

साथै, स्विमिङ पुल, सेमिनार हल, रेस्टुरेन्ट, जिम, साउना, स्टिम तथा स्पालगायत चारतारेस्तरका सेवा-सुविधा सञ्चालनमा आइसकेका छन्। होटेलले नेपाली स्वाद, संस्कार तथा अन्तर्राष्ट्रियस्तरको आतिथ्य सेवा २४सै घण्टा उपलब्ध गराउने जनाएको छ। उद्घाटन तथा खाना प्रवर्द्धन कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाका उद्योगी-व्यवसायी, पर्यटनकर्मीलगायतको सहभागिता रहने अपेक्षा गरिएको छ।

## कर्जा चुक्ता गर्न आउने १५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

मिति : २०८३।०२।१९

यस संस्थाबाट कर्जा लिन हुने तपशिलका तपाई ऋणीले कर्जा लिने समयमा संस्था सित गर्नु भएको सर्त, सम्झौता बमोजिम मासिक किस्ता बन्दिमा कर्जाको साँवा, ब्याँज,हर्जना नियमित चुक्ता भुक्तान गर्नु पर्नेमा सो नगरि लामो समय देखि बाकि बक्यौता रहेकाले तपाईलाई कर्जा चुक्ता भुक्तान गर्न आउन पटक पटक मौखिक एवं लिखित सूचना जारी गरी पटक पटक ३५ दिने सार्वजनिक सूचना नयाँ पत्रिका दैनिकमा प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्न नआएकाले पुनः १५ दिने धितो लिलाम बढाबढको बोल पत्र आवहान गरिएको छ। यो सूचना प्रकाशित भएको १५औं दिन अर्थात असार २ गते भित्र संस्थामा आई कर्जा साँवा, ब्याँज हर्जना जे जति बाकि बक्यौता छ सो बुझाई आफ्नो धितो फुकुवा गरि लानु होला। अन्यथा १६औं दिन अर्थात असार ३ गते तपशिलको धितो लिलाम बढाबढको सर्त बन्देजको परिधि भित्र रहि इच्छुक फर्म कम्पनी र सर्व साधारण महानुभावहरुलाई सहभागि हुन सूचना जारी गरिएको छ। सो धितो बाट पनि कर्जा असुल उपर नभए ऋणीका अन्य जायजेथा बाट असुल उपर गर्नुका साथै ऋणी लाई कालो सुचिमा समाबेस गरिने बेहोरा पनि यसै सूचनाद्धारा जानकारी गराईएको छ।

**तपशिल**

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| नाम:-सानुमाया लामा<br>बाबु:-गोरे लामा<br>पति:-कुलमान तामाङ<br>बाजे:-लाल ब.लामा<br>ठेगाना:-लिखु-९,नुवाकोट<br>हालको ठेगाना:-बालाजु,काठमाडौं | सुडाल- ६,भक्तपुर कि.नं. ३८७, १-२-०-०(५७२.३२)व.मि.<br>(उल्लेखित कित्ताहरुको लिगलाग ले चर्चेको सबै) |

**धितो लिलामका सर्त बन्देजहरुः**

१. धितो लिलामको वोलपत्र फर्म संस्थाको कार्यालय चावहिलबाट निःशुल्क उपलब्ध हुनेछ।
२. लिलाम हुने धितो निरिक्षण गर्न चाहेमा बोल पत्र पेश गर्न अगावै संस्थामा सम्पर्क राखि जे जस्तो अबस्थामा छ सो निरिक्षण गर्न सकिने छ।
३. वोल पत्र फर्ममा आफुले सकार गरी लिन चाहेको धितो के कति रकममा खरिद गरि लिन चाहेको हो सो रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ आफुले कवोल गरेको रकमको १०% का दरले हुने धरौटी वापतको रकम संस्थाको माछापुच्छ्रे बैंक चावहिल शाखाको खाता नं. ०४७००२७२१४००००१२ मा जम्म गरिएको सक्कल भौचर वोलपत्रको साथ संलग्न गरेको हुनुपर्छ। धरौटी वापत जम्मा गरेको रकमको ब्याँज दिइने छैन्।
४. धितो लिलाम गरिएका सम्पत्ति दा.खा.नामसारी गर्दा लाग्ने सबै राजश्व र लाभकर आदी सकार गरी लिने व्यक्ति वा संस्थाले नै बेहोंनु पर्ने छ।
५. वोलपत्र स्वीकृत भएको सूचना पाएको ५दिन भित्र धरौटी बाहेकको ९०% बाँकी रकम संस्थामा जम्मा गनुपर्ने छ। अन्यथा धरौटी रकम जफत हुने छ।
६. धितो लिलाम बढाबढमा प्राप्त भएको गोप्य शिलबन्दी वोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक वोल्नेको वोलपत्र स्वीकृत गर्ने नगर्ने सबै अधिकार संस्थामा सुरक्षित रहने छ।
७. कसैको पनि वोलपत्र पर्न नआएमा संस्था स्वयमले उक्त धितो सकार गरि लिन सक्ने छ।
८. २०८३ असार ३ गते बुधवार १०:०० वजे देखि ४:०० भित्र गोप्य वोलपत्र पेश गर्न सकिने छ। उक्त दिन विदा परे भोलि पल्ट ४ गतेको दिन पेश गर्न सकिने छ।
९. ८ गते सोमबारका दिन संस्थाको कार्यालयमा पर्न आएको वोलपत्र खोलिने छ। वोलपत्र स्वीकृत भएको ५ दिन भित्र बाँकी ९०% रकम संस्थामा अनिबार्य जम्मा गर्नु पर्ने छ।

**शुभ विहानी बचत तथा ऋण सहकारी संस्था लि.**
**चावहिल-७, काठमाडौं, फोन : ०१-४५६३१२४**

## कम्पनीको नाम परिवर्तन भएको सम्बन्धि सार्वजनिक सूचना

**(दोस्रो पटक प्रकाशित भएको मिति २०८३।०२।१९ गते)**

यस कम्पनीको मिति २०८३/०९/३० गतेको विशेष साधारणसभाले श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता रहेको यस कम्पनीको साविकको नाम **रिडी नाम्जे ईको रिसोर्ट लिमिटेड** (**दर्ता नं.** ३४१८६०/०८१/०८२) लाई परिवर्तन गरी हालको नाम **रिडी होटल एण्ड रिसोर्ट लिमिटेड** कायम गर्ने निर्णय पारित गरी साविकको कम्पनीको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन भएको जानकारी सरोकारवाला तथा सर्वसाधारण सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

## VACANCY

**National Dental Ltd.** Kathmandu Nepal, invites applications for the position of: **Dental Clinical Governance Officer (DCGO)**

**Minimum Eligibility Criteria**

- Graduate in Dentistry (BDS, DDS, DMD, or equivalent)
- Minimum 2 years of clinical experience within the NHS (UK) or the United States healthcare system

**Preference**

- Preference will be given to Nepali citizens
- Qualified Non-Resident Nepalese (NRN) candidates may also apply. Selected NRN candidates must obtain the necessary registration and/or approval from the Nepal Medical Council prior to appointment.

**Application**

Interested candidates are requested to submit their CV to:
info@nationaldentalhospital.com.np Before 16 June 2026
Only shortlisted candidates will be contacted.

## कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/१९ गते नयाँ पत्रिका दैनिक

यस ज्योति विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयमा ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.स | शाखा कार्यालय पथरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : लक्ष्मी कृषि फर्म**<br>पथरी शनिश्चरे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पथरी मोरङ्ग<br>दर्ता न : ४०९, दर्ता मिति : २०७७/११/०४, पान. नं. ६१५१८७६५७, दर्ता मिति : २०७७/११/०४<br>ठेगाना : पथरी शनिश्चरे नगरपालिका वडा न. -७, मोरङ्, प्रोप्राईटर : लक्ष्मी जोगी | |
| | **व्यक्तिगत जमानतकर्ताहरूको विवरण** | |
| | **नाम : लक्ष्मी जोगी**<br>ना.प्र.प.न. ०५२०२८/१९४२३, जि.प्र.का. ,मोरङ,उर्लाबारी<br>जारी मिति : २०६९/०१/२५<br>पतीको नाम : जोति नाथ जोगी<br>ससुराको नाम : नकुल नाथ जोगी<br>ठेगाना : पथरी गा. वि.स. वडा न. ३, मोरङ्<br>हाल : पथरी शनिश्चरे नगरपालिका वडा न - ७ मोरङ् | **नाम : जोती नाथ जोगी**<br>ना.प्र.प.न. : १६९५७, जि. प्र.का.मोरङ्, उर्लाबारी<br>जारी मिति : २०६१/०४/२७<br>बाबुको नाम: नकुल नाथ जोगी<br>बाजेको नाम : राम चन्द्र जोगी<br>ठेगाना : पथरी गा. वि.स. वडा न. ३, मोरङ्<br>हाल : पथरी शनिश्चरे नगरपालिका वडा न - ७ मोरङ् |
| २. | **ऋणीको नाम, ठेगाना** | |
| | **नाम : नविन कृषि फार्म**<br>उर्लाबारी नगरपालिका, २ न. वडा कार्यालय, उर्लाबारी मोरङ्ग<br>दर्ता न : १५८, दर्ता मिति : २०७७/०६/१४, पान. न. ६१३८३६५८०, दर्ता मिति : २०७७/०६/१४<br>ठेगाना : उर्लाबारी नगरपालिका वडा न. -२, मोरङ्, प्रोप्राईटर : दिपा धिमाल | |
| | **व्यक्तिगत जमानतकर्ताहरूको विवरण** | |
| | **नाम :दिपा धिमाल**<br>ना.प्र.प.न. ०५२००६/१३९९६, जि.प्र.का. मोरङ, ,उर्लाबारी<br>जारी मिति : २०६८/५/१<br>पतीको नाम: नविन धिमाल<br>ससुराको नाम : विष्णु राज धिमाल<br>ठेगाना : उर्लावारी वडा न. ६, मोरङ<br>हाल : उर्लावारी नगरपालिका वडा न - २ मोरङ् | **नाम : नविन धिमाल**<br>ना.प्र.प.न. : २/४२६, जि.प्र.का. मोरङ्<br>जारी मिति : २०६३/०५/२६,<br>बाबुको नाम: : विष्णु राज धिमाल<br>बाजेको नाम : दिल बहादुर धिमाल<br>ठेगाना : उर्लावारी वडा न. ६, मोरङ<br>हाल : उर्लावारी नगरपालिका वडा न - २ मोरङ् |
| ३. | **ऋणीको नाम, ठेगाना** | |
| | **नाम : सुम्निमा होटल**<br>पथरी शनिश्चरे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पथरी मोरङ्ग<br>दर्ता न : १०२६, दर्ता मिति : २०७७/१०/२३, पान. न. ६१५०८६९५०, दर्ता मिति : २०७७/१०/२५<br>ठेगाना : पथरी शनिश्चरे नगरपालिका वडा न. -७, मोरङ्, प्रोप्राईटर : बिनिता लिम्बु राई | |
| | **व्यक्तिगत जमानतकर्ताहरूको विवरण** | |
| | **नाम : बिनिता लिम्बु राई**<br>ना.प्र.प.न. ०५-०२-७३-०१००८, जि.प्र.का.मोरङ्, उर्लाबारी<br>जारी मिति : २०७३/०२/१८<br>पतीको नाम: बिनोद राई<br>ससुराको नाम : प्रेम बहादुर राई<br>ठेगाना : पथरी शनिश्चरे नगरपालिका वडा न - ७ मोरङ् | **नाम : बिनोद राई**<br>ना.प्र.प.न. : १७०३७, जि.प्र.का. मोरङ्<br>जारी मिति : २०६१/५/१<br>बाबुको नाम: प्रेम बहादुर राई<br>बाजेको नाम : बिर काजी राई<br>ठेगाना : पथरी गा. वि.स. वडा न. ३, मोरङ्<br>हाल : पथरी शनिश्चरे नगरपालिका वडा न - ७ मोरङ् |
| १. | **शाखा कार्यालय खोर्साने** | |
| | **ऋणीको नाम, ठेगाना** | |
| | **नाम : प्रगती कृषि फार्म**<br>नेपाल सरकार,उद्योग मन्त्रालय ,घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, (विराटनगर), मोरङ्ग<br>दर्ता न. १२३७५/०७२/०७३, दर्ता मिती : २०७२/०९/०९, पान न. ६०३७७२०६३, दर्ता मिती : २०७२/०९/१२<br>ठेगाना : कोशी हरैचा न.पा वडा नं ०९, मोरङ, हाल : सुन्दरहरैचा न.पा वडा नं -८, मोरङ, प्रोप्राईटर : गोरी माया कार्की | |
| | **व्यक्तिगत जमानतकर्ताहरूको विवरण** | |
| | १. **नाम : क्षितिज कार्की**<br>ना.प्र.प.न. १२-०१-७५-०४३२६,जि.प्र.का. खोटाङ्ग<br>जारी मिति : २०७५/१२/२०<br>बाबको नाम : पृथ्वी बहादुर कार्की<br>बाजेको नाम : चित्र बहादुर कार्की<br>ठेगाना : खोटाङ्ग जिल्ला, हौचुर गा.वि.स. वडा न. ५<br>हाल: मोरङ जिल्ला, सुन्दरहरैचा न.पा वडा न. ८ | २. **नाम : गोरी माया कार्की**<br>ना.प्र.प.न. १४०११०/०७७८,जि.प्र.का. खोटाङ्ग<br>जारी मिति :२०५७/०५/२९<br>पतिको नाम: पृथ्वी बहादुर कार्की<br>ससुराको नाम : चित्र बहादुर कार्की<br>ठेगाना : खोटाङ्ग जिल्ला, हौचुर गा.वि.स. वडा न. ५<br>हाल: : मोरङ जिल्ला, सुन्दरहरैचा न.पा वडा न. ८ |
| | **धितोमा रहेको सम्पत्तिको विवरण** | |
| | गोरीमाया कार्कीको नाममा मालपोत कार्यालय बेलवारी, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मृगौलिया गा.वि.स.वडा नं. ९ च स्थित कित्ता न. २८७५ को क्षेत्रफल ०-२-६-२, भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

**केन्द्रीय कार्यालय :**
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: पथरी फोन नं. ०२१-५५५४८२/८३
शाखा कार्यालय: खोर्साने फोन नं. ०२१-५४५४९९
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

# अब टी-२० विश्वकपका लागि ग्लोबल छनोट हुने

नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले पुरुष टी-२० विश्वकपका लागि १६ टोली सहभागी हुने गरी 'ग्लोबल क्वालिफायर'को संरचना पुनः ब्युँताएको छ। भारतको अहमदाबादमा आइतबार भएको आइसिसीको बोर्ड बैठकले फेरि ग्लोबल छनोटको माध्यमबाट टी-२० विश्वकपका लागि पुरानै संरचना बनाउने तयारी गरेको हो। आइसिसीले यसअघि विभिन्न महादेशका छनोटबाट आएका टोलीलाई विश्वकपमा स्थान दिइएको थियो। नेपालले लगातार सन् २०२४ र २०२६ को विश्वकपमा स्थान पक्का गर्दा एसिया छनोट खलेको थियो। सन् २०१४ को विश्वकपमा पहिलोपटक नेपालले स्थान बनाउँदा ग्लोबल छनोट पार गरेको थियो।

आइसिसीले पुरानै फर्म्याटमा टी-२० विश्वकप नियम लागू गर्दा अब महादेशीय छनोट पार गरेका १६ टोलीलाई विश्वकप छनोट खेलाउने आइसिसीले निर्णय गरेको हो। आइसिसीको बोर्ड बैठकले सो प्रस्तावलाई आधिकारिक रूपमा स्वीकृति दिएको अन्तर्राष्ट्रिय एजेन्सीले जनाएको छ। आइसिसीले अन्तिमपटक ग्लोबल छनोट सन् २०१९ मा युएईमा आयोजना गर्दा नेदरल्यान्ड्स विजेता बनेको थियो।

त्यसपछि विश्वकपमा सहभागी संख्या बढाएर रोमाञ्चक बनाउन आइसिसीले महादेशीय छनोटबाट आएका टोलीलाई टी-२० विश्वकपमा स्थान दिएको थियो। गत मार्चमा भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा पहिलोपटक २० राष्ट्रले प्रतिस्पर्धा गरेका थिए। सो विश्वकपमा पाँचवटा क्षेत्रीय छनोटमार्फत मात्र टोली छानिएका थिए। आइसिसीले क्षेत्रीय छनोट गर्दा एसोसिएट राष्ट्रका प्रतिस्पर्धा केही बाँडिएको आइसिसीले जनाएको थियो। उनीहरूले माथिल्लोस्तरमा प्रतिस्पर्धा गराउन नै आइसिसीले आगामी संस्करणका टी-२० विश्वकपका लागि ग्लोबल छनोट प्रणाली पुनः ब्युँताउने निर्णय गरेको हो।

नयाँ ग्लोबल क्वालिफायरको अन्तिम ढाँचा आगामी जुलाईमा बस्ने आइसिसीको अर्को बैठकले तय गर्नेछ। नयाँ निर्णय लागू हुँदा उत्कृष्ट एसोसिएट टोलीले एउटै मञ्चमा दबाबबिच प्रतिस्पर्धा गर्ने अवसर पाउने आइसिसीको विश्वास छ। नेपालले पहिलोपटक सन् २०१२ को ग्लोबल छनोट खेलेको थियो। त्यसपछि २०१५ र २०१९ को ग्लोबल छनोटमा नेपाल पुग्न सकेन। सन् २०२२ का लागि भएको छनोटमा नेपाल सेमिफाइनलमा पराजित भएको थियो।

## क्रिकेटमा पनि नियम परिवर्तन

आइसिसीको आइतबार अहमदाबादमा बसेको बोर्ड बैठकले क्रिकेटको सुशासन, महिला क्रिकेटको विकास र खेलमा नवीनता ल्याउने सम्बन्धमा महत्त्वपूर्ण निर्णय गरेको छ। आइसिसीले टेस्ट खेलमा कम प्रकाशका कारण खेल रोकिने समस्या समाधान गर्न दुवै टोलीको सहमतिमा 'पिंक बल' (गुलाबी बल) प्रयोग गरी खेल जारी राख्ने परीक्षण गरिने जनाएको छ। यसैगरी, खेल मैदानको प्रकाश व्यवस्था सुधार्न आइसिसीले मेरिलेबोन क्रिकेट क्लब (एमसिसी) सँग मिलेर नयाँ प्रविधिमा लगानी र अनुसन्धान गर्ने भएको छ।

खेल दौरान बलिङ एक्सन नियमविपरीत भए वा नभएको जाँच गर्दा अब म्याच अफिसियलले 'हक-आई'को डाटा प्रयोग गर्न पाउनेछन्। यसैगरी, खेलको दौरान हुने 'ड्रिंक्स ब्रेक' मा प्रशिक्षक वा उनले तोकेको व्यक्तिले मैदानमा गएर टोलीसँग सल्लाह गर्न पाउनेछन्। टी-२० अन्तर्राष्ट्रिय खेलमा दुई इनिङ्सबिच १५ मिनेटको समय अनिवार्य गरिएको छ। लेगसाइडतर्फ फालिने वाइड बलसम्बन्धी नियमलाई अब स्थायी रूपमा लागू हुनेछ। यो नियम १ अक्टोबर २०२६ देखि लागू हुने आइसिसीले जनाएको छ।

## महिला इमर्जिङ नेसन्स ट्रफीमा १० टोलीले प्रतिस्पर्धा गर्ने

आइसिसीले पहिलोपटक सन् २०२६ मा १० टोली सहभागी हुने महिला इमर्जिङ नेसन्स ट्रफी आयोजना गर्ने निर्णय गरेको छ। आइसिसीले सन् २०२७ को महिला च्याम्पियन्स ट्रफी आगामी १४ देखि २८ फेब्रुअरीसम्म सञ्चालन गर्ने गरी समयतालिका परिवर्तन गरेको छ। प्रतियोगितामा पाँच पूर्ण सदस्य राष्ट्र र पाँच एसोसिएट सदस्य राष्ट्र रहनेछन्। टोली छनोट विश्व वरीयता र अघिल्लो महिला टी-२० विश्वकप छनोट प्रदर्शनका आधारमा हुने आइसिसीले जनाएको छ।

सन् २०२५ मा भएको प्रतियोगितामा ८ टोलीले प्रतिस्पर्धा गरेका थिए। आइसिसीले महिला च्याम्पियन्स ट्रफी २०२७ को समय पनि परिवर्तन गरेको छ। यसअघि जुन-जुलाईमा हुने भनिएको प्रतियोगिता अब १४ देखि २८ फेब्रुअरी २०२७ सम्म सञ्चालन हुनेछ। पाकिस्तानले आयोजना गर्ने महिला टी-२० विश्वकप २०२८ का लागि छनोट प्रक्रिया पनि अनुमोदन गरिएको छ। प्रतियोगितामा १२ टोली सहभागी हुनेछन्।

सन् २०२६ को टी-२० विश्वकपमा एसोसिएट राष्ट्रहरूले महादेशीय क्षेत्रीय छनोट पार गरी स्थान बनाएका थिए। अब आइसिसीको नयाँ नियमअनुसार १६ टोलीले ग्लोबल छनोट खेल्नुपर्नेछ।

## आइसिसीको प्रतिबन्धमा क्यानडा

आइसिसीले सदस्यीय दायित्वको गम्भीर उल्लंघन गरेको भन्दै क्यानडाको क्रिकेट बोर्डलाई तत्काल प्रभाव रहने गरी निलम्बन गरेको छ। क्यानडा क्रिकेटले प्रशासनिक तथा सुशासनसम्बन्धी समस्या समाधान गरी आइसिसीले तोकेका सर्तहरू पूरा गरेपछि मात्र सदस्यता पुनर्बहाली हुनेछ। आइसिसीले निलम्बन गरे पनि क्यानडालाई अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन व्यवस्था गरेको छ। क्यानडाले निलम्बनको अवधिमा प्रतियोगितामा भाग लिँदा त्यसको सबै जिम्मेवारी आइसिसीले लिनेछ। आइसिसीले क्यानडाको घरेलु कार्यक्रम र विकासका लागि आर्थिक सहयोग गर्नेछ। सो रकम आइसिसीको प्रत्यक्ष निगरानीमा स्वीकृत राष्ट्रिय टोलीका




कार्यक्रममा मात्र प्रयोग गर्न पाइनेछ। आइसिसीले क्यानडा क्रिकेटलाई पुनर्बहालीका लागि आवश्यक सर्तहरू पनि दिएको छ। ती सर्तहरू प्रशासनिक तथा सुशासनसम्बन्धी समस्या समाधान गर्न केन्द्रित रहनेछन्।

सर्तहरूको कार्यान्वयन प्रगतिलाई आइसिसीको नर्मलाइजेसन कमिटी र व्यवस्थापन टोलीले अनुगमन गर्नेछ। सबै सर्त पूरा भएकोमा बोर्ड सन्तुष्ट भएपछि मात्र क्यानडा क्रिकेटको सदस्यता पुनर्बहाली गरिने आइसिसीले जनाएको छ। क्यानडामा आइसिसी क्रिकेट विश्वकप लिग २ को सिरिज हुँदै छ। गत महिना मात्र क्यानडाको मुख्य प्रशिक्षकमा मोन्टी देसाई नियुक्त भएका थिए।

आइसिसीले क्यानडाको बोर्डले लामो समयदेखि खराब सुशासन, प्रशासनिक कमजोरी, आर्थिक अपचलन तथा म्याच फिक्सिङजस्तो आरोप लगाउँदै निलम्बन गरेको हो। आइसिसीको एन्टी करप्सन युनिटले क्यानडामाथि छानबिन सुरु गरिसकेको छ। क्यानडा निलम्बनमा पर्नुको पछाडि आइसिसीलाई बार्षिक अडिट रिपोर्ट नबुझाउनु हो।

■ बागमती कप टी-२०

# चितवनमाथि ललितपुरको सनसनीपूर्ण जित



ललितपुरले दिएको १७३ रन लक्ष्य पछ्याएको चितवनले २० ओभरमा आठ विकेट गुमाएर १७१ रन मात्र बनायो

मकवानपुरमा पोष्टराज अधिकारी

बागमती कप टी-२० क्रिकेट प्रतियोगितामा सोमबार ललितपुरले चितवनलाई सनसनी रूपमा २ रनले हराएको छ। गौरीटारको नवनिर्मित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा दिनको दोस्रो खेलमा मकवानपुरले नुवाकोटलाई ३६ रनले पाखा लगायो। चितवनसँग उद्घाटन खेलमा ५४ रनले पराजित भएको मकवानपुरले दोस्रो खेलमा पुनरागमन गरेको हो।

ललितपुरले पहिलो ब्याटिङ गरी २० ओभरमा पाँच विकेट गुमाएर १७३ रन बनाएको थियो। प्रत्युत्तरमा चितवनले २० ओभरमा आठ विकेटको क्षतिमा १७१ रन जोड्दा ललितपुर दुई रनको झिनोअन्तरले विजयी भयो। यो खेल

अन्तिम ओभरसम्म पुगेको थियो। चितवनलाई अन्तिम ओभरमा ६ रन आवश्यक थियो। चितवनले निर्णायक ओभरमा पाँच रन मात्र जोड्यो।

ललितपुरको ब्याटिङमा ओपनर विवेक रानामगरले अर्धशतकीय इनिङ्सको योगदान दिए। उनले ३९ बलमा ६३ रन बनाए। यसैगरी, सचिन लेखकले ३० बलमा ४६ रन बनाए। ललितपुरका आशुतोष घिरैयाले २४ तथा रोनिम तिवारीले १३ रनको योगदान दिए। चितवनका बलरमा प्रतीक श्रेष्ठ सर्वाधिक सफल रहे। उनले चार ओभरमा ३६ रन खर्चेर २ विकेट लिए। गौतम केसी, कृजन गुरुङ र दीपेश श्रेष्ठले समान एक विकेट हात पारे। लक्ष्य पछ्याएको चितवनले सुरुदेखि महत्त्वपूर्ण विकेट गुमाएको थियो। तर, मध्यक्रमका ब्याटरको संघर्षले चितवनले ललितपुरलाई अन्तिम ओभरसम्म चुनौती दियो। चितवनका दीपेश श्रेष्ठले २७ बलमा अविजित ४२ रन बनाए। प्रतीकले ३४ बलमा ४० रन र गौतम केसीले २१ बलमा २९ रन बनाए। संजोग क्षेत्रीले १६ बलमा अविजित २७ रनको आक्रामक इनिङ्स खेलेका थिए। ललितपुरका लागि पंकज पाण्डेले संयमित हुँदै डेथ ओभर बलिङ गरेका थिए। उनले निर्णायक ओभरमा केवल ४ रन खर्चिएपछि चितवन २ रनले पराजित भयो। ललितपुरको जितमा सूर्य तामाङले उत्कृष्ट बलिङ प्रदर्शन गर्दै ४ ओभरमा मात्र २२ रन खर्चेर ३ विकेट लिए। पंकज पाण्डेले पनि ३ विकेट हात पारे।

## मकवानपुरको पुनरागमन

गौरीटार मैदानमा मकवानपुरले २० ओभरमा ५ विकेट गुमाएर १ सय ५० रन बनाएको थियो। प्रत्युत्तरमा नुवाकोटले २० ओभरमा ८ विकेट गुमाएर १ सय १४ रन मात्र बनाउन सक्यो। मकवानपुरको ब्याटिङ इनिङ्समा सुमन सुनार ३५ बलमा १० चौकाको मद्दतमा ५२ रनको अर्धशतकीय योगदान दिए। गौरव खड्काले ४६ रन र सक्षम बस्ताकोटी २३ रनमा अविजित योगदान दिए। लक्ष्य पछ्याएको नुवाकोट सुरुदेखि दबाबमा देखियो। नुवाकोटका अनुभव खनालले सर्वाधिक ३२ रन बनाए। अशोक पौडेलले २० रन र गणेश गौतमले १६ रन बनाए। मकवानपुरका बलर साकार गजुरेल र स्वरूप श्रेष्ठले समान ३ विकेट लिए। प्रतियोगितामा बागमतीका मकवानपुर, चितवन, नुवाकोट, ललितपुर, भक्तपुर र काठमाडौंले भाग लिइरहेका छन्। यसको फाइनल २६ जेठमा हुनेछ।

## खेल | संक्षेप

### संस्कृति र इबिए क्वार्टरफाइनलमा



**काठमाडौं**/ संस्कृति शिक्षा सदन र इडेन ब्रिज एकेडेमी (इबिए) दोस्रो तेजस्वी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको महिलातर्फ सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। संस्कृतिले विजेश्वरीलाई २४-१२ ले पराजित गर्‍यो। इबिएले ज्ञानोदयलाई ३२-२२ ले हरायो। महिलामा आयोजक तेजस्वी एकेडेमीले केभिकेएसएसलाई ८-७ ले हरायो। बागमतीले हिमशिलामाथि २५-२४ को जित निकाल्यो। फेरिल्यान्डले बेलमोन्टलाई २१-१५ ले हरायो। पुरुषतर्फ टिआइएले क्यान्भास वसन्त ऋतुलाई ३८-२१ ले निराश बनायो। ज्ञान संस्कारले किन्डर गार्टेनलाई १६-१० ले हरायो। ज्ञानोदयले ग्रिनल्यान्डलाई २४-१६ को स्कोरमा पाखा लगायो। न्युटनले गण्डकीलाई ४५-३३ र लालीगुराँस नेसनल एकेडेमीले अरुणीलाई ४०-३० ले पन्छाए।

### एन्जल्स हार्ट भलिबल हुने

**काठमाडौं**/ एन्जल्स हार्ट माविको आयोजनामा दोस्रो राष्ट्रिय खुला एन्जल्स हार्ट अन्तरविद्यालय कलेजस्तरीय पुरुष भलिबल प्रतियोगिता शनिबारदेखि हुने भएको छ। प्रतियोगितामा ५० टोलीको सहभागिता हुने एन्जल्स हार्टका कार्यकारी अध्यक्ष लीलबहादुर पुनले जनाएका छन्। पहिलो हुनेले ५० हजार र दोस्रो स्थानको टोलीले ३० हजार रुपैयाँ पर्ने संयोजक यमबहादुर छन्त्यालले बताए। उत्कृष्ट खेलाडी, स्पाइकर, लिफ्टर, सर्भर, ब्लकर र डिफेन्डरलाई पनि नगदसहित पुरस्कृत गरिनेछ। प्रतियोगितामा ०८२ सालमा एसइई दिएका तथा कक्षा ११ र १२ को हकमा राष्ट्रिय परीक्षा बोर्डमा ०८२/८३ को रजिस्ट्रेसनप्राप्त १८ वर्ष ननाघेका विद्यार्थीले सहभागी हुन पाउनेछन्।

### डुंगा दौडमा पहारीघाट पहिलो

**कास्की**/ तेस्रो पुरुष तथा महिला डुंगा दौडमा हर्पन मत्स्य सहकारी संस्था र पहारीघाट समूह पोखराले उपाधि जितेका छन्। पुरुषतर्फमा हर्पन र महिलामा पहारीघाट पहिलो भएका हुन्। फेवा डुंगा व्यवसायी संगठनको आयोजनामा भएको दौडमा हर्पनको टोलीमा कुमार जलारी, गणेश जलारी र कृष्ण जलरी थिए। उनीहरूले हर्पनकै टेकबहादुर जलारी, राजु जलारी र राजेन्द्र जलारीको टोलीलाई हराए। महिलामा पहारीघाटबाट सोनी गुरुङ, दिलसुब्बा गुरुङ र सीता श्रेष्ठको टोलीले प्रतिस्पर्धा गरेको थियो। यस टोलीले तालपारी समूहकी उषा गुरुङ, निर्मला गुरुङ र अस्मिता मगरको टोलीलाई हराएको थियो। पुरुष तथा महिलातर्फका विजेताले ३० हजार र दोस्रोले २० हजार रुपैयाँ पाएका छन्।

### सन्दीप, कुशल र दीपेन्द्रले लंका प्रिमियर लिग खेल्ने

**काठमाडौं**/ लेग स्पिनर सन्दीप लामिछाने, कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरीले श्रीलंकाको लंका प्रिमियर खेल्ने भएका छन्। खेलाडी ड्राफ्टबाट जाफ्ना किंग्सले सन्दीप र दीपेन्द्रलाई अनुबन्ध गरेको हो। ओपनर कुशललाई कोलम्बो काप्सले भित्र्याएको जनाएको छ। अनुबन्ध भएसँगै सन्दीपले २० हजार अमेरिकी डलर (करिब ३० लाख नेपाली रुपैयाँ) पाउने पक्का छ। कोलम्बो काप्समा अनुबन्ध भएका कुशल र जाफ्ना किंग्समा अनुबन्ध भएका दीपेन्द्रले समान १५ हजार अमेरिकी डलर पाउनेछन्। लंका प्रिमियर लिगमा ५ टोली सहभागी भएका छन्। हालसम्म जफ्नाले चारपटक जित्दा वी लभ क्यान्डीले एकपटक उपाधि हात पारेको छ। छैटौं संस्करणको लंका प्रिमियर लिग आगामी १७ जुलाईदेखि ८ अगस्टसम्म हुनेछ।

## ■ अभ्यास खेलमा ब्राजिलको आधा दर्जन गोल



**एजेन्सी**/ आगामी फिफा विश्वकप फुटबलको तयारीमा रहेको पाँचपटकको च्याम्पियन ब्राजिलले सोमबार अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा पानामामाथि ६-२ गोलको सानदार जित निकालेको छ। रियो द जेनेरियोस्थित माराकाना रंगशालामा ब्राजिलले प्रभावशाली प्रदर्शन जितसँगै विश्वकपका लागि आफू तयार रहेको संकेत दिएको छ। ब्राजिलका प्रशिक्षक कार्लो एन्सेलोटीले डिफेन्डर लिओ परेराबाहेक ११ का सबै खेलाडीलाई परिवर्तन गरेका थिए। दोस्रो हाफमा नयाँ खेलाडीसँगै मैदान उत्रिएको ब्राजिलले आफ्नो दबाब कायम राख्दै खेललाई एकतर्फी बनाएको थियो। ब्राजिलले आफ्नो अन्तिम मैत्रीपूर्ण खेल आगामी शनिबार अमेरिकामा इजिप्टसँग खेल्नेछ।

## बंगलादेशविरुद्ध प्रीति खेल्ने

नयाँ पत्रिका

मिडफिल्डर प्रीति राई नेपाली राष्ट्रिय महिला फुटबल टोलीसँग जोडिएकी छिन्। महिला टोली भारतको गोवामा भइरहेको साफ महिला च्याम्पियनसिपमा सहभागी छ। प्रीतिले सेमिफाइनलमा बंगलादेशविरुद्धको खेलमा उपलब्ध हुने नेपाली टोलीले जनाएको छ। प्रीति यस सिजनमा कम्बोडियन लिग खेलिरहेकी छिन्। साफ च्याम्पियनसिप फिफा विन्डोअघि नै सुरु हुँदा प्रीति नेपाली टोलीसँग जोडिन नपाएकी हुन्।




फिफा विन्डोको समयमा व्यावसायिक लिगलाई विश्राम दिने परम्परा रहेको छ। फिफा विन्डो सोमबारदेखि ९ जुनसम्म रहेको छ। फिफा विन्डो सुरु भएसँगै प्रीति कम्बोडियाबाट सिंगापुर हुँदै दिल्ली भएर गोवामा टोलीसँग जोडिएको टिम म्यानेजर सुरेश शाहले जानकारी गराए।

नेपालले बुधबार बंगलादेशसँग प्रतिस्पर्धा गर्नेछ। 'प्रीतिसँग सेसिफाइनल खेल्नुअघि दुई दिनको समय छ। विश्रामपछि उनले अभ्यासमा आफूलाई समावेश गर्नेछिन्,' शाहले भने। नेहरू रंगशालामा भएको समूह 'ए'को दुवै खेलमा जित निकाल्दै अन्तिम चारमा पुगेको हो। नेपालले पहिलो खेलमा गीता रानाको गोलमा भुटानलाई १-० ले हराएको थियो। दोस्रो खेलमा श्रीलंकालाई २-० ले हराउँदै नेपाल समूह विजेता बनेको हो। नेपाल सर्वाधिक ६ पटकको उपविजेता हो।

# छैटौंपटक विश्वकप खेल्ने तयारीमा मेसी, रोनाल्डो र ओचोआ

एजेन्सी

अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने फिफा विश्वकप फुटबल २०२६ मा तीनजना फुटबलरले व्यक्तिगत रेकर्ड बनाउनेछन्। डेढ सातापछि सुरु हुने विश्वकपमा अर्जेन्टिनाका लियोनल मेसी, पोर्चुगलका क्रिस्टियानो रोनाल्डो र मेक्सिकोका गुइलेर्मो ओचोआले लगातार छैटौंपटक विश्वकप खेल्ने रेकर्ड बनाउनेछन्। तर, उनीहरू विश्वकपमा आधिकारिक रूपमा मैदानमा प्रवेश गर्नुपर्ने हुन्छ।

रोनाल्डो र मेसी आ-आफ्नो राष्ट्रिय टोलीमा समावेश हुँदा आगामी विश्वकपमा दुई उत्कृष्ट फुटबलरले व्यक्तिगत रेकर्ड राख्ने चर्चा चुलिएको थियो। अब मेक्सिकाका सर्वाधिक सिनियर खेलाडी ओचोआ पनि मेसी र रोनाल्डोकै पथमा अग्रसर भएका छन्। मेक्सिकोले सोमबार विश्वकप खेल्ने अन्तिम टोली घोषणा गर्दा ओचोआले स्थान सुरक्षित गरेका हुन्। गोलरक्षक ओचोआले सन् २०१४ मा ब्राजिलमा भएको विश्वकपमा उत्कृष्ट प्रदर्शन गरी आफूतर्फ ध्यान तानेका थिए।

विश्वकपमा मेक्सिको सहआयोजक हो। उनले सन् २००६ देखि निरन्तर रूपमा विश्वकपमा








सहभागिता जनाएका छन्। दुई दशक मेक्सिको पोस्ट सम्हालेका ओचोआलाई विस्थापित गर्ने अरू गोलरक्षक आएका छैनन्। यसैकारण उनले सहजै छैटौंपटक विश्वकपमा स्थान बनाएका हुन्। विश्वकप १२ जुन देखि १९ जुलाईसम्म हुँदै छ। समूह 'ए' मा मेक्सिको, दक्षिण अफ्रिका, दक्षिण कोरिया र चेक रिपब्लिक) छन्। १२ जुनमा हुने उद्घाटन खेलमा मेक्सिको र दक्षिण अफ्रिका भिड्नेछन्। मेक्सिकोले १६ जुनमा दक्षिण कोरिया र २४ जुनमा चेकविरुद्ध खेल्ने छ। 'लगातार विश्वकपमा सहभागि हुन पाउँदा निकै खुसी लागेको छ,' ओचोचाले भने, 'घरेलु मैदानमै आयोजना हुने विश्वकपमा योपटक स्मरणीय बनाउने प्रयास गर्नेछु।'

## अर्जेन्टिनालाई मेसीको चिन्ता

गत साता इन्टरमियामीबाट प्रतिस्पर्धा गर्दा मेसीले चोट बोकेका थिए। मैदानबाट बाहिरिँदा उनको घुँडामा समस्या आएको थियो। अहिले मेसी आराम गरिरहेका छन्। अर्जेन्टिनाले कप्तान मेसी शतप्रतिशत फिट भएर विश्वकपमा फर्किने विश्वास राखेको छ। प्रशिक्षक स्कालारीले प्लेमेकर खेलाडी विश्वकपअगाडि फिट भइसक्ने जनाएका छन्।

'अघिल्लो साता मेसीको चोट डरलाग्दो देखिएको थियो। अहिले सबै परीक्षणपछि उनी विश्वकपको केही दिनअगाडि मैदानमा प्रशिक्षण गर्न सक्ने अवस्थामा पुग्ने विश्वास हामीलाई छ,' उनले भने।

अर्जेन्टिनाले मेसीकै कप्तानमा सन् २०२२ को विश्वकप जितेको थियो। अहिले मेसी लगातार अर्जेन्टिजालाई उपाधि दिलाउने योजनामा छन्। उनले अहिलेसम्म विश्वकपमा २६ खेल खेल्दै १३ गोल र ८ असिस्ट गरेका छन्। चार वर्षअघिको विश्वकपमा उनले उत्कृष्ट प्रदर्शन गरेका थिए। यसैगरी, पोर्चुगलको रोनाल्डो ४१ वर्षको उमेरमा पनि फिट छन्। उनले हालसम्म २२ विश्वकप खेलमा ८ गोल गरेका छन्। पोर्चुगललाई पहिलोपटक विश्वकप उपाधि दिलाउने लक्ष्यमा छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com